वर्ष २० | अंक ६२ | काठमाडौं | बिहीवार, ६ मङ्सिर २०८१ | Thursday, 21 November 2024 | पृष्ठ ८+४ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

नेशनल लाईफको 'मिट द सीईओ' कार्यक्रम ३
किन फैलिँदै छ, लघुवित्तमा वित्तीय अपराध ४
हवाई भाडादर बुझाउन अन्तरराष्ट्रिय एयरलाइन्स कम्पनीलाई निर्देशन ५
अन्तरदेशीय उडानको पर्खाइमा पोखरा विमानस्थल १२



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

भैरहवा र सिमरा विशेष आर्थिक क्षेत्र

# अधिकांश प्लटमा उद्योग सञ्चालन गर्न सम्झौता

**हिमा वि.क**

काठमाडौं

मुलुकको पहिलो भैरहवा विशेष आर्थिक क्षेत्र (सेज) उद्घाटन भएको झन्डै १ दशकपछि पहिलोपटक पूर्ण क्षमतामा सञ्चालन हुने देखिएको छ । यो सेजको उद्घाटन नै २०७१ र २०७३ मा गरी दुईपटक गरिएको थियो ।

६८ प्लट रहेको भैरहवा सेजमा अहिले १० ओटा उद्योगले २५ ओटा प्लट (जग्गा) उपयोग गरेर उत्पादन गरिसकेका छन् ।

विशेष आर्थिक क्षेत्र प्राधिकरणले भैरहवा सेजका बाँकी प्लटमा उद्योग सञ्चालन गर्न सम्बद्ध उद्योगी/व्यवसायीलाई अनुमति दिने र सम्झौता गर्ने काम सम्पन्न गरेसँगै यो सेज पूर्ण क्षमतामा सञ्चालनमा आउने भएको छ । प्राधिकरणका निमित्त कार्यकारी निर्देशक तुल्सीराम मरासिनीले भैरहवा सेजमा अहिले दुईओटा उद्योग निर्माणाधीन अवस्थामा रहेको बताए ।

सोही सेजमा उद्योग स्थापना तथा सञ्चालनका लागि आठ उद्योगसँग सम्झौता भइसकेको उनको भनाइ छ । यस्तै ६ उद्योगले बाँकी रहेका सबै प्लट लिन अनुमति पाइसकेका छन् । 'यी उद्योगले बाँकी रहेका प्लट उपयोग गर्ने र त्यसका लागि प्रक्रिया अघि बढेको हो,' मरासिनीले भने, 'अहिले भैरहवा सेजका प्लटहरू खाली छैनन् । भैरहवा सेजमा जान मुलुकका चर्चित तयारी पोशाक उत्पादकहरूको पनि उत्तिकै चासो बढेको छ ।'

सिमरा सेजका प्लटहरू पनि लगभग भरिने अवस्थामा छन् । सिमरा सेजमा ६९ प्लट छन् । त्यसमध्ये एउटा प्रशासनिक कार्यका लागि सेजले नै प्रयोग गर्ने हो । त्यसबाहेक तीनओटा प्लट मात्रै खाली रहेको र अन्यमा सम्झौता, अनुमति दिइसकेको उनले बताए । सिमरा सेजमा अहिले दुईओटा उद्योग सञ्चालनमा छन् ।

२०८० माघमा उद्घाटन भएको सिमरा सेजको ब्लक 'ए'मा दुईओटा उद्योगले उत्पादन शुरू गरिसकेका छन् । बाँकी २ उद्योगले परीक्षण उत्पादन शुरू गरेका छन् । तिनीहरू घरायसी प्रयोजनका सामग्री उत्पादन गर्ने बाल्टा र सुपारीजन्य वस्तु उत्पादन गर्ने उद्योग हुन् ।




- भैरहवा सेजका सबै प्लट बुक, सिमराका ६९ प्लटमध्ये तीनओटा मात्रै खाली
- गोल्डस्टार जुत्ता उत्पादक किरण सुजले सम्झौताको म्याद थप्न दियो निवेदन
- उद्योगले उत्पादन शुरू गरेको मितिले ४ वर्षसम्म उत्पादनको कम्तीमा १५ प्रतिशत निर्यात गर्नुपर्ने
- त्यसपछिका वर्षमा उत्पादनको कम्तीमा ३० प्रतिशत वस्तु

सिमरा सेजमा पाँच उद्योग निर्माणाधीन छन् । सिमरा सेजमा उद्योग स्थापना तथा सञ्चालनका लागि थप १४ ओटा उद्योगसँग सम्झौता भइसकेको प्राधिकरणले जानकारी दिएको छ । पाँचओटा उद्योगले प्लटमा अनुमति लिइसकेका छन् । यी उद्योगले सिमरा सेजमा रहेका ६५ ओटा प्लट प्रयोग गर्नेछन् भने बाँकी तीन प्लट अझै खाली रहेको मरासिनीले जानकारी दिए ।

सरकारले सेजहरूमा पुराना उद्योग पनि जान मिल्ने गरी विशेष आर्थिक क्षेत्र ऐन, २०७३ संशोधन गरेपछि अहिले पुराना स्थापित उद्योगहरूसमेत सेजमा जान थालेका छन् । तर, भारतमा जुत्ता निर्यात अन्योलग्रस्त बन्दा चर्चित ब्रान्ड गोल्डस्टार जुत्ता उत्पादक कम्पनी किरण सुज म्यानुफ्याक्चरर्स प्रालिले सम्झौताको म्याद थप्न भन्दै निवेदन दिएको छ ।

मुलुकमा अहिलेसम्म तयार भएका भैरहवा र सिमरा सेजमा उद्योग सञ्चालनका लागि प्राधिकरणले आवेदन माग्ने गर्छ । प्राधिकरणका अनुसार इच्छुक व्यवसायीले आवेदन दिएपछि प्राधिकरणले खाली रहेका प्लटमा उद्योग दर्ताका लागि अनुमति दिन्छ । त्यसपछि सम्झौता हुन्छ । सम्झौताको १ वर्षभित्रमा उद्योग लगाइसक्नुपर्छ । सम्झौता भए पनि कतिपय उद्योगहरू जाँदैनन् । खाली रहेका प्लटमा उद्योग लगाउन प्राधिकरणले २०८१ वैशाखमा आवेदन माग गरेको थियो । त्यसमा चौधरी ग्रूपले सिमरा सेजमा वाइवाइ चाउचाउ उत्पादनका लागि पाँचओटा प्लटमा उद्योग लगाउन सम्झौता गरेको थियो ।

प्राधिकरणका निमित्त कार्यकारी निर्देशक मरासिनीले दुवै सेजमा सम्झौता गरेका उद्योगीलाई शीघ्र उद्योग लगाउनसमेत आग्रह गरिएको बताए । पछिल्लो समय कानून, नीतिहरूमा सुधार गर्दा व्यवसायीहरू सेजमा आउन इच्छुक भएको पछिल्लो आवेदन र सम्झौताले देखाएको उनको भनाइ छ ।

विशेष आर्थिक क्षेत्र ऐन, २०७३ मा विशेष आर्थिक क्षेत्रमा स्थापना भएका उद्योगबाट हुने उत्पादनको कम्तीमा ६० प्रतिशत वस्तु वा सेवा निर्यात गर्नुपर्ने प्रावधान थियो । पछि यो संशोधन भएको छ । २०८१ मा 'लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐनले उक्त प्रावधान संशोधन गरेको हो । त्यसअनुसार सेजमा स्थापना भएको उद्योगले उत्पादन शुरू गरेको मितिले ४ वर्षसम्म उत्पादनको कम्तीमा १५ प्रतिशत र त्यसपछिका वर्षमा उत्पादनको कम्तीमा ३० प्रतिशत वस्तु तथा सेवा निर्यात गर्नुपर्ने व्यवस्था राखिएको छ । विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग सञ्चालनमा आएको मितिले १ वर्षभित्र त्यस्तो उद्योगबाट उत्पादित वस्तु वा सेवा नेपालको आन्तरिक बजारमा विक्री गर्न सक्ने प्रावधानलाई ३ वर्ष बनाइएको छ ।

» बाँकी पृष्ठ ५ मा

# सुनचाँदी आयातमा भन्सार महशुल तत्काल नघट्ने

**विजय दमासे**

काठमाडौं

भारतले सुन आयातमा लाग्ने भन्सार महशुल घटाएपछि भारतबाट हुन सक्ने सुनको तस्करी रोक्न नेपालले पनि उक्त महशुल घटाउनुपर्ने व्यवसायीका माग भए पनि सरकारले तत्काल त्यसमा पुनर्विचार नहुने संकेत गरेको छ ।

नेपालमा उच्च भन्सार महशुलका कारण भारतबाट तस्करी बढ्ने तथा नेपालीले भारतबाटै गहना बनाएर ल्याउने जोखिम देखेका व्यवसायीले नेपालमा पनि महशुल घटाउनुपर्ने भन्दै पटकपटक अर्थमन्त्री गुहारेका थिए । हालको भन्सार महशुलका कारण अहिले नै ठूलो असर नदेखिएको भन्दै सरकार यसलाई पुनरवलोकन गर्ने हतारोमा नरहेको अर्थ मन्त्रालयका उच्च अधिकारीले आर्थिक अभियानलाई बताए ।



- भारतीय भन्सार महशुलको प्रभावबारे सूक्ष्म अध्ययन
- सुन आयातमा भारतमा ६ र नेपालमा २० प्रतिशत भन्सार
- अहिले नै त्यत्ति ठूलो असर गरिनसकेको सरकारको प्रारम्भिक निष्कर्ष
- भारतबाट गहना बनाएर ल्याउने प्रवृत्ति बढेको व्यवसायीको दाबी

ती अधिकारीका अनुसार अर्थ मन्त्रालयले भारतीय भन्सार दरको प्रभावबारे अध्ययनसमेत गरिरहेको छ । अध्ययनको प्रारम्भिक निष्कर्षअनुसार अहिले नै त्यति ठूलो असर परिसकेको छैन । त्यसैले अहिले नै महशुल पुनरवलोकन गर्न हतार नगरिएको अर्थ मन्त्रालयको भनाइ छ । 'भारतीय प्रभावको सूक्ष्म अध्ययन गरेर आवश्यक नीति आगामी बजेटबाट लिन्छौं,' मन्त्रालयका एक उच्च अधिकारीले आर्थिक अभियानसँग भने, 'अहिले नै हतार गरिँदैन ।'

भारतले गत साउनमा आर्थिक वर्ष (आव) २०२४/२५ का लागि ल्याएको बजेटमार्फत सुन आयातमा लाग्ने भन्सार महशुल दर १५ प्रतिशतबाट घटाएर ६ प्रतिशत कायम गरेको थियो ।

नेपाल सरकारले चाहिँ गत जेठ १५ गते चालू आव २०८१/८२ को बजेटसँगै जारी गरेको आर्थिक ऐनमार्फत सुन आयात गर्दा लाग्ने भन्सार महशुल १५ बाट बढाएर २० प्रतिशत पुऱ्याएको छ । अहिले नेपालमा सुन आयात गर्दा २० र चाँदी आयात गर्दा १५ प्रतिशत भन्सार महशुल लाग्छ ।

यसले खुला सीमाबाट अनधिकृत आयात बढ्ने जोखिम ह्वात्तै बढाएको सुनचाँदी व्यवसायी बताउँछन् ।

तर, अर्थ मन्त्रालयका ती अधिकारीले अहिले सीमाबाट हुने चोरीपैठारी नियन्त्रण गर्न गृह मन्त्रालयसँगको सहकार्यमा कडाइ गरिएको बताए । 'भारतमा सस्तो गरगहना भयो भन्दैमा तोकिएको भन्दा ठूलो परिमाणमा कसैले ल्याए जफत गरेर कारबाही गर्ने सरकारी नीति छ,' उनले भने ।

सुनचाँदी व्यवसायी भने भारतीय भन्सार महशुल कम भएका कारण नेपालको बजार प्रभावित भइसकेको बताउँछन् । नेपाल सुनचाँदी व्यवसायी महासंघका उपाध्यक्ष दियश शाक्य सरकारले समयअनुसार नीति पुनरवलोकन नगरेर व्यवसायलाई जोखिममा धकेलेको बताउँछन् ।

उनका अनुसार नेपाल र भारतबीच खुला सिमाना भएकाले दुई देशबीचको भन्सार दरबीच असन्तुलन हुँदा अवैध कारोबारले प्रोत्साहन पाइरहेको छ । 'नेपालमा हाल कायम रहेको भन्सार दर घटाई भारतीय बजारसँग नजिक हुने गरी व्यवस्था गर्न अर्थमन्त्रीसमक्ष माग गरियो तर पनि हाम्रा माग सुनिएन,' उनले भने, 'व्यवसायको सुरक्षा गर्न राज्य चुक्यो ।'

» बाँकी पृष्ठ ५ मा




डेंगीबाट बच्न
आफूवरिपरि भएका पानी जम्ने खाल्डाखुल्डी पुरौं !
शरीर ढाक्ने लुगा लगाऔं !
डेंगी संक्रमणबाट बचौं !!!












# बढीपहिरोले गर्दा विद्युत् निर्यात घट्यो

## चालू आर्थिक वर्षमा ३० अर्ब रुपैयाँको विद्युत् निर्यात गर्ने लक्ष्य प्रभावित हुने

**अभियान संवाददाता**

काठमाडौं

असोजमा आएको विनाशकारी बाढीपहिरोबाट धेरै जलविद्युत् आयोजना प्रभावित भएपछि यसको असर नेपालको विद्युत् निर्यातमा देखिएको छ ।

चालू आर्थिक वर्ष (आव) २०८१/८२ को पहिलो ४ महीनामा नेपाल विद्युत् प्राधिकरणले १२ अर्ब ७१ करोड ९४ लाख ५९ हजार रुपैयाँको विद्युत् भारत निर्यात गरेको छ । गत आवको सोही अवधिमा प्राधिकरणले १३ अर्ब २३ करोड ६७ लाख रुपैयाँको बिजुली भारत निर्यात गरेको थियो । बाढीपहिरोका कारण चालू आवमा ३० अर्ब रुपैयाँको विद्युत् भारतलाई बेच्ने लक्ष्य पनि प्राप्त नहुने स्थिति रहेको प्राधिकरणले बताएको छ । 'सञ्चालनमा रहेका जलविद्युत् आयोजनामध्ये सबैभन्दा ठूलो ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशीको संरचनामा पहिरोले क्षति पुऱ्याउँदा अहिले त्यहाँको विद्युत् उत्पादन बन्द छ । अन्य साना आयोजनामा पनि क्षति पुग्दा विद्युत् उत्पादन हुन सकेको छैन,' प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले भने, 'यसैले चालू आवमा राखिएको करीब ३० अर्ब रुपैयाँको विद्युत् निर्यात गर्ने लक्ष्यसमेत प्रभावित हुने देखिएको छ ।'

उनका अनुसार काबेली कोरिडोर प्रसारण लाइनलाई माईखोलामा आएको बाढीले क्षति पुऱ्याउँदा उक्त लाइनमा जोडिएका विभिन्न आयोजनाको करीब २०० मेगावाट विद्युत् उत्पादन बन्द भएको छ । त्यसैले असोज र कात्तिकको विद्युत् निर्यातसमेत प्रभावित भएको थियो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अध्ययनअनुसार उक्त बाढीपहिरोबाट ४६ अर्ब ६८ करोड रुपैयाँ बराबरको क्षति भएको छ । जलविद्युत् क्षेत्रमा मात्रै ३ अर्ब रुपैयाँभन्दा बढीको क्षति भएको छ ।

गत आवमा नेपालले १७ अर्ब ६ करोड रुपैयाँको बिजुली भारत निर्यात गरेको थियो । प्राधिकरणका अनुसार यतिबेला माथिल्लो तामाकोशीको पुनर्निर्माण धमाधम भइरहेको छ भने काबेली कोरिडोर प्रसारण लाइनको पुनर्निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेको छ । हिउँद शुरू भएसँगै नदी तथा खोलानालामा पानीको बहाव घट्ने भएकाले जलविद्युत् आयोजनाहरूको उत्पादन कम हुनेछ । उत्पादनले आन्तरिक मागमात्र धान्ने भएकाले अब विद्युत् निर्यात क्रमशः घट्दै जानेछ । हिउँदका केही महीनामा विद्युत् आयात गर्नुपर्ने प्राधिकरणको भनाइ छ ।

» बाँकी पृष्ठ ५ मा

### चार महीनामा भारततर्फको विद्युत् निर्यात

| महीना | परिमाण (युनिट) | आम्दानी | प्रतियुनिट औसत दर |
|---|---|---|---|
| साउन | ४९ करोड ५६ लाख ६ हजार | रू. ४ अर्ब १४ करोड ५० लाख ७७ हजार | रू. ८.३६ |
| भदौ | ५५ करोड ९४ लाख ४७ हजार | रू. ३ अर्ब ६७ करोड ८४ लाख ४८ हजार | रू. ६.५८ |
| असोज | ३७ करोड ९२ लाख ६३ हजार | रू. ३ अर्ब ६ करोड ५१ लाख ३९ हजार | रू. ८.०८ |
| कात्तिक | २३ करोड ३५ लाख ७६ हजार | रू. १ अर्ब ८३ करोड ७ लाख ९५ हजार | रू. ७.८४ |
| जम्मा | १ अर्ब ६६ करोड ७८ लाख ९२ हजार | रू. १२ अर्ब ७१ करोड ९४ लाख ५९ हजार | रू. ७.६३ |

*स्रोत : नेपाल विद्युत् प्राधिकरण*

# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

# सोल्टी होटल लिमिटेडको ५०औं वार्षिक साधारण सभा सम्बन्धी संक्षिप्त आर्थिक विवरण सहितको सूचना

## सोल्टी होटल लिमिटेडको ५०औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभाव,

मिति २०८१ कार्तिक १३ गते (२९ अक्टोबर २०२४) मंगलवारका दिन बसेको यस सोल्टी होटल लिमिटेड (कम्पनी) को सञ्चालक समितिको २५३औं बैठकको निर्णय अनुसार यस कम्पनीको ५०औं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा भौतिक तथा अभौतिक माध्यम अर्थात भर्चुअल भिडियो कन्फेरेन्स (Virtual Video Conference Medium) माध्यमबाट समेत उपस्थित हुनका लागि सबै शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सभा हुने मिति, समय र स्थानः
 मितिः २०८१ साल पौष ०४ गते तद्नुसार १९ डिसेम्बर २०२४, बिहिवारका दिन ।
 समयः बिहान ११:०० बजे ।
 स्थानः नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रज्ञा सम प्रेक्षालय, कमलादी, काठमाडौं ।

 कम्पनीको ५०औं वार्षिक साधारण सभा स्वयम वा रितपूर्वकको प्रतिनिधित्वद्वारा भौतिक उपस्थिति तथा अभौतिक माध्यम अर्थात भर्चुअल भिडियो कन्फेरेन्सको माध्यमबाट समेत सञ्चालन हुनेछ र शेयरधनी महानुभावहरु साधारण सभामा भर्चुअल भिडियो कन्फेरेन्स अनलाइन माध्यमबाट सहभागिताको लागि समेत अनुरोध गर्दै साधारण सभामा सोहि अनुसार भर्चुअल भिडियो कन्फेरेन्स माध्यमको समेत व्यवस्था गरिनेछ ।

२. छलफलका विषयहरुः
 (क) सामान्य प्रस्ताव
 १. आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
 २. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) का वार्षिक आर्थिक विवरणहरु **(Financial Statements)**, २०८१ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको एकिकृत आर्थिक विवरणहरु **(Consolidated Financial Statements)** उपर छलफल गरी पारित गर्ने ।
 ३. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को नाफाबाट कम्पनीका शेयरधनीहरुलाई लिन मञ्जुर तथा चुक्ता पूँजीको २६.८४२१०५२६ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
 ४. कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/०८२ (२०२४/२५) को लागि कम्पनीको बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
 (ख) विशेष प्रस्ताव
 ५. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई १० प्रतिशतका दरले अर्थात कम्पनीको प्रत्येक १० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने र सोहि अनुसार लिन मञ्जुर तथा चुक्ता पूँजीलाई बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।
 ६. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको शेयर पुंजी बृद्धि गर्ने विशेष प्रस्तावलाई स्विकृत गरी पारित गर्ने ।
 (क) कम्पनीको अधिकृत पूंजी रु. १,५०,००,००,००० (अक्षेरेपी एक अर्ब पचास करोड मात्र) प्रति शेयर रु. १०/- का दरको १५,००,००,००० थान साधारण शेयरबाट बृद्धि गरी रु. २,००,००,००,००० (अक्षेरेपी दुई अर्ब मात्र) प्रति शेयर रु. १०/- का दरको २०,००,००,००० थान साधारण शेयर पुर्याउने ।
 (ख) कम्पनीको जारी पूंजी रु. १,००,००,००,००० (अक्षेरेपी एक अर्ब मात्र) प्रति शेयर रु. १०/- का दरको १०,००,००,००० थान साधारण शेयरबाट बृद्धि गरी रु. १,५०,००,००,००० (अक्षेरेपी एक अर्ब पचास करोड मात्र) प्रति शेयर रु. १०/- का दरको १५,००,००,००० थान साधारण शेयर पुर्याउने ।
 ७. कम्पनीको संचालक समितिबाट शेयर पूंजी बृद्धि गर्ने विशेष प्रस्ताव भए बमोजिम कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्न विशेष प्रस्ताव पारित गर्ने तथा यस सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य नियमनकारी निकायबाट कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन, परिमार्जन वा समायोजन गर्न आवश्यक भएमा सोका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने ।
 (ग) विविध
 ८. विविधः अध्यक्षको अनुमति अनुसार ।

संचालक समितिको आज्ञाले
(लिलबहादुर खत्री)
कम्पनी सचिव

संलग्न कागजातहरुः
१. ५०औं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी, प्रतिनिधि नियुक्त गर्ने र निवेदन फाराम ।
२. आर्थिक वर्ष २०८०/८१ को कम्पनी ऐनको दफा ८४ अनुसारको लेखापरीक्षकको प्रतिवेदन र एकिकृत आर्थिक विवरणहरु सहितका संक्षिप्त बार्षिक आर्थिक विवरणहरु, संचालक समितिको संक्षिप्त प्रतिवेदन ।

## ५०औं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी

१) कम्पनीको ५०औं वार्षिक साधारण सभाको बैठक २०८१ साल पौष ०४ गते तद्नुसार १९ डिसेम्बर २०२४, बिहिबारका दिन बिहान ११:०० बजे नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रज्ञा सम प्रेक्षालय, कमलादी, काठमाडौंमा बस्नेछ ।
२) कम्पनीको ५०औं वार्षिक साधारण सभा स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा भौतिक उपस्थिति तथा अभौतिक माध्यम अर्थात भर्चुअल भिडियो कन्फेरेन्सको माध्यमबाट समेत सञ्चालन गरिनेछ । कम्पनीको ५०औं वार्षिक साधारण सभाको बैठकमा भर्चुअल भिडियो कन्फेरेन्स माध्यमबाट शेयरधनीहरुको सहभागिताको लागि जसले पहिला दर्ता गर्दछ वा पहिलो भर्चुअल सहभागी हुन जानकारी गराउँछ उसले सेवा पाउँछको आधारमा **(First come First served basis)** भर्चुअल भिडियो कन्फेरेन्सको **Video conference** लिंक **(link)** शेयरधनीहरुको आधिकारिक ईमेल आईडीमा उपलब्ध गराइनेछ । साथै भिडियो कन्फेरेन्सिंग (भर्चुअल) मार्फत ५०औं वार्षिक साधारण सभामा भाग लिने शेयरधनीहरुको भर्चुअल सहभागितालाई कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिमको गणपूरक संख्या गणना गर्दा उपस्थितिमा समावेश गरी गणना गरिनेछ ।
३) कम्पनीको ५०औं वार्षिक साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेज दर्ता किताब बिहिबार, २०८१ मंसिर १३ गते (२८ नोभेम्बर २०२४) देखि, बिहिबार, २०८१ पौष ०४ (१९ डिसेम्बर २०२४) गते सम्म अर्थात ५०औं साधारण सभा सम्पन्न नभए सम्म जम्मा २२ दिनको लागि बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१ मंसिर १२ गते (२७ नोभेम्बर २०२४) सम्म नियमानुसार कारोवार भई यस कम्पनीको शेयर रजिष्ट्रार एन आई एम बि एस क्यापिटल लिमिटेडमा शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।
४) भर्चुअल भिडियो कन्फेरेन्स माध्यमबाट सहभागि हुनु हुने शेयरधनी महानुभावहरुलाई ५०औं बार्षिक साधारण सभा स्थलमा उपस्थित भए सरह मान्यता दिइनेछ । भर्चुअल भिडियो कन्फेरेन्स माध्यमबाट सहभागि हुनु हुने शेयरधनीहरुको हाजिर निजहरुले गरेको भर्चुअल लगईन **(Virtual Log-in)** को आधारमा गरिनेछ । शेयरधनीहरुलाई सहभागिताको लागि भर्चुअल भिडियो कन्फेरेन्सको **Video Conference** लिंक **(link)** शेयरधनीहरुको आधिकारिक ईमेल आईडीमा कम्पनीको ईमेल **legal@soaltee.com.np** बाट पठाउने व्यवस्था गरिनेछ ।
५) कम्पनीको ५०औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना सहितको संक्षिप्त आर्थिक विवरण २०८०/८१ कम्पनीका शेयरधनी महानुभावहरुको जानकारीकालागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुका साथै शेयरधनीहरुको लगतमा कायम रहेको ईमेल ठेगानामा समेत संप्रेषित गरिने छ । शेयरधनी महानुभावहरुले ५०औं वार्षिक साधारण सभाको सूचना र वित्तीय विवरणहरु सहितको ५०औं वार्षिक प्रतिवेदन २०८०/८१ कम्पनीको वेबसाईट **Website: http://www.soalteehotel.com** मा समेत हेर्न सकिनेछ ।
६) छलफलको विषय अन्तर्गत विविध शिर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा ७ दिन अगावै अर्थात २०८१ मंसिर २७ (१२ डिसेम्बर २०२४) गते बिहिबार सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी अध्यक्षलाई लिखित जानकारी दिनुपर्नेछ । तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा भने समावेश गरिनेछैन ।
७) साधारण सभामा भाग लिनको लागि कम्पनीको कायम अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो प्रतिनिधि नियुक्ती पत्र, सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, ताहाचल, काठमाडौंमा दर्ता गरी सक्नु पर्नेछ । प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वयं सभामा उपस्थित भएमा आफूले नियुक्त गरेको प्रतिनिधि रद्द गरेपछि मात्र निज स्वयंले सभामा भाग लिन र मतदान गर्न पाउनेछ । संगठित संस्थाको प्रतिनिधि पत्रमा सम्बन्धित संस्थाको छाप सहित आधिकारिक व्यक्तिले दस्तखत गरेको हुनुपर्दछ ।
८) शेयरधनी महानुभावहरुले सभामा आउँदा शेयर प्रमाण पत्र वा डिम्याट हितग्राही खाताको विवरण (डिम्याट एकाउण्ट नम्बर) सहित आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको नेपाल सरकारबाट जारी प्रमाण पत्र) अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्नेछ र सभा स्थलमा रहेको शेयरधनी उपस्थिति पुस्तिकामा दस्तखत गरेपछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न दिईनेछ । तोकिएको सभा हुने समय भन्दा आधा घण्टा अगावै सभा कक्षमा उपस्थित भईदिनुहुन सबै शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ । शेयरधनी उपस्थिति पुस्तिका, शेयरधनीहरुको हाजिरी दस्तखतका लागि बिहान ९:०० बजे देखि सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।
९) सभाको सुरक्षा व्यवस्थालाई ध्यानमा राखी सभा स्थलमा खटिएका सुरक्षाकर्मीहरुलाई आवश्यक सहयोग पुर्याउन अनुरोध गरिन्छ । शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा कुनै किसिमका झोला, ब्याग, प्याकेट आदि जस्ता बस्तुहरु ल्याउन पाइने छैन ।
१०) शेयरधनीहरुलाई कम्पनीको ५०औं बार्षिक साधारण सभा सम्बन्धी थप अन्य जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय सोल्टी होटेल परिसर, ताहाचल, काठमाडौंमा आईतबार देखि शुक्रबार सम्म बिहान १०:०० बजे देखि अपरान्ह ४:०० बजे सम्म (दिउँसो १:०० बजेदेखि २:०० बजे बाहेक) सम्पर्क राख्न सक्नु हुनेछ ।
११) शेयरधनीहरुलाई कम्पनीको ५०औं बार्षिक साधारण सभा सम्बन्धी थप अन्य जानकारी कम्पनीको शेयर रजिष्ट्रार एन आई एम बि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा समेत सम्पर्क राख्न सक्नु हुनेछ ।

**भिडियो कन्फेरेन्सिङ्ग भर्चुअल (जुम) प्रविधिको प्रयोगको माध्यमबाट कम्पनीको ५०औं वार्षिक साधारण सभाको बैठकमा भर्चुअल उपस्थित भई भाग लिनको लागि शेयरधनी महानुभावहरुले अपनाउनु पर्ने विशेष बिधिहरुको सम्बन्धमा जानकारी सम्बन्धी सूचना :**

१) सहभागी हुने शेयरधनीलाई जुम प्रविधि **(ZOOM Applications)** को प्रयोग मार्फत भिडियो कन्फेरेन्सिङ्ग (भर्चुअल) माध्यमबाट कम्पनीको रजिष्टर्ड कार्यालय, सोल्टी होटेल परिसर, ताहाचल, काठमाडौंमा हुने ५०औं वार्षिक साधारण सभाको बैठकमा उपस्थित हुनका लागि बैठकमा भाग लिने सबै शेयरधनी महानुभावहरुले अग्रीम रुपमा कम्तीमा एक दिन अगाडी शेयरधनीहरुको कम्पनीमा उपलब्ध/शेयरधनी दर्ता किताबमा रहेको/प्राप्त हुन आएको सम्बन्धित आधिकारिक ईमेल आईडीमा कम्पनीबाट प्रदान गरिएको लिंक मार्फत अग्रिम नाम रजिष्ट्रेसन गरी कन्फर्मेशन लिनु पर्नेछ । रजिष्ट्रेसन भएपछि सहभागी हुने शेयरधनीहरुले कम्पनीको सिस्टम सपोर्टबाट एक कन्फर्मेशन (पुष्टिकरण) ईमेल प्राप्त गर्नुहुनेछ जसमा बैठकमा सामेल हुने सम्वन्धी जानकारी सहित बैठकमा भर्चुअल उपस्थित हुने लिंक समावेश हुनेछ ।
२) बैठकमा भर्चुअल उपस्थित भई आफ्नो मन्तब्य राख्न चाहनुहुने शेयरधनी महानुभावहरुले कम्तीमा दुई दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक ईमेल आईडी **legal@soaltee.com.np** माध्यमबाट सम्पर्क गरी आफ्नो नाम टिपाउँदा शेयरधनीको नाम, शेयरधनी संकेत नम्बर वा डिम्याटको **BOID** नम्बर, धारण गरेको शेयर संख्या, शेयरधनीको ईमेल, मोबाइल नम्बर कम्पनीलाई उपलब्ध गराउनु हुन अनुरोधछ ।
३) कम्पनीको ५०औं वार्षिक साधारण सभाको बैठकमा भर्चुअल सहभागीता समेतबाट संचालन हुने भएकाले प्रविधिको सिमितता, समयको पावन्दी, उपलब्धता र इन्टरनेटको रोकावट जस्ता प्राविधिक कठिनाईलाई मध्येनजर राखी आफ्नो मन्तब्य राखी दिनुहुन समेत शेयरधनी महानुभावहरु समक्ष हार्दिक अनुरोध छ ।
४) कम्पनीको ५०औं वार्षिक साधारण सभाको बैठकको भर्चुअल सहभागीता प्राविधिक रुपमा राम्रो अनुभव गर्नका लागि शेयरधनी महानुभावहरुलाई ल्यापटप मार्फत बैठकमा सहभागी हुन प्रोत्साहित गर्दछौं ।
५) मोबाइल उपकरण वा ट्याब्लेटबाट वा ल्यापटप मार्फत जडान हुने मोबाइल हटस्पट मार्फत सहभागी हुने शेयरधनी महानुभावहरुले आफ्नो नेटवर्कमा अस्थिरताको कारण अडियो र भिडियो प्रस्तुतिमा श्रब्य दृश्यको गुणस्तर विग्रन सक्ने हुँदा स्थिर वाइफाइ र **LAN connection** (ल्यान जडान) विधि प्रयोग गर्न सिफारिस गरिन्छ ।

## J. B. Rajbhandary & DiBins

CHARTERED ACCOUNTANTS

2nd Floor (North Wing), Sherpa Mall, Durbar Marg
Kathmandu, Nepal, P.O.Box: 23725
Tel: (01) 5347177, (01) 5344971
E-mail : info@jbrdibins.com.np
web : www.jbrdibins.com.np

**Independent Auditors' Report to the Shareholders of Soaltee Hotel Limited**

**Report on the Summarized Standalone & Consolidated Financial Statements**

**Opinion**

The accompanying summarized Standalone and Consolidated Financial Statements of Soaltee Hotel Limited and Group which comprise of the summarized Statement of Financial Position as at Ashad 31, 2081 (July 15, 2024), and the summarized Statement of Profit or Loss and Other Comprehensive Income and summarized Statement of Cash Flows attached thereto for the year ended at Ashad 31, 2081 (July 15, 2024).

In our opinion and to the best of our information and according to the explanations given to us, the aforesaid summarized Standalone and Consolidated Financial Statements are consistent, in all material aspects, with the audited financial statements, in accordance with the Nepal Financial Reporting Standards.

**Summarized Standalone and Consolidated Financial Statements**

The summarized Standalone and Consolidated financial statements do not contain all the disclosures required by the Nepal Financial Reporting Standards applied in the preparation of the audited Standalone and Consolidated financial statements of Soaltee Hotel Limited. Reading the Summarized Standalone and Consolidated Financial Statements and the auditors' report thereon, therefore, is not a substitute for reading the audited Standalone and Consolidated Financial Statements and auditor's report thereon.

**The Audited Standalone and Consolidated Financial Statements and Our Report thereon**

We expressed an unmodified audit opinion on the audited Standalone and Consolidated Financial Statements in our report dated 13th Kartik 2081 (29 October 2024). That report also includes:

Key Audit Matters are those matters that in, our professional judgment, were of most significance in our audit of the financial statements of the current period. We have considered Revenue Recognition and General Controls in IT Environment as Key Audit Matters in our report.

**Management's Responsibility**

Management is responsible for the preparation and presentation of the summarized Standalone and Consolidated Financial Statements in accordance with Nepal Financial Reporting Standards.

**Auditor's Responsibility**

Our responsibility is to express an opinion on whether the summarized Standalone and Consolidated Financial Statements are consistent, in all material respects, with the audited Standalone and Consolidated Financial Statements based on our procedures, which were conducted in accordance with "Nepal Standards on Auditing (NSA) 810: Engagements to Report on Summary Financial Statements".

J. B. Rajbhandary & DiBins, Kathmandu, Nepal, Chartered Accountants

Kathmandu
Date: 13th Kartik 2081 (29 October 2024)

CA Jitendra B. Rajbhandary
Senior Partner
J. B. Rajbhandary & DiBins
Chartered Accountants
UDIN: 241108CA00014BjDyF

(कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिम तयार पारिएको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु)

## सोल्टी होटल लिमिटेड

### आर्थिक वर्ष २०८०/८१ को संक्षिप्त वार्षिक आर्थिक विवरण

श्री शेयरधनी महानुभावहरु,

यस सोल्टी होटल लिमिटेड (कम्पनी) को समिक्षा आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) को नेपाल वित्तीय प्रतिवेदनमान **(Nepal Financial Reporting Standards - NFRS)** बमोजिम तयार गरी लेखापरिक्षण गरिएका संक्षिप्त वार्षिक आर्थिक विवरणहरु देहाय बमोजिम छन्ः–

### २०८१ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण (वासलात)
### ३१ आषाढ २०८१ (१५ जुलाई २०२४) सम्मको

रुपैयाँ

| विवरण | टिप्पणी | ३१.०३.२०८१ (१५.०७.२०२४) | ३१.०३.२०८० (१६.०७.२०२३) |
|---|---|---|---|
| सम्पत्ति | | | |
| गैर चालु सम्पत्ति | | | |
| सम्पत्ति, मेशिनरी र उपकरण | ३.१ | २,१९३,७५४,१७० | १,९०२,२९७,९८९ |
| अमूर्त सम्पत्ति | ३.२ | ४९,६१२ | ४२६,८५४ |
| लगानी योग्य सम्पत्ति | ३.३ | ८९,३८३,८२५ | ८७,१९७,४९५ |
| लगानी | ३.५ | २८१,२७६,१८८ | २७५,४८७,५६३ |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | २२,८९९,४९० | २३,३८९,४१४ |
| कुल गैर चालु सम्पत्ति | | २,५८७,३६३,२८५ | २,२८८,७९९,३१५ |
| चालु सम्पत्ति : | | | |
| जिन्सी मौज्दात | ३.७ | १३१,२३७,०१५ | १२२,२०३,५१९ |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | ३०७,९००,७३२ | ३२५,८४३,५०५ |
| अग्रिम भुक्तानी | | २२,९६८,७९४ | २१,३७९,७०४ |
| नगद र नगद सरह | ३.८ | १०१,९१५,३७१ | ६९,५४३,६९० |
| कुल चालु सम्पत्ति | | ५६४,०२१,९१२ | ५३८,९७०,४१८ |
| कुल सम्पत्ति | | ३,१५१,३८५,१९७ | २,८२७,७६९,७३३ |
| पूँजी तथा दायित्व | | | |
| पूँजी तथा जगेडा र मुनाफा | | | |
| शेयर पूँजी | ३.९ | ९२८,९५३,७०० | ८८४,७१५,०६० |
| संचित मुनाफा तथा जगेडा | ३.१० | १,४३७,८६२,२६४ | १,२२१,६९७,६७७ |
| कुल पूँजी | | २,३६६,८१५,९६४ | २,१०६,४१२,७३७ |
| दायित्व | | | |
| गैर चालु दायित्व | | | |
| ऋण तथा सापटी | ३.११ | ६,६३६,३०३ | ७,९३१,५७१ |
| कर्मचारी सुविधाहरु | ३.१२ | १२५,४१४,४७३ | १२५,६७४,२१२ |
| स्थगन कर दायित्व | ३.४ | ३४,१६९,८७७ | २४,३२८,४५८ |
| व्यापार तथा अन्य देय | ३.१४ | ९२,६७५,३९२ | ७७,६४६,०१९ |
| कुल गैर चालु दायित्व | | २५८,८९६,०४५ | २३५,५८०,२६० |
| चालु दायित्व | | | |
| ऋण तथा सापटी | ३.११ | १,३६०,२८९ | १,३०८,२०७ |
| कर्मचारी सुविधाहरु | ३.१२ | ८७,५९५,७५९ | ८१,७४१,३४० |
| आयकर देय | ३.१३ | ५,८२६,३२७ | १४,८८३,४८७ |
| व्यापार तथा अन्य देय | ३.१४ | ४३०,८९०,८१३ | ३८७,८४३,७०२ |
| कुल चालु दायित्व | | ५२५,६७३,१८८ | ४८५,७७६,७३६ |
| कुल दायित्व | | ७८४,५६९,२३३ | ७२१,३५६,९९६ |
| कुल पूँजी तथा दायित्व | | ३,१५१,३८५,१९७ | २,८२७,७६९,७३३ |

### २०८१ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) को नाफा वा नोक्सान विवरण तथा अन्य कम्प्रीहेन्सीब आय (नाफा नोक्सान हिसाब)
### (३१ आषाढ २०८१ (१५ जुलाई २०२४) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैयाँ

| विवरण | टिप्पणी | २०८०-८१ (२०२३-२४) | २०७९-८० (२०२२-२३) |
|---|---|---|---|
| संचालनबाट आम्दानी | ३.१५ | २,३९०,४४९,४११ | २,१५६,२१६,६२१ |
| अन्य आम्दानी | ३.१६ | १०७,९६९,०५६ | ९८,४०९,६४० |
| कुल आय | | २,४९८,४१८,४६७ | २,२५४,६२६,२६१ |
| खाद्य तथा पेय पदार्थको खपत | ३.१७ | ४०५,१५३,४७६ | ३८०,०८३,४०६ |
| कर्मचारी सुविधा खर्चहरु | ३.१८ | ५६३,३८३,७२८ | ५०२,३६८,१३१ |
| संचालन आपूर्ती खर्च | ३.१९ | ३०३,४६०,३६७ | २८५,३९९,८२३ |
| ह्रास तथा परिशोधन खर्च | ३.१/३.२/३.३ | १३७,५०३,२५५ | ११३,६४१,१७० |
| अन्य खर्च | ३.२० | ३३७,९६७,८८० | २७७,३४३,५६५ |
| कुल खर्च | | १,७४७,४६८,७०६ | १,५५८,८३६,०९५ |
| संचालनबाट मुनाफा | | ७५०,९४९,७६१ | ६९५,७९०,१६६ |
| वित्त लागत | | ३,६०२,८८० | ८,६६०,७३८ |
| कर अघिको मुनाफा | | ७४७,३४६,८८१ | ६८७,१२९,४२८ |
| आयकर | | १४७,३०४,४१८ | १३२,१४९,८३३ |
| चालु आयकर | | १३७,४६२,९९९ | १२४,६०८,११३ |
| स्थगन कर खर्च/(आम्दानी) | ३.४ | ९,८४१,४१९ | ७,५४१,७२० |
| निरन्तर संचालनबाट भएको मुनाफा | | ६००,०४२,४६३ | ५५४,९७९,५९५ |
| संचालन नभएको व्यवसायबाट भएको नाफा/(नोक्सान) (कर पश्चात) | | - | - |
| वर्षको खुद मुनाफा | | ६००,०४२,४६३ | ५५४,९७९,५९५ |
| अन्य कम्प्रीहेन्सीब आय | | | |
| शेयर पूँजीको **Fair Value** मा भएको परिवर्तन | | ५,७८८,६२५ | १,७०४,८२१ |
| कुल कम्प्रीहेन्सीब आय | | ६०५,८३१,०८८ | ५५६,६८४,४१६ |
| आधारभुत **(Basic)** प्रति शेयर आम्दानी रु. | ३.२१ | ६.४६ | ५.९७ |
| विलुप्त **(Diluted)** प्रति शेयर आम्दानी रु. | | ६.४६ | ५.९७ |

### २०८१ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) को नगद प्रवाह विवरण
### (३१ आषाढ २०८१ (१५ जुलाई २०२४) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैयाँ

| विवरण | २०८०-८१ (२०२३-२४) | २०७९-८० (२०२२-२३) |
|---|---|---|
| संचालन गतिविधिबाट नगद प्रवाह | | |
| वर्षको कर अघिको मुनाफा | ७४७,३४६,८८१ | ६८७,१२९,४२८ |
| समायोजनहरु | | |
| लाभांश आम्दानी | (२,७००,०००) | (१९,२७१,३४७) |
| सम्पत्ति, मेशिनरी र उपकरण निसर्गबाट (नाफा)/नोक्सान | (१७९,२८१) | (४,५०६,५०२) |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | (५०३,७७६) | (१४७,३९५) |
| व्यापार प्राप्यको लागि नोक्सानी व्यवस्था | ५,०००,००० | ५,०००,०६१ |
| बोनस व्यवस्था | ७४,७३४,६८८ | ६८,७१२,९४३ |
| सम्पत्ति, मेशिनरी, उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको ह्रास तथा परिशोधन | १३७,५०३,२५५ | ११३,६४१,१७० |
| वित्त लागत | ३,६०२,८८० | ८,६६०,७३८ |
| कार्यशील पूँजी परिवर्तन अघिको संचालन मुनाफा | ९६४,८०४,६४७ | ८५९,२१९,०९६ |
| व्यापार तथा अन्य प्राप्यमा भएको (वृद्धि)/कमी | १३,४३२,६९७ | (४४,२९७,१४३) |
| जिन्सी मौज्दातमा भएको (वृद्धि)/कमी | (९,०३३,४९६) | (३७,२५९,५५९) |
| अग्रिम भुक्तानीमा भएको (वृद्धि)/कमी | (१,५८९,०९०) | (६,९७३,८३४) |
| व्यापार तथा अन्य देयमा भएका वृद्धि/(कमी) | ५३,६७९,२४२ | (१२,४२५,११२) |
| कर्मचारी सुविधामा भएको वृद्धि/(कमी) | (४२७,०६५) | ४,४७९,८६४ |
| संचालन गतिविधिबाट नगद प्रवाह | १,०२०,८६६,९३५ | ७६२,७४३,३१२ |
| बोनस भुक्तानी | (६८,७१२,९४३) | (३१,५१७,१२५) |
| आयकर भुक्तानी | (२५६,८०२,९५७) | (७६,१८८,५५७) |
| संचालन गतिविधिबाट खुद नगद प्रवाह (क) | ६९५,३५१,०३५ | ६५५,०३७,६३० |
| लगानी गतिविधिको नगद प्रवाह | | |
| सम्पत्ति, मेशिनरी र उपकरणको विक्रीबाट प्राप्त | ४,६३८,५४० | ७,०८१,७७१ |
| सम्पत्ति, मेशिनरी र उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको खरिद | (४३५,२२७,७८३) | (४२१,७८०,४५८) |
| लगानीमा (वृद्धि)/कमी | - | १६,९०६,९२८ |
| लाभांश आम्दानी | २,७००,००० | १९,२७१,३४७ |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | ५०३,७७६ | १४७,३९५ |
| लगानी गतिविधिबाट भएको खुद नगद प्रवाह (ख) | (४२७,३८५,४६७) | (३७८,३७३,०१७) |
| वित्तीय गतिविधिको नगद प्रवाह | | |
| वित्त लागत | (३,६०२,८८०) | (८,६६०,७३८) |
| ऋण तथा सापटीको बृद्धि/(भुक्तानी) | (१,२४३,१८६) | (५३,७५१,८१७) |
| बोनस शेयरको खण्डित मूल्य नगद (भुक्तानी)/प्राप्ती | २,८८७ | ६,३४४ |
| खुद लाभांश भुक्तानी | (२३०,७५०,७०८) | (१७६,५७८,१२८) |
| वित्तिय गतिविधिबाट भएको खुद नगद प्रवाह (ग) | (२३५,५९३,८८७) | (२३८,९८४,३३९) |
| नगद र नगद सरहमा खुद वृद्धि (क+ख+ग) | ३२,३७१,६८१ | ३७,६८०,२७४ |
| वर्षारम्भमा नगद र नगद सरह | ६९,५४३,६९० | ३१,८६३,४१६ |
| वर्षान्तमा नगद र नगद सरह | १०१,९१५,३७१ | ६९,५४३,६९० |

### आर्थिक वर्ष २०८०/८१ को संक्षिप्त वार्षिक एकिकृत आर्थिक विवरण
### २०८१ आषाढ मसान्तको एकिकृत (Consolidated) वित्तीय स्थितिको विवरण (वासलात)
### ३१ आषाढ २०८१ (१५ जुलाई २०२४) सम्मको

रुपैयाँ

| विवरण | टिप्पणी | ३१.०३.२०८१ (१५.०७.२०२४) | ३१.०३.२०८० (१६.०७.२०२३) |
|---|---|---|---|
| सम्पत्ति | | | |
| गैर चालु सम्पत्ति : | | | |
| सम्पत्ति, मेशिनरी र उपकरण | ३.१ | २,१९३,७५४,१७० | १,९०२,२९७,९८९ |
| अमूर्त सम्पत्ति | ३.२ | ४९,६१२ | ४२६,८५४ |
| लगानी योग्य सम्पत्ति | ३.३ | ८९,३८३,८२५ | ८७,१९७,४९५ |
| लगानी | ३.५ | २८०,४७६,१८८ | २७४,६८७,५६३ |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | २२,८९९,४९० | २३,३८९,४१४ |
| कुल गैर चालु सम्पत्ति | | २,५८६,५६३,२८५ | २,२८७,९९९,३१५ |
| चालु सम्पत्ति : | | | |
| जिन्सी मौज्दात | ३.७ | १३१,२३७,०१५ | १२२,२०३,५१९ |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | ३१०,८९४,५७२ | ३२६,३३७,३४८ |
| अग्रिम भुक्तानी | | २२,९६८,७९४ | २१,३७९,७०४ |
| नगद र नगद सरह | ३.८ | १०४,२००,१६४ | ७२,५९६,९३५ |
| कुल चालु सम्पत्ति | | ५६९,३००,५४५ | ५४२,५१७,५०६ |
| कुल सम्पत्ति | | ३,१५५,८६३,८३० | २,८३०,५१६,८२१ |
| पूँजी तथा दायित्व | | | |
| पूँजी तथा जगेडा र मुनाफा | | | |
| शेयर पूँजी | ३.९ | ९२८,९५३,७०० | ८८४,७१५,०६० |
| संचित मुनाफा तथा जगेडा | ३.१० | १,४४२,६१३,०५२ | १,२२४,०४०,५११ |
| नियन्त्रकको कुल पूँजी | | २,३७१,५६६,७५२ | २,१०८,७५५,५७१ |
| नियन्त्रण नहुने स्वार्थ | ३.११ | - | - |
| कुल पूँजी | | २,३७१,५६६,७५२ | २,१०८,७५५,५७१ |
| दायित्व | | | |
| गैर चालु दायित्व : | | | |
| ऋण तथा सापटी | ३.१२ | ६,६३६,३०३ | ७,९३१,५७१ |
| कर्मचारी सुविधाहरु | ३.१३ | १२५,४१४,४७३ | १२५,६७४,२१२ |
| स्थगन कर दायित्व | ३.४ | ३४,१६९,८७७ | २४,३२८,४५८ |
| व्यापार तथा अन्य देय | ३.१५ | ९२,६७५,३९२ | ७७,६४६,०१९ |
| कुल गैर चालु दायित्व | | २५८,८९६,०४५ | २३५,५८०,२६० |
| चालु दायित्व : | | | |
| ऋण तथा सापटी | ३.१२ | १,३६०,२८९ | १,३०८,२०७ |
| कर्मचारी सुविधाहरु | ३.१३ | ८७,५९५,७५९ | ८१,७४१,३४० |
| आयकर देय | ३.१४ | ५,२०१,३१५ | १४,९७०,५१७ |
| व्यापार तथा अन्य देय | ३.१५ | ४३१,२४३,६७० | ३८८,१६०,९२६ |
| कुल चालु दायित्व | | ५२५,४०१,०३३ | ४८६,१८०,९९० |
| कुल दायित्व | | ७८४,२९७,०७८ | ७२१,७६१,२५० |
| कुल पूँजी तथा दायित्व | | ३,१५५,८६३,८३० | २,८३०,५१६,८२१ |

### २०८१ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) को एकिकृत (Consolidated) नाफा वा नोक्सान विवरण तथा अन्य कम्प्रीहेन्सीब आय (नाफा नोक्सान हिसाब)
### (३१ आषाढ २०८१ (१५ जुलाई २०२४) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैयाँ

| विवरण | टिप्पणी | २०८०-८१ (२०२३-२४) | २०७९-८० (२०२२-२३) |
|---|---|---|---|
| संचालनबाट आम्दानी | ३.१६ | २,३९०,४४९,४११ | २,१५६,२१६,६२१ |
| अन्य आम्दानी | ३.१७ | १११,२७९,२४३ | १००,४८४,४५८ |
| कुल आय | | २,५०१,७२८,६५४ | २,२५६,७०१,०७९ |
| खाद्य तथा पेय पदार्थको खपत | ३.१८ | ४०५,१५३,४७६ | ३८०,०८३,४०६ |
| कर्मचारी सुविधा खर्चहरु | ३.१९ | ५६३,३८३,७२८ | ५०२,३६८,१३१ |
| संचालन खर्च | ३.२० | ३०३,४६०,३६७ | २८५,३९९,८२३ |
| ह्रास तथा परिशोधन खर्च | ३.१/३.२/३.३ | १३७,५०३,२५५ | ११३,६४१,१७० |
| अन्य खर्च | ३.२१ | ३३८,०६३,९८९ | २७७,३९९,००१ |
| कुल खर्च | | १,७४७,५६४,८१५ | १,५५८,८९१,५३१ |
| संचालनबाट मुनाफा | | ७५४,१६३,८३९ | ६९७,८०९,५४८ |
| वित्त लागत | | ३,६०२,८८० | ८,६६०,७३८ |
| कर अघिको मुनाफा | | ७५०,५६०,९५९ | ६८९,१४८,८१० |
| आयकर | | १४८,११०,५४२ | १३२,६६२,२१५ |
| चालु आयकर | | १३८,२६९,१२३ | १२५,१२०,४९५ |
| स्थगन कर खर्च/(आम्दानी) | ३.४ | ९,८४१,४१९ | ७,५४१,७२० |
| वर्षको खुद मुनाफा | | ६०२,४५०,४१७ | ५५६,४८६,५९५ |
| अन्य कम्प्रीहेन्सीब आय | | | |
| शेयर पूँजीको **Fair Value** मा भएको परिवर्तन | | ५,७८८,६२५ | १,७०४,८२१ |
| कुल कम्प्रीहेन्सीब आय | | ६०८,२३९,०४२ | ५५८,१९१,४१६ |
| खुद मुनाफाको हिस्सा : | | | |
| नियन्त्रकको | | ६०२,४५०,४१७ | ५५६,४८६,५९५ |
| नियन्त्रण नहुने स्वार्थ | | - | - |
| अन्य कम्प्रीहेन्सीब आयको हिस्सा : | | | |
| नियन्त्रकको | | ५,७८८,६२५ | १,७०४,८२१ |
| नियन्त्रण नहुने स्वार्थ | | - | - |
| आधारभुत **(Basic)** प्रति शेयर आम्दानी रु. | ३.२२ | ६.४९ | ५.९९ |
| विलुप्त **(Diluted)** प्रति शेयर आम्दानी रु. | | ६.४९ | ५.९९ |

### २०८१ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) को एकिकृत (Consolidated) नगद प्रवाह विवरण
### (३१ आषाढ २०८१ (१५ जुलाई २०२४) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैयाँ

| विवरण | २०८०-८१ (२०२३-२४) | २०७९-८० (२०२२-२३) |
|---|---|---|
| संचालन गतिविधिबाट नगद प्रवाह | | |
| वर्षको कर अघिको मुनाफा | ७५०,५६०,९५९ | ६८९,१४८,८१० |
| समायोजनहरु : | | |
| लाभांश आम्दानी | (२,७००,०००) | (१९,२७१,३४७) |
| सम्पत्ति, मेशिनरी र उपकरण निसर्गबाट (नाफा)/नोक्सान | (१७९,२८१) | (४,५०६,५०२) |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | (५६३,६३२) | (१५६,३९०) |
| व्यापार प्राप्यको लागि नोक्सानी व्यवस्था | ५,०००,००० | ५,०००,०६१ |
| बोनस व्यवस्था | ७४,७३४,६८८ | ६८,७१२,९४३ |
| सम्पत्ति, मेशिनरी, उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको ह्रास तथा परिशोधन | १३७,५०३,२५५ | ११३,६४१,१७० |
| वित्त लागत | ३,६०२,८८० | ८,६६०,७३८ |
| कार्यशील पूँजी परिवर्तन अघिको संचालन मुनाफा | ९६७,९५८,८६९ | ८६१,२२९,४८३ |
| व्यापार तथा अन्य प्राप्यमा भएको (वृद्धि)/कमी | १०,९३२,७०० | (४३,७८३,५९२) |
| जिन्सी मौज्दातमा भएको (वृद्धि)/कमी | (९,०३३,४९६) | (३७,२५९,५५९) |
| अग्रिम भुक्तानीमा भएको (वृद्धि)/कमी | (१,५८९,०९०) | (६,९७३,८३४) |
| व्यापार तथा अन्य देयमा भएका वृद्धि/(कमी) | ५३,७१४,८७५ | (१२,२०९,५१३) |
| कर्मचारी सुविधामा भएको वृद्धि/(कमी) | (४२७,०६५) | ४,४७९,८६४ |
| संचालन गतिविधिबाट नगद प्रवाह | १,०२१,५५६,७९३ | ७६५,४८२,८४९ |
| बोनस भुक्तानी | (६८,७१२,९४३) | (३१,५१७,१२५) |
| आयकर भुक्तानी | (२५८,३२१,१२३) | (७६,२६६,६३४) |
| संचालन गतिविधिबाट खुद नगद प्रवाह (क) | ६९४,५२२,७२७ | ६५७,६९९,०९० |
| लगानी गतिविधिको नगद प्रवाह | | |
| सम्पत्ति, मेशिनरी र उपकरणको विक्रीबाट प्राप्त | ४,६३८,५४० | ७,०८१,७७१ |
| सम्पत्ति, मेशिनरी र उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको खरिद | (४३५,२२७,७८३) | (४२१,७८०,४५८) |
| लगानीमा (वृद्धि)/कमी | - | १२,३७४,८६४ |
| लाभांश आम्दानी | २,७००,००० | १९,२७१,३४७ |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | ५६३,६३२ | १५६,३९० |
| लगानी गतिविधिबाट भएको खुद नगद प्रवाह (ख) | (४२७,३२५,६११) | (३८२,८९६,०८६) |
| वित्तिय गतिविधिको नगद प्रवाह | | |
| वित्तिय लागत | (३,६०२,८८०) | (८,६६०,७३८) |
| ऋण तथा सापटीको वृद्धि/(भुक्तानी) | (१,२४३,१८६) | (५३,७५१,८१७) |
| बोनस शेयरको खण्डित मूल्य नगद (भुक्तानी)/प्राप्ती | २,८८७ | ६,३४४ |
| खुद लाभांश भुक्तानी | (२३०,७५०,७०८) | (१७६,५७८,१२८) |
| वित्तिय गतिविधिबाट भएको खुद नगद प्रवाह (ग) | (२३५,५९३,८८७) | (२३८,९८४,३३९) |
| नगद र नगद सरहमा खुद वृद्धि (क+ख+ग) | ३१,६०३,२२९ | ३५,८१८,६६५ |
| वर्षारम्भमा नगद र नगद सरह | ७२,५९६,९३५ | ३६,७७८,२७० |
| वर्षान्तमा नगद र नगद सरह | १०४,२००,१६४ | ७२,५९६,९३५ |

## सोल्टी होटल लिमिटेड
### संचालक समितिको संक्षिप्त प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

कम्पनीको ५०औं वार्षिक साधारण सभामा सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरुलाई स्वागत गर्न पाउँदा संचालक समिति अत्यन्तै हर्षित भएको छ । यहाँहरु समक्ष कम्पनीको ५०औं वार्षिक प्रतिवेदन तथा ३१ आषाढ २०८१ तदनुसार १५ जुलाई २०२४ मा अन्त्य भएको आर्थिक बर्षको लेखा परिक्षण गरिएका वित्तीय विवरणहरु प्रस्तुत गर्न पाउँदा हामी गौरवान्वीत भएका छौं । कम्पनीले बैधानिक प्रावधानका अनुपालनाहरुको परिपालना गर्दै नेपाल वित्तीय प्रतिवेदनमान **(Nepal Financial Reporting Standard, NFRS)** को मापदण्डको आधारमा कम्पनीका आर्थिक विवरणहरु तयार पारी प्रस्तुत गर्ने गरेको छ ।

**संक्षिप्त पर्यटन परिदृश्य तथा कारोबार संचालन गतिविधिहरुको समीक्षा**

संक्षेपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा वर्ष २०२४ मा पर्यटन तथा आतिथ्यसत्कार उद्योगले धेरै संकटपूर्ण आरोह अवरोहहरुको सामना गर्दै विविध महत्वपूर्ण अन्तर्राष्ट्रिय कारकहरुबाट प्रभावित रहयो । जसमा भूराजनीतिक तनावहरु, मुलतः पूर्वी युरोप र मध्य पूर्वमा विकसित तिक्तताले पर्यटक आगमन संख्यामा उतारचढाव निम्त्याई रहेको छ । एकै समयमा, विश्वव्यापी मुद्रास्फीतिले पर्यटकहरुको खर्च गर्ने शक्तिलाई असर गरिरहेको छ, जसले गर्दा धेरै पर्यटक यात्रुहरुले छोटो र अधिकाधिक बजेट मैत्री सस्ता पर्यटन गन्तव्यहरुमा पर्यटन भ्रमणका लागि गन्तव्य छनौट गर्ने गरेका छन् । तथापी विलासितायुक्त पर्यटन यात्राहरुको माग यथावत कायम रहने देखिन्छ तथा विलासितायुक्त खण्डका पर्यटन बजारहरु लोकप्रिय पनि रहेका छन् । नेपालमा वातावरणमैत्री पर्यटन तथा आतिथ्यसत्कार होटेलहरुमा बसाईको माग बढ्दो क्रममा रहेको छ, जसले गर्दा नेपालको आतिथ्यसत्कार क्षेत्रमा संलग्न होटलहरुलाई वातावरणमैत्री दिगोपन तर्फ आकर्षित गर्दै सोमा बढी ध्यान केन्द्रित गर्न उत्प्रेरित गरेको छ ।

क्षेत्रीय स्तरमा, सुधारिएका सुविधायुक्त यातायात लिंकहरु र सार्क र बिमस्टेक जस्ता पहलहरुले पर्यटकहरुलाई दक्षिण एशिया भित्र पर्यटन यात्रा गर्न सजिलो बनाउँदैछ । नेपाललाई सांस्कृतिक र साहसिक पर्यटनको हबको रुपमा स्थापित गर्नतर्फ पहल भई रहेकोछ । आतिथ्यसत्कारमा संलग्न होटेलहरुले स्थानीय व्यवस्थापक तथा वेलनेस अपरेटरहरुसँग मिलेर रोमान्चक अनुभवहरु प्रदान गर्नको लागि वेलनेस पर्यटनलाई समेत आकर्षक बनाई रहेको अवस्था रहेको छ । राष्ट्रिय स्तरमा, नेपाल सरकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नती तथा अद्यावधिक, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थाल र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा निर्माण गरी पर्यटन पूर्वाधारहरुमा ठूलो लगानी गरिरहेको छ, जुन बढ्दो पर्यटक यात्रु आगमन संख्यालाई सञ्चालन तथा व्यवस्थापन गर्नका लागि महत्वपूर्ण हुनेछ । सांस्कृतिक तथा चाडपर्वका लागि सरकारी सहयोग र सम्पदाको संरक्षणाका कारण धेरै पर्यटक आगमन हुन थालेपछि सांस्कृतिक पर्यटन फस्टाउँदै गएको छ । साथै, पर्यावरण-सचेत यात्रीहरुलाई आकर्षण गर्न वातावरणमैत्री दिगोपनका अभ्यासहरुमा जोड दिइएको छ । ग्रामीण पर्यटन पनि बढ्दै गएको छ, पर्यटक यात्रुहरुलाई कम पर्यटन भ्रमण तथा यात्रा गर्ने क्षेत्रहरु अन्वेषण गर्न प्रात्साहित गर्दैछ जबकि शहरका आतिथ्यसत्कारमा संलग्न होटेलहरुले प्याकेजहरु सिर्जना गर्दैछन् जसले शहरी र ग्रामीण अनुभवहरु संयोजन गर्दैछ ।

अन्त्यमा आतिथ्यसत्कार उद्योगले डिजिटल रुपान्तरणलाई अँगालेको छ, अनलाइन आरक्षणहरु तथा व्यक्तिगत विशिष्टीकृत सेवाहरुको साथै आतिथ्य रोमान्चक अनुभवहरु बढाउँदैछ, जसले पर्यटनको परिवर्तित परिदृश्यमा अनुकूलनता प्रदान गर्दै पर्यटन रणनीतिक योजनाको महत्वलाई विशिष्टता प्रदान गर्दछ ।

**संचालन गतिविधिबाट वित्तीय नतिजा**

आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) मा कम्पनीको कूल आम्दानी अघिल्लो आर्थिक वर्षको तुलनामा १०.८१ प्रतिशतले (अघिल्लो आर्थिक वर्ष ६४.६८ प्रतिशत) बढेको छ । समीक्षा आर्थिक वर्षको कुल आम्दानी रु. २,४९.८४ करोड (गत वर्ष रु. २,२५.४६ करोड) रहेकोछ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा लगभग रु. २४.३८ करोडले (अघिल्लो आर्थिक वर्ष ८८.५५ करोड) बढेकोछ । कम्पनीको अघिल्लो आर्थिक वर्षको ८०.०८ करोडको नगद मुनाफाको तुलनामा समीक्षा आर्थिक वर्षमा कम्पनीले रु. ८८.४९ करोड नगद मुनाफा आर्जन गर्न सफल भएकोछ । साथै, कम्पनीले अघिल्लो आर्थिक वर्षको रु. ५५.५० करोड खुद मुनाफाको तुलनामा समीक्षा आर्थिक वर्षमा कर पश्चात् ६०.०० करोड खुद मुनाफा आर्जन गर्न सफल भएकोछ ।

## कार्यप्रगतिको झलकः

**वित्तीय नतिजाहरु**

आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) मा कम्पनीले हासिल गरेको प्रमुख कार्य प्रगतिको तुलनात्मक संक्षिप्त वित्तीय तथ्यांकहरु देहाय बमोजिम रहेका छन्ः–

रुपैयाँ दश लाखमा

| विवरण | आर्थिक वर्ष | | वृद्धि/(कमी) | वृद्धि/(कमी) प्रतिशत |
|---|---|---|---|---|
| | २०८०/८१ | २०७९/८० | | |
| कुल आम्दानी | २,४९८.४२ | २,२५४.६३ | २४३.७९ | १०.८१% |
| कुल खर्चहरु | १,७४७.४७ | १,५५८.८४ | १८८.६३ | १२.१०% |
| संचालनबाट मुनाफा/(नोक्सानी) | ७५०.९५ | ६९५.७९ | ५५.१६ | ७.९३% |
| न्यून: वित्त लागत | ३.६० | ८.६६ | (५.०६) | (५८.४३%) |
| आयकर अघिको मुनाफा/(नोक्सानी) | ७४७.३५ | ६८७.१३ | ६०.२२ | ८.७६% |
| आयकर व्यवस्था | १३७.४६ | १२४.६१ | १२.८५ | १०.३१% |
| स्थगन कर खर्च/(आम्दानी) | ९.८४ | ७.५४ | २.३० | ३०.५०% |
| आयकर पछिको खुद मुनाफा/(नोक्सानी) | ६००.०४ | ५५४.९८ | ४५.०६ | ८.१२% |
| यस वर्ष खुद मुनाफा/(नोक्सानी) जगेडामा सारेको | ६००.०४ | ५५४.९८ | ४५.०६ | ८.१२% |

## संक्षिप्त वार्षिक आर्थिक विवरणमा अन्य उल्लेख गर्नुपर्ने कुराहरु :

१. कम्पनीको आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) को यो संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालकहरुको प्रतिवेदनको आधारमा तयार पारिएको छ ।
२. आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) मा कम्पनीले प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउन्टीङ्ग स्ट्यान्डर्ड) अनुरुप सबै वित्तीय प्रतिवेदनहरु नेपाल वित्तीय प्रतिवेदनमान **(Nepal Financial Reporting Standards - NFRS)** बमोजिम तयार गरी लेखापरिक्षण गरी कम्पनीका लेखापरिक्षकको प्रतिवेदन प्राप्त भए पश्चात् कम्पनीको अभिलेखमा रहेको पूर्णपाठ अनुसार यो संक्षिप्त आर्थिक विवरण तयार गरिएको छ र यस संक्षिप्त आर्थिक विवरणले सोको सही चित्रण गर्दछ ।
३. यो संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालकको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो ।
४. संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालकको प्रतिवेदन अनुरुप छ र सोको विवरण तोकिएको ढाँचा अनूकुल छ ।

निर्देशक वित्त | प्रमुख कर्पोरेट मामिला तथा कम्पनी सचिव | उपाध्यक्ष | संचालकहरु | कार्यकारी अध्यक्ष

मिति : २०८१ कार्तिक १३ गते (२९ अक्टोबर २०२४)
स्थान : काठमाण्डौं, नेपाल ।

लेखापरीक्षक
जे.बि. राजभण्डारी एण्ड डिबिन्स
चार्टर्ड एकाउण्टेण्टस्

## प्रतिनिधि नियुक्त गर्ने निवेदन

मितिः .........................

श्री सञ्चालक समिति
सोल्टी होटल लिमिटेड
ताहाचल, काठमाडौं ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,
................................ जिल्ला ............................... मा.न.पा./न.पा./गा.पा., वडा नं. .............. बस्ने म/हामी ............................................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०८१ साल पौष महिना ०४ गते तद्नुसार १९ डिसेम्बर २०२४, बिहिबारका दिन हुने ५०औं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि .................. जिल्ला ...................... मा.न.पा./उ.मा.न.पा./न.पा./गा.पा., वडा नं. ........ बस्ने त्यस कम्पनीका शेयरधनी श्री .......................................... शेयर प्रमाण पत्र नं./BOID No. ................................ लाई मेरो/हाम्रो प्रतिनिधि मनोनीत गरी पठाएको छु/छौं ।

निवेदकः

शेयरधनीको दस्तखतः
नामः .....................................................................
ठेगानाः ..................................................................
शेयर प्रमाणपत्र नं./BOID No. ......................................
भौतिक प्रमाणपत्र भएमा शेयरधनी संकेत नं. .........................
स्वामित्वमा रहेको जम्मा शेयर संख्या ..................................
मितिः ................................

द्रष्टब्यः यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

**संक्षिप्त वार्षिक आर्थिक प्रतिवेदन (२०८०-८१)**

**सोल्टी होटल लिमिटेड**
(कम्पनी दर्ता नं. प.लि. ९६/०३२)
रजिष्टर्ड कार्यालय
ताहाचल, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४२७३९९९/९७७-१-४६७३२९९
फ्याक्स नं. ९७७-१-४२७२२०१, मोबाईल नं. ९८०१०६७२१५
ईमेलः legal@soaltee.com.np



*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**काठमाडौंको इन्द्रचोकमा स्ट्रबेरी बिक्री गर्न बसेकी महिला ।**

# नेपाल टेलिकम एनपीएलमा सुदूरपश्चिम रोयल्सको प्रायोजक

काठमाडौं (अस) । आगामी मङ्सिर १५ गतेदेखि काठमाडौंमा आयोजना हुने 'नेपाल प्रिमियर लिग (एनपीएल)'को प्रथम संस्करणमा सहभागी टोली सुदूरपश्चिम रोयल्स र नेपाल टेलिकमबीच प्रायोजनसम्बन्धी सम्झौता भएको छ ।

नेपाल टेलिकम, केन्द्रीय कार्यालयमा मंगलवार सम्पन्न उक्त समझदारी अनुरूप एनपीएल प्रतियोगिता २०८१ मा सुदूरपश्चिम रोयल्स टिमको टेलिकम पार्टनरको रूपमा नेपाल टेलिकमले भूमिका निर्वाह गर्ने बताइएको छ । उक्त समझदारीपत्रमा टेलिकमका कम्पनीका प्रबन्ध निर्देशक संगीता पहाडी अर्याल तथा सुदूरपश्चिम रोयल्स टिमका प्रमुख कार्यकारी अधिकृत प्रकाश खड्काले हस्ताक्षर गरेका छन् ।



कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक पहाडी अर्यालले नेपालको खेलकुद क्षेत्रको बृहत्तर विकासका लागि नेपाल टेलिकमले सदैव योगदान दिँदै आएको र नेपाली क्रिकेटसँग पनि लामो समयदेखि जोडिइरहेको सन्दर्भ उल्लेख गर्दै सुदूरपश्चिम रोयल्समार्फत एनपीएल २०८१ मा जोडिन पाउँदा खुशी लागेको बताइन् ।

उनले एनपीएल २०८१ मार्फत नेपाली क्रिकेटले नयाँ उचाई प्राप्त गर्ने र यो प्रतियोगिता नेपाली खेलकुद विकासक्रमकै महत्त्वपूर्ण कोसेढुंगाको रूपमा स्थापित हुने बताउँदै सुदूरपश्चिम रोयल्स टिमलाई सहकार्यका लागि आभार प्रकट गरिन् ।

## महालक्ष्मी विकास बैंकको कार्यालय भवनको भूमि पूजा कार्यक्रम सम्पन्न

काठमाडौं (अस) । महालक्ष्मी विकास बैंकले काठमाडौंको काठमाडौं महानगरपालिका-३० स्थित आफ्नो कार्यालय भवन निर्माणका लागि भूमि पूजा कार्यक्रम गरिएको छ । सो भवन आगामी ९ महीनाभित्र निर्माण सम्पन्न गरिने बताइएको छ । र सरल सेवा प्रदान गरिने बताइएको छ ।

कार्यक्रममा बैंकका सञ्चालक समिति अध्यक्ष राजेश उपाध्यायबाट भूमि पूजन कार्यक्रम सम्पन्न थियो । सो कार्यक्रममा बैंक सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत लगायतका उच्च व्यवस्थापन समितिका पदाधिकारी र बैंकका कर्मचारीहरूको उपस्थिति थियो ।



नेपाली बैंकिङ क्षेत्र डिजिटल युगतर्फ अग्रसर भइरहेको सन्दर्भमा उक्त कार्यालय डिजिटल हबका रूपमा सञ्चालनमा ल्याइने बैंकको भनाइ छ । उक्त भवनमा अत्याधुनिक प्रविधिमैत्री शाखा रहने साथै कार्यप्रवाहलाई डिजिटल प्रविधिको अधिकतम उपयोग गरी थप प्रभावकारी बनाई सेवाग्राहीलाई आधुनिक, सहज

बैंकले ग्राहकलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ सुविधा उपलब्ध गराउने बैंकको नीति बमोजिम मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै 'महालक्ष्मी स्मार्ट साथी' सञ्चालनमा ल्याएको छ ।

## पतञ्जलि कृषि एवं पशुपक्षीजन्य सबैभन्दा बढी कर तिर्ने उद्योग



वीरगञ्ज (अस) । बारा-पर्सा कोरिडोरमा सञ्चालित पतञ्जलि आयुर्वेद प्रालि कृषि एवं पशुपक्षीजन्य उद्योगतर्फ सबैभन्दा बढी कर तिर्ने उद्योग बनेको छ । सरकारले कृषि एवं पशुपक्षीजन्य उद्योगतर्फ सबैभन्दा बढी कर तिरेको सो उद्योगलाई उत्कृष्ट करदाताको रूपमा सम्मानित गरेको हो ।

आर्थिक वर्ष २०७९/८० मा सबैभन्दा बढी कर तिरेको भन्दै उद्योगलाई आन्तरिक राजस्व विभागले हालै एक कार्यक्रमबीच सम्मान गरेको उद्योग व्यवस्थापनले जानकारी दिएको छ । अर्थतन्त्रमा कृषि क्षेत्रको योगदानसमेत अग्रस्थानमा रहेको अवस्थामा कृषि तथा पुशपक्षीजन्य उद्योगतर्फ सबैभन्दा बढी कर दाखिला गर्ने उद्योगको रूपमा देशको आर्थिक विकासको अंगको रूपमा सम्मानित हुन पाएकोमा उद्योग व्यवस्थापनले खुशी व्यक्त गरेको बताइएको छ ।

**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**

केन्द्रीय कार्यालयः
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com
शाखा कार्यालयः डिमुवा पर्वत, फोन नं.: ०६७-४१०१९९

### निक्षेप रकम उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

**सूचना प्रकाशित मितिः २०८१/०८/०६**

टेक वहादुर वस्नेतको छोरी रत्न वहादुर खत्रीको वुहारी तथा भिम वहादुर खत्रीको श्रीमती पर्वत जिल्ला तिलहार गा.वि.स. वडा नं. ९, हाल मोदी गाउँपालिका वडा नं. ०६ डिमुवा निवासी ना.प्र.प नं (४)९६ जि.प्र.का.पर्वत, जारी मिति २०४६।०२।०४ भएका यस वैंकका निक्षेप ग्राहक श्री सिता खत्रीको मिति २०८१।०६।२४ गतेको दिन मृत्यु भएको भनि मृत्यु दर्ताको प्रमाणपत्र र अन्य आवश्यक कागजात सहित निज सिता खत्रीको छोरा पर्वत जिल्ला तिलहार गा.वि.स. वडा नं. ९, हाल मोदी गाउँपालिका वडा नं. ०६ डिमुवा निवासी ना.प्र.प नं ५००४६ पर्वत, भएको वर्ष ३७ को नवराज खत्रीले यस बैंकमा रहेको खाता नं. ०९२१३५००२६९०६८००००१ र ०९२१४१००२६९०६८००००२ तथा मुद्धती खाता नं. ०९२१६८००२६९०६८०००१० मा रहेको रकम भुक्तानी पाउँ भनि निवेदन दिनु भएको हुदाँ उक्त निक्षेप रकममा निज निवेदक बाहेक अन्य कसैको हकदावी भएमा यस सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा प्रमाण सहित यस बैंकको शाखा कार्यालय डिमुवा पर्वतमा आफ्नो हकदावी पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र कसैको हकदावी पर्न नआएमा उक्त खातामा रहेको रकम नियमानुसार भूक्तानी गरिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

Karnali Province Government
Ministry of Industry, Tourism, Forest & Environment
Province Forest & Environment Directorate
**Division Forest Office Surkhet**
Birendranagar, Surkhet

### LETTER OF INTENT (LOI)

**First date of publication: - 21 November 2024 (2081/08/06)**

This is notify to all concerned bidders as per Section 27 (2) of Public Procurement Act, 2063 that it is our intention to award the contract published on Yugaahwan Rastriya Dainik dated 2081/06/11 to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion for the provision of Section 47 of Public Procurement Act, 2063.

| S.N. | Contract No. | Description Works | Name and Address of Bidder | Bid Price (With VAT & PS) Nrs. |
|---|---|---|---|---|
| 1 | DFO/Surkhet/Works/NCB-01/081/082 | Construction of Office Building | Shivaya Construction, Surkhet | 29,31,058.39 |
| 2 | DFO/Surkhet/Works/NCB-02/081/082 | Construction of Park at South Side of Chief Minister Resident (CM Park) | Sabda Construction and Suppliers, Surkhet | 29,11,375.46 |

# नेशनल लाईफको 'मिट द सीईओ' कार्यक्रम

काठमाडौं (अस) । नेशनल लाईफ इन्स्योरेन्स कम्पनीले मासिक स्किमअन्तर्गत तोकिएको लक्ष्य पूरा गर्ने अभिकर्तालाई कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सीईओ)सँग साक्षात्कारसहितको डिनर कार्यक्रम 'मिट द सीईओ' कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा कोशी प्रदेशका ५५ जना अभिकर्ता, विभागिय प्रमुख, प्रदेश प्रमुख एवं शाखा प्रमुखहरूको सहभागिता थियो । सो अवसरमा सीईओ सुरेश प्रसाद खत्रीले लक्ष्य पूरा गर्ने अभिकर्तालाई मायाको चिनो प्रदान गरेका थिए । साथै स्किममा व्यवस्था भए अनुरूप अर्ली क्वालिफायर विजेता र सर्टिफिकेट अफ एक्सिलेन्स प्राप्त गर्न सफल अभिकर्तालाई सम्मान गरिएको थियो ।



यो कार्यक्रम मधेश प्रदेश र गण्डकी प्रदेशमा सम्पन्न भइसकेको र छिट्टै नै अन्य प्रदेशमा पनि गरिने बताइएको छ । कार्यक्रममा सहभागी अभिकर्ताले सीईओ समक्ष बीमा व्यवसायमा भोगेका समस्या, गुनासा, कम्पनीले सुधार गर्नुपर्ने पक्षका बारेमा विस्तृत रूपमा जानकारी गराएका थिए । यस योजनाले अभिकर्ता र सीईओ दुवैलाई प्रत्यक्ष रूपमा जोडी अन्तरक्रिया गर्ने अवसर जुराउँदा अभिकर्ता तथा कम्पनी दुवै पक्षलाई हित हुने भएकोले यस प्रकारको योजना आगामी दिनमा पनि ल्याउनुपर्ने सुझाव सहभागीको थियो ।

## एभरेष्ट बैंक लिमिटेडको धितोमा रहेको अचल सम्पत्तिहरु लिलाम बिक्रीको लागि गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०८१/०८/०६)**

यस एभरेष्ट बैंक लि. को तपसिलका शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको विभिन्न ऋणकर्जा तथा बैकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रुपमा सूचना गरी ताकेता गर्दा र ऋणकर्जा चुक्ता भुक्तानी गर्न विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरुलाई सूचित गर्दा समेत कर्जा भुक्तानीमा कुनै चासो नदेखाएकोले उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्तिहरु तथा उक्त जग्गाहरुमा भएको निर्माणहरु समेत सम्पूर्ण जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्य प्रचलित कानुन बमोजिम तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र आव्हान गरी लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो **गोप्य शिलबन्दी बोलपत्र** आव्हानको सूचना प्रकाशित गरिएकोछ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सक्नुहुनेछ ।

**तपसिल**

**शाखा कार्यालयः मिर्चैया, सिराहा फोन नं.: ०३३-५५०८६६ ।**

| सि.नं. | ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेको नाम, थर ठेगाना | धितोमा रहेको सम्पतिको विवरण |
|---|---|---|---|
| १. | सुरत लाल साह सुडीको नाति, रामनरेश साह सुडीको छोरा सिराहा जिल्ला, मल्हनियाखोरि गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल सिराहा जिल्ला, मिचैया न.पा. वडा नं. ५ बस्ने वर्ष ४५ को (ना.प्र.नं. ७८५/४१६१०, जारी मिति २०५९/९/११, जि.प्र.का. सिराहा) **ललित कुमार महतो** । | १) रामनरेश साह सुडीकी बुहारी, विन्देश्वर महतो सुडीकी छोरी, ललित कुमार महतोकी पत्नी सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. २ बस्ने वर्ष ३१ की (ना.प्र.नं. १५-०१-७६-०७६५३, जारी मिति २०७६/०५/२९, जि.प्र.का. सिराहा) **नितु कुमारी महतो** । | १) सुरत लाल साह सुडीको नाति, रामनरेश साह सुडीको छोरा सिराहा जिल्ला, मल्हनियाखोरि गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल सिराहा जिल्ला, मिचैया न.पा. वडा नं. ५ बस्ने वर्ष ४५ को (ना.प्र.नं. ७८५/४१६१०, जारी मिति २०५९/९/११, जि.प्र.का. सिराहा) ललित कुमार महतोको नाममा रहेको सिरहा जिल्ला, मल्हनियाखोरी गा.वि.स. वडा नं. ४ स्थित **कित्ता नं. ३२७१** को क्षेत्रफल **०-३-१२-५.२५ (वि.क.धु.क)** को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु । |

**शाखा कार्यालयः विर्तामोड फोन नं.: ०२३-५३३८०५ ।**

| सि.नं. | ऋणीहरुको विवरण | व्यक्तिगत जमानी दिनेहरुको नाम, थर ठेगाना | धितोमा रहेको सम्पत्तिहरुको विवरण |
|---|---|---|---|
| १) | गंगा प्रसाद घिमीरेको नाति, देवी प्रसाद घिमीरेको छोरा झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल झापा जिल्ला, बिर्तामोड न. पा. वडा नं. ४ बस्ने वर्ष ४१ को (ना.प्र.नं. १८६०५६३४, जारी मिति २०५७/०४/१९, जि.प्र.का. झापा) **सन्जिव घिमिरे....१** र अग्नी प्रसाद वाँस्कोटाकी छोरी, गंगा प्रसाद घिमीरेकी बुहारी, देवी प्रसाद घिमीरेकी पत्नी झापा जिल्ला, गरामनी गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ४ बस्ने वर्ष ६२ की (ना.प्र.नं. ११८०१००९५५, जारी मिति २०४४/०६/०५, जि.प्र.का. झापा) **भुमा देवी घिमीरे....१** समेत जना दुई । | १) धरणीधर घिमीरेको नाति, गंगा प्रसाद घिमीरेको छोरा झापा जिल्ला, गरामनी गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ४ बस्ने वर्ष ६७ को (ना.प्र.नं. ११८०१००९५०, जारी मिति २०४४/०५/२३, जि.प्र.का. झापा) **देवी प्रसाद घिमीरे** ।<br>२) ध्रुवप्रसाद सुवेदीकी छोरी, देवी प्रसाद घिमीरेकी बुहारी, सन्जिव घिमिरेकी पत्नी झापा जिल्ला, घेराबारी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ४ बस्ने वर्ष ३६ की (ना.प्र.नं. ०३/१२३४, जारी मिति २०६२/०८/२१, जि.प्र.का. झापा) **संगीता सुवेदी** । | १) श्रीमती भुमा देवी घिमीरेको नाममा मालपोत कार्यालय भद्रपुर, झापामा एकलौटी दर्ता श्रेस्ता कायम भई हकभोगमा रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ४ स्थित **कित्ता नं. ९८** को क्षेत्रफल **२९६.२७ वर्गमीटर** को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु । |
| २) | कपिलमुनि गिरीको नाति, विश्वनाथ गिरीको छोरा झापा जिल्ला, मेचीनगर न.पा. वडा नं. ८ (हाल मेचीनगर न.पा. वडा नं. ५) स्थायी ठेगाना भएको वर्ष ४२ को (ना.प्र.नं. ६४३८३४४, जारी मिति २०५८/०१/१३, जि.प्र.का. झापा) **खडग प्रसाद गिरी....१** र शिव कुमार कार्कीकी छोरी, विश्वनाथ गिरीकी बुहारी, खडग प्रसाद गिरीकी पत्नी झापा जिल्ला, मेचीनगर न.पा. वडा नं. ५ स्थायी ठेगाना भएकी वर्ष ३१ की (ना.प्र.नं. ०४-१२-७४-००२१७, जारी मिति २०७४/०४/२६, जि.प्र.का. झापा) **रेखा गिरी कार्की....१** समेत जना दुई । | | १) खडग प्रसाद गिरीको नाममा मालपोत कार्यालय भद्रपुर, झापामा एकलौटी दर्ता श्रेस्ता कायम भई हकभोगमा रहेको झापा जिल्ला, नकलबन्दा गा.वि.स. वडा नं. ७ स्थित **कित्ता नं. २६७८** को क्षेत्रफल **०-६-८-० (वि-क-धु-क) वा २१६७.२२ वर्गमीटर** को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु । |

**शर्त बन्देजहरुः**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितीले **१५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१ साल मंसिर महिना २० गते** भित्र यस बैंकको **सम्बन्धित शाखा कार्यालयहरु** स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२) बोलपत्र निवेदनको ढाँचामा लेखी बोलपत्र वालाको हस्ताक्षर सहित खामबन्दी (लाह छाप) गरी बाहिर **(मिति २०८१ साल मंसिर महिना ६** गतेको **आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा** उल्लेख भए बमोजिमको घर/जग्गाको लागि इच्छुक बोलपत्र दाताले धितोमा रहेको सम्पत्तिहरु मध्ये जुन सम्पत्ति लिन चाहेको हो सो खुलाई अलग अलग बोलपत्र पेश गर्न सक्नुहुनेछ साथै बोलपत्रदाताले धितोमा रहेको सबै घर/जग्गा लगायत सम्पूर्ण अचल सम्पत्तिहरुको लागि एकमुष्ट बोलपत्र समेत पेश गर्न सक्नु हुनेछ ।
३) बोलपत्रमा आफुले कुन चाहिँ धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत बैंक ड्राफ्ट/गुडफर पेमेन्ट चेक/मेनेजर्स चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्नेछ । बैंक ड्राफ्ट/गुडफर पेमेन्ट चेक/मेनेजर्स चेक वाहेक अन्य कुनै किसिमका धरौट स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४) यो सूचना प्रकाशित भएको मितिले **१६ (सोह्रौं) दिन अर्थात मिति २०८१ साल मंसिर महिना २१ गते शुक्रबार** अपरान्ह **३:००** बजे देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा **सम्बन्धित शाखा कार्यालयहरु**मा बोलपत्र खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५) बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६) म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७) बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।
८) बोलपत्र स्विकृत भएमा सम्बन्धित बोलपत्र दाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्रमा प्रस्ताव गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नु पर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
९) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरू समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।
१०) लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको **सम्बन्धित शाखा कार्यालयहरु**को कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
११) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंकले उक्त सम्पत्तिको स्वामित्व आफ्नो नाममा सकार गरिलिन सक्नेछ ।
१२) गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१३) प्राप्त भएको गोप्य शिलबन्दी मार्फत सबैभन्दा बढी बोल अंक राखि गोप्य शिलबन्दी पेश गर्ने बोलपत्रदाताको प्रस्ताव आंशिक वा पूर्ण रूपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकसँग नै सुरक्षित रहनेछ ।
१४) बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरू रद्द गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ ।
१५) धितोबन्धक लेखिदिएको घरजग्गा लगायत चल/अचल सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित कानून तथा बैंकको ऋण असुली नीति बमोजिम असुल उपर गरिलिन थप कारवाही अघि बढाइनेछ ।
१६) धितोदिने तथा व्यक्तिगत जमानीदिने माथि उल्लेखित महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**पुनश्चः (धितो लेखिदिने तथा व्यक्तिगत धनजमानी दिनेहरुलाई सूचना) :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादै भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्तदिन स्वयम् उपस्थित भै लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा वा हाल बैंकबाट भएको मुल्याकंन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै तहांहरुबाट बैंकको कर्जा भुक्तानी नगरी धितो सम्पत्ति अन्य कोही कसैले सकार गरिलिएमा वा बैंक आफैले सकार गरेमा वा नगरेमा समेत यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र उक्तजग्गा तथा घर खाली गरी बैंकलाई हस्तान्तरण गर्नु हुन समेत सूचित गरिएको छ । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मूल्यांकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभई बाँकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य सम्पत्तिबाट असुलउपर गरिने व्यहोरा समेत यसै सूचनाबाट थप जानकारी गराइएको छ ।

**एभरेष्ट बैंक लिमिटेड**
**EVEREST BANK LIMITED**
(A joint-Venture with punjab national bank, India)

प्रधान कार्यालय
लाजिम्पाट, काठमाण्डौं
फोन नं.: ०१-४५४३३७७

दिगो, दरिलो र विश्वासिलो

सरकारका लागि कर भनेको जीवनदायिनी शक्ति हो। त्यसैले करदातालाई करबाट छुटकारा दिलाउन सकिँदैन।
**- अर्थर वन्डरबिल्ट**

सम्पादकीय

# कालोसूचीमा लचिलो नीति

**हालसम्म १० लाख रुपैयाँमुनिको कर्जा नतिर्ने ऋणी र चेक अनादर गर्ने व्यक्तिलाई कालोसूचीमा नै राख्दै आइएकामा कालोसूचीमा पर्नेको संख्या बढ्दै गएपछि नेपाल राष्ट्र बैंकले तिनका लागि डिफल्टरको छुट्टै सूची बनाउने व्यवस्था प्रस्ताव गरेको छ। कर्जा सूचना केन्द्रसम्बन्धी निर्देशनको मस्यौदा रायसुझावका लागि सार्वजनिक गर्दै केन्द्रीय बैंकले १० लाख रुपैयाँभन्दा कम कर्जा लिएका ऋणी खराब वर्गमा वर्गीकरण भएमा र कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले भुक्तानी दिन पर्याप्त मौज्दात नभई वा चेकमा गलत हस्ताक्षर गरी भुक्तानी नहुने चेक जारी गरेमा वा चेक अनादर भएमा डिफल्टर सूचीमा समावेश गर्ने व्यवस्था प्रस्ताव गरेको हो। सामान्य अपराध र ज्यादै ठूलो अपराधलाई एउटै वर्गमा राखी समान रूपमा कारबाहीको भागीदार बनाउन उपयुक्त नहुने हुँदा यो नयाँ व्यवस्था सकारात्मक देखिन्छ।**

**विद्यमान कानूनी व्यवस्थाअनुसार खातामा पैसा नभएको अवस्थामा चेक काटेकामा चेक अनादर हुन्छ। यस्तो गर्ने व्यक्तिलाई कर्जा सूचना केन्द्रले कालोसूचीमा राख्न सक्छ। यसका लागि सम्बद्ध बैंकले केन्द्रलाई चिठी लेख्नुपर्ने हुन्छ। त्यस्तै १० लाखभन्दा थोरै कर्जा लिएका ऋणीहरूले ऋणको साँवा तथा ब्याजको किस्ता तिर्न नसकेमा तिनलाई पनि कालोसूचीमा राख्ने गरिन्छ। कालोसूचीमा परेपछि उसले कुनै पनि बैंकिङ कारोबार गर्न पाउँदैन। यसको व्यक्तिगत खाता पनि रोक्का हुन्छ।**

**अर्बौं ऋण लिएर नतिर्ने व्यक्तिलाई पनि विद्यमान कानूनअनुसार हुने कारबाही एउटै हो। न्यायको सिद्धान्तअनुसार कसुरको मात्रा हेरेर कारबाही पनि फरकफरक हुनु उपयुक्त हुन्छ। त्यसैले राष्ट्र बैंकले सबैलाई कालोसूचीमा नराखी कसुरको मात्राअनुसार डिफल्टर र कालोसूची गरी दुई वर्गमा राख्ने प्रस्ताव गरेको हो।**

**कालोसूचीलाई खुकुलो बनाउँदा भुक्तानीमा समस्या नआओस् भन्नेमा ध्यान जानुपर्छ भने कडा गर्दा धेरैले अनावश्यक सास्ती खेप्न परिरहेको तथ्यलाई पनि बिर्सन हुँदैन।**

**नयाँ प्रस्तावअनुसार बैंक तथा वित्तीय संस्थाबाट १० लाख रुपैयाँभन्दा कमको कर्जा/सुविधा लिएका ऋणीको हकमा त्यस्तो कर्जा खराब वर्गमा वर्गीकरण भए डिफल्टरको सूचीमा पर्नेछन्। यसैगरी कुनै व्यक्ति फर्म, कम्पनी वा संगठित संस्थाले भुक्तानी दिन पर्याप्त मौज्दात नभई वा चेकमा गलत हस्ताक्षर गरी भुक्तानी नहुने चेक जारी गरेमा वा चेक लिने व्यक्तिले चेकमा उल्लिखित विवरण सही भएको यकीन गर्न सक्ने अवस्थामा बाहेक अन्य कुनै कारणले चेक अनादर भएमा पनि डिफल्टरको सूचीमा पर्ने भएका छन्। डिफल्टर सूचीमा समावेश व्यक्तिले बैंक, वित्तीय संस्थाबाट ऋण लिन नपाउने भए पनि बैंकिङ कारोबारमा रोक लगाउने प्रावधान भने छैन। यसैगरी निर्देशनको मस्यौदामा यसअघि कालोसूचीमा समावेश व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई कर्जा सूचना केन्द्रले अगामी ६० दिनभित्र कालोसूचीबाट हटाई डिफल्टर सूचीमा समावेश गरिसक्नुपर्ने प्रावधान छ।**

**१० लाख वा सोभन्दा बढीको कर्जा/सुविधा लिएका ऋणीको हकमा त्यस्तो कर्जा खराब वर्गमा वर्गीकरण भएमा कालोसूचीमा पर्नेछन्। नक्कली चेक, ड्राफ्ट, विदेशी मुद्रा, क्रेडिट/डेबिट कार्ड, बिल्स आदि कागजात तथा विद्युतीय उपकरण प्रयोग गरी रकम ठगी गरेमा वा ठगी गर्ने प्रयास गरेको विषयमा अदालतबाट कसुरदार ठहरिएमा पनि उक्त व्यक्ति कालोसूचीमा पर्नेछ।**

**खासगरी चेक अनादरको विषयलाई कालोसूचीबाट हटाउँदा पैसा नभएको चेक काट्ने र व्यवसायीलाई झुलाउने प्रवृत्ति बढ्न सक्छ। अर्थात् चेक बाउन्सका घटना बढी हुन सक्छन्। त्यसैले नयाँ प्रस्तावले पार्न सक्ने अन्य समस्याबारे पनि पर्याप्त ध्यान जानु आवश्यक छ। राष्ट्र बैंकले अहिले मस्यौदाका रूपमा सार्वजनिक गरेको र रायसुझाव मागसमेत गरेकाले परिवर्तित प्रस्तावबारे पर्याप्त छलफल हुन जरुरी छ। यसलाई खुकुलो बनाउँदा भुक्तानीमा समस्या नआओस् भन्नेमा ध्यान जानुपर्छ भने कडा गर्दा धेरैले अनावश्यक सास्ती खेप्न परिरहेको तथ्यलाई पनि बिर्सन हुँदैन।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## नेपाली जन्मनै डराए

राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क हेर्दा नेपाली पुरुषलाई बधाई दिए हुने भएको छ। किनभने सय महिलामा पुरुष भने केवल ९४ जनामात्रै रहेछन्। यसको मतलब बिहे गर्न चाहने हरेक वयस्क पुरुषका लागि कुरो मिलेमा बिहे गर्न भारतमा जस्तो महिला अपुग नहुने रहेछ।

दोस्रो, नेपालले भारततिर अरू केही निर्यात गर्न नसके पनि अब महिला निर्यात गर्नुपर्छ भन्ने उपबुज्रुक तर्क कसैले उठायो भने त्यो तर्कसङ्गत भएको प्रमाणित गर्न अब तथ्याङ्क उपलब्ध भयो। अहिले कोरिया तथा खाडी मुलुकमा समेत सरकारले नै नेपाली पुरुष तथा महिला निर्यात गरी नै रहेको छ। भारततर्फ पनि एक किसिमले यस्तो निर्यात भइरहेको छ। अब त्यसतर्फ पनि सरकारी तहमै लैजाने तयारी शुरू हुन सक्छ। यसले नेपाल भारत व्यापार घाटा कम गर्न ठूलै मद्दत पुग्ने तर्क पक्कै उठ्नेछ।

नेपालमा जातिहरूको संख्या पनि सयबाट बढेर १ सय २५ पुगेछ। त्यसैले अब सयौं थुङ्गा फूलका हामीको राष्ट्रिय गान फेरेर १ सय २५ फूलका हामी भनेर बनाउनु पर्ने भएछ। सबैभन्दा चाखलाग्दो कुरा त जनसंख्या वृद्धिदर घटेर १ दशमलव ३५ प्रतिशतमा आएको छ। यसको अर्थ जन्मदर पनि पक्कै घटेको छ।

**(तीतोमीठोबाट)**

**वर्ष ८, अंक ७२, शुक्रवार १४ मङ्सिर, २०६९**

# किन फैलिँदै छ, लघुवित्तमा वित्तीय अपराध

## के हुन सक्छ समाधानको उपाय



**लघुवित्त संस्थाहरूद्वारा लघुवित्त सेवा प्रवाह गर्न गठन गरिने समूह तथा केन्द्रमा लक्षित वर्गलाई मात्रै सदस्यता दिनुपर्नेमा आएजति सबैलाई सदस्यता दिन थालियो अनि लघुवित्त संस्थामा विकृति भित्रिन थाल्यो।**

**- जिताराम गौतम**

वित्तीय अपराध भन्नाले बैंकिङ तथा वित्तीय कारोबारमा हुने कानूनी रूपमा कसूरजन्य कार्य हो जसबाट बैंक तथा वित्तीय प्रणालीमा धेरै नराम्रो असर, प्रभाव र जोखिम हुन जान्छ। यसबाट वित्तीय विकास तथा समग्र अर्थतन्त्र नै प्रभावित हुन जान्छ। बैकिङ तथा वित्तीय प्रणालीप्रति विश्वसनीयता घट्न जान्छ। त्यसैले वित्तीय अपराध कानूनी रूपमा दण्डनीय हुन्छ।

वित्तीय अपराध नियन्त्रणको मुख्य कानून बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को परिच्छेद २ मा दफा ३ देखि १४ सम्म के कस्ता कार्य बैंकिङ कसुरअन्तर्गत पर्छन् भन्ने व्यवस्था गरेको छ। अनधिकृत रूपमा खाता खोल्ने, नक्कली कागजात पेश गरी खाता खोल्ने, खोलिदिने, अनधिकृत रूपमा रकम निकाल्ने वा भुक्तानी दिने, अनधिकृत रूपमा कर्जा लिने वा दिने, गलत, झूट्टा वा नरहे नभएको वित्तीय विवरण पेश गरी वा कृत्रिम व्यवसाय खडा गरी कर्जा लिने वा दिने, धितोको अस्वाभाविक रूपमा बढी मूल्याङ्कन गरी कर्जा लिने वा दिने, झूट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रूपमा बढाई बढी कर्जा लिने वा दिने, आफूलाई प्राप्त भएको अख्तियारी वा स्वीकृत सीमाभन्दा बाहिर गई कर्जा, सुविधा वा सहुलियत प्राप्त गर्ने वा उपलब्ध गराउने, एकपटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई सोही सुरक्षण अर्को बैंक वा वित्तीय संस्थामा राखी पुनः कर्जा लिने वा दिने कार्यहरू बैंकिङ कसुर तथा वित्तीय अपराध हुन्।

यस्तै गरी, नक्कली ऋणी खडा गरी त्यस्तो ऋणीमार्फत कर्जा लिने वा दिने कार्य गर्ने, कर्जा सुविधा उपलब्ध गराएबापत कुनै किसिमको अनुचित लाभ लिने वा दिने, बैंक वा वित्तीय संस्थाका संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियारप्राप्त व्यक्तिले आफूले समेत ऋण सुविधा उपभोग गर्ने मनसायले नक्कली ऋणी खडा गरी त्यस्तो ऋणको पूरै वा आंशिक रकमको भुक्तानी लिने वा दिने कार्य बैंकिङ कसुरमा पर्छन्।

बैंक वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियारप्राप्त व्यक्तिले आफ्नो वित्तीय स्वार्थ गाँसिएको कुनै व्यक्ति वा संस्थाको नाममा कुनै प्रकारको ऋण प्रवाह गर्ने, कर्जाको दुरुपयोग गर्ने, जुन प्रयोजनका लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्ने वा गराउने, बैंकिङ स्रोतसाधन र सम्पत्तिको दुरुपयोग गर्ने, निक्षेपकर्ता, बैंक वा वित्तीय संस्थाको हित प्रतिकूल हुने गरी बैंक वा वित्तीय संस्थाको सम्पत्ति खर्च गर्ने, गैरबैंकिङ सम्पत्तिलगायत बैंक वा वित्तीय संस्थाको अन्य सम्पत्ति लिलाम विक्री गर्दा वा अन्य कुनै कारोबार गर्दा कुनै आर्थिक अनियमितता गर्ने, ऋणीले रकम झिक्ने र सम्पत्ति प्राप्त गर्ने, कालो सूचीमा परेको ऋणीले आफूले तिर्नु पर्ने कर्जा नतिरी स्वदेश वा विदेशस्थित बैंक वा वित्तीय संस्थामा खाता खोली रकम राख्ने वा त्यस्तो खातालाई निरन्तरता दिने वा सञ्चालन गर्ने वा अन्य कुनै तरीकाले कुनै चल वा अचल सम्पत्ति खरीद गर्ने वा त्यस्तो सम्पत्तिउपर कुनै तरीकाले हकभोग प्राप्त गर्ने, कागजात वा खाता बही सच्याई किर्ते वा जालसाजी गरी हानिनोक्सानी पुऱ्याउने, बैंक तथा वित्तीय संस्थालाई झुक्याई काम कारोबार गर्ने बढी, कम वा गलत मूल्याङ्कन तथा वित्तीय विवरण तयार गर्ने, अनियमित आर्थिक तथा वित्तीय कारोबार गर्ने गराउने, ढुकुटीको कारोबार गर्ने, गैरकानूनी रूपमा बैंकिङ कारोबार गर्नेलगायत सबै कार्यहरू वित्तीय अपराधअन्तर्गत पर्छन्। वित्तीय अपराधविरुद्ध व्यक्ति वा संस्थाको जाहेरीमा नेपाल सरकारवादी भई मुद्दा चल्छ यानी कि यसको जिम्मेवारी सरकारले लिने गरेको छ।

महामारीपछिको आर्थिक मन्दी, बढ्दो गरीबी, बेरोजगारी, प्रविधिको दुरुपयोग साथै हरेक समस्यामा राजनीतीकरणको अभ्याससँग संरक्षण र कानूनी सुशासनको अभावले गर्दा वित्तीय अपराध बढ्दै गएको छ। आव २०७८/७९ मा ५४०१ को संख्यामा रहेको यस्तो अपराध आव २०८०।८१ मा १३२६४ पुगेको थियो भने आव २०८१/८२ को पहिलो त्रैमासमा नै १३२६२ घटना दर्ता भएको छ।

### लघुवित्तमा वित्तीय अपराध

सामाजिक, आर्थिक रूपमा पछाडि परेका विपन्न गरीब महिला तथा निमुखा वर्गलाई उत्थान गर्न भावनात्मक रूपमा अभिप्रेरित भई सञ्चालित लघुवित्त सेवामा वित्तीय अपराधका घटना बढ्न थालेका छन्। लघुवित्त सेवाका विरुद्धमा आन्दोलितहरू साँच्चिकै सेवाग्राही हुन् कि होइनन् ? लघुवित्त सेवाविरुद्धको आन्दोलनबाट को पीडित भए ? के आन्दोलनले विपन्न वर्गलाई फाइदा भयो ? पछिल्लो समयमा किन ह्वात्तै बढे कालोसूचीमा लघुवित्त ऋणी ? लघुवित्त सेवामा वित्तीय अपराध कसरी घटाउन सकिन्छ ? के लघुवित्त संस्थामा कर्जा असुली वृद्धि गर्न कालोसूची प्रभावकारी अस्त्र हुन सक्छ ? यी तमाम प्रश्न लघुवित्त सेवामा देखिएका छन्। आज यहाँ लघुवित्तमा वित्तीय अपराध किन बढ्यो र समाधान कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा छलफल पहिलो आवश्यकता भएको छ।

देशव्यापी रूपमा वृद्धि भएको आर्थिक अपराधबाट कुनै पनि वित्तीय क्षेत्र अछुतो रहेन। देशमा सबैभन्दा पहिला ठूला बैंक वित्तीय संस्थाका ग्राहक आन्दोलित भए। सरकारको लचिलो, दोधारे नीति र व्यवहारका कारण कानूनी उपचारको अभावमा समस्या समाधानविहीन अवस्थामा नै रह्यो। यसपछि स्थानीयस्तरमा सञ्चालित सहकारी संस्थाको उपयुक्त व्यवस्थापन निरीक्षण र नियन्त्रणको अभावसँगै सहकारीमा हुनुपर्ने स्वअनुशासन र स्वनियमनको अभावमा सहकारीमा देखिएको बेथितिको समस्या चुलिँदै गयो। सहकारीसँगै देशमा धेरै समुदायलाई सेवा पुऱ्याएको लघुवित्त सेवाक्षेत्रका ग्राहकबीचमा पनि आन्दोलनको बीजारोपण भयो। बैंकवित्तीय संस्था तथा सहकारीमा रहेको बचत कर्जा भुक्तानी नगर्ने, सञ्चालक, व्यवस्थापन, कर्मचारी र सेवाग्राही तथा सरोकारवालाहरूबाट वित्तीय सेवाको दुरुपयोग हुन थाल्यो। जसबाट वित्तीय अपराधको जालो निरन्तर बढ्दै गयो। दण्डहीनताको कारण वित्तीय अपराधीहरू उत्प्रेरित हुँदै गए।

लघुवित्त सेवाक्षेत्रमा वित्तीय अपराध वृद्धि भइरहेको कुराको पुष्टि कालोसूचीमा सूचीकृत हुने ऋणीको संख्यामा भएको वृद्धिले गर्छ। २०८० असार मसान्तमा ६७४ जना मात्रै लघुवित्त ऋणी कालोसूचीमा रहेको पाइन्छ भने २०८१ असार मसान्तमा ४११८ पुग्यो। २०८१ को मध्यकात्तिकसम्म ५४२७ पुगेको देखिन्छ। लघुवित्त संस्थाहरूको गुनासो एकाइ, स्थानीय निकाय, प्रहरी कार्यालय हुँदै अदालतहरूमा लघुवित्तसम्बन्धी गुनासा, विवाद, जाहेरी दरखास्त र उजुरी तथा बैंकिङ कसुरका अभियोगहरू ठूलो मात्रामा दर्ता भएको पाइन्छ। लघुवित्त सेवामा वित्तीय अपराध गरेकै कारण धेरै जना सरोकारवालाहरूले हाल बैंकिङ कसुरका मुद्दा खेपिरहेका छन्, कोही जेलमा छन्।

**बैंक वा वित्तीय संस्थाका संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियारप्राप्त व्यक्तिले आफूले समेत ऋणसुविधा उपभोग गर्ने मनसायले नक्कली ऋणी खडा गरी त्यस्तो ऋणको पूरै वा आंशिक रकमको भुक्तानी लिने वा दिने कार्य बैंकिङ कसुरमा पर्छन्।**

### कारण र समाधानका उपाय

लघुवित्तमा वित्तीय अपराध समस्याको चुरो कुरो के हो अर्थात् लघुवित्त संस्थामा वित्तीय अपराध वृद्धि हुनुका कारण र समाधानका उपायबारेमा यहाँ केही मन्थन गर्ने प्रयास गरिएको छ।

**उद्देश्यमा विचलन र अत्यधिक प्रतिस्पर्धाको वातावरण** : लघुवित्त सेवाक्षेत्रमा वित्तीय अपराध तथा बैंकिङ कसुर वृद्धि हुनुको मुख्य कारण लघुवित्त संस्थामा देखिएको उद्देश्य विचलन हो। लघुवित्त कार्यक्रम शुरूमा अनुदान सहयोगमा गरीबी निवारण गर्न वित्तीय सेवाको पहुँच वृद्धि गर्ने उद्देश्यले सञ्चालित थिए। अनुदान सहयोगमा मात्रै सञ्चालनमा रहँदा सेवा प्रवाहमा निरन्तरता हुन नसक्ने देखिएकाले यसको स्वसक्षमता जोड दिइयो। स्वसक्षमता प्राप्तसँगै केही नाफा पनि गर्न थाले। नेपाल राष्ट्र बैंक तथा नेपाल सरकारले यसलाई सामाजिक व्यवसाय र गैरसरकारी संस्थाको सट्टा पूर्ण व्यावसायिक वित्तीय कम्पनीको दायरामा ल्याएर सञ्चालनमा आउन बाध्य गरायो। त्यसपछि लघुवित्त संस्थाको स्थापना धेरै संख्यामा भयो। साथै अस्वस्थ र अत्यधिक प्रतिस्पर्धाको अवस्था सृजना भयो। फलस्वरूप लघुवित्त सेवामा विभिन्न किसिमका विकृति देखिए। तिनै विकृतिहरूले वित्तीय अपराधलाई प्रोत्साहन भयो।

गैरलक्षित वर्गको प्रवेश : लघुवित्त संस्थाहरूद्वारा लघुवित्त सेवा प्रवाह गर्न गठन गरिने समूह तथा केन्द्रमा लक्षित वर्गलाई मात्रै सदस्यता दिनुपर्नेमा आएजति सबैलाई सदस्यता दिन थालियो। लक्षित वर्गको पहिचान गर्न छोडियो। समूह प्रवेश गरेर सदस्यता लिन अनिवार्य समूह तालीम, समूह मान्यता पूर्वपरीक्षण र समूह मान्यता परीक्षणजस्ता लघुवित्त समूह गठनका मुख्य प्रक्रिया पूरा हुन छोड्यो। अन्य वित्तीय संस्थाबाट वित्तीय सेवा पाएकालाई वित्तीय सेवा नदिनुपर्नेमा धेरै लगानी गर्न उनीहरूलाई समूहमा प्रवेश गराइयो। जसरी हुन्छ धेरै सदस्य बनाएर धेरै कर्जा लगानी गर्न थालियो। एकै व्यक्ति धेरैओटा लघुवित्त संस्थाको ग्राहक सदस्य बनेर आफ्नो क्षमता र आवश्यकताभन्दा कयौं गुना बढी कर्जा लिन थाले। फलस्वरूप वित्तीय अपराधले जरा गाड्यो।

**कर्जा सदुपयोगितामा ध्यान नदिनु** : लघुवित्त संस्थाहरू मुनाफामा केन्द्रित भए। लगानी र असुलीलाई पहिलो प्राथमिकतामा राखियो। कर्जा सदुपयोगिता अनिवार्य गरिएन। समाजका टाठाबाठाले धेरै जनाको नाममा कर्जा लिएर एकै जनाले चलाउन थाले। कर्जाको दुरुपयोग बढ्यो। लघुवित्त सेवामा नयाँ सदस्य तथा कर्मचारी भर्ना हुँदा प्रदान गरिने तालीम हुन छोड्यो जसले गर्दा विनाधितो कर्जा कारोबार निश्चित नीतिनियमभित्र रहेर सञ्चालन हुनुपर्नेमा लगामविनाको घोडाजस्तै हुन पुगे लघुवित्त सेवा र संस्था। संस्थाको सफलता वार्षिक रूपमा आर्जनसँग जोडियो न कि विपन्नलाई सेवा, कर्जा सदुपयोगिता, उद्यमशीलताको विकासलाई प्रवर्द्धन गर्न महत्त्व दिन छोडियो। विपन्न सदस्यहरूले गोठको एउटा गाई देखाएर १० देखि १५ लघुवित्त संस्थाबाट २०/३० लाख कर्जा उठाएर दुरुपयोग गर्न थाले। अन्ततः किस्ता तिर्न नसकेपछि वित्तीय संस्थाविरोधी संघर्ष तथा आन्दोलनतर्फ लागे।

**अपारदर्शी कर्मचारी भर्ना** : सामाजिक व्यवसायबाट मुनाफामूलक व्यवसायका रूपमा सञ्चालन हुन पुग्दा लघुवित्तमा धेरै कर्मचारीको आवश्यकता भयो। छोटो समयमा धेरै कर्मचारी आपूर्ति गर्न लघुवित्त संस्थामा काम गर्ने कर्मचारी भर्ना गर्दा स्वस्थ प्रतिस्पर्धा गराएर भर्ना गर्न छोडियो। तालीम प्रदान नगरीकनै परिचालन गर्न थालियो। स्थानीय कर्मचारी राख्ने बहानामा आआफ्ना, भनसुनका आधारमा कर्मचारी भर्ना गर्न थालियो। लघुवित्तमा आउने नयाँ कर्मचारीलाई ६ महीनाको अनिवार्य तालीम दिनुपर्नेमा भर्ना गरेकै अर्को दिनबाट परिचालन गर्न थालियो। उनीहरूले लघुवित्तको मर्म नबुझी कारोबार सञ्चालन गर्दा कर्जाको विश्लेषण हुन छोड्यो। सुविधाको प्रतिस्पर्धामा कर्मचारीहरू एक संस्थाबाट छोडेर अर्को संस्थामा जाने प्रवृत्ति बढ्यो। लघुवित्त व्यवस्थापन न्यून भुक्तानीमा कर्मचारी सञ्चालन गर्न तालिम नै प्रदान नगरी परिचालन गर्ने गर्दा तिनै कर्मचारीहरूबाट जानी नजानी वित्तीय अपराधका घट्नाहरू वृद्धि भए।

**अनधिकृत र अनावश्यक कर्जा लगानी** : संस्थाको मुनाफाको लक्ष्य पूरा गर्न, धेरै मुनाफा गर्न कर्मचारीलाई लगानी गर्ने लक्ष्य तोक्न थालियो। लक्ष्य पूरा गर्न अक्षम तथा अदक्ष कर्मचारीबाट कर्जाको विश्लेषण नै नगरी कर्जा सिफारिश, स्वीकृति र लगानी हुन थाल्यो। एक परिवारमा एक जनालाई मात्रै कर्जा लगानी गर्नुपर्नेमा धेरै जनालाई लगानी गरियो। सदस्यको आवश्यकताभन्दा धेरै अनधिकृत रूपमा कर्जा लगानी गर्न थालियो। गाउँभरिका परिवारलाई समूहमा आबद्ध गराएर एकै व्यक्तिले धेरै जनाको कर्जा लिएर कर्जाको दुरुपयोग हुन थाल्यो।

**अनधिकृत रूपमा बचत भुक्तानी** : समूह जिम्मेवारी र समूह दायित्वको नाममा एक व्यक्तिले कर्जा किस्ता नतिरेमा नतिर्ने व्यक्तिको किस्ता तिर्न अन्य सदस्यको बचत खाताबाट रकमान्तर गर्न तथा अनधिकृत रूपमा बचत भुक्तानी गर्दा वित्तीय अपराध वृद्धि हुन पुग्यो।

**कर्मचारीबाट जालसाजी** : लघुवित्तका निरक्षर, वित्तीय साक्षरता नभएका सदस्यहरूको नाममा कर्जा लगानी गरेर उक्त कर्जा आफैले उपयोग गर्ने, नक्कली ऋणी बनाउने, नक्कली ग्राहक फाइल बनाउने लगायतका कार्यबाट किर्ते जालसाजी हुन गई वित्तीय अपराध वृद्धि हुन पुग्यो। अतिप्रतिस्पर्धाको अवस्थामा लघुवित्त संस्थाहरूले कर्जासीमा वृद्धि गरे, लगानी प्रक्रिया सरल बनाए, फिल्डमा काम गर्ने कर्मचारीले एकल निर्णयमा कर्जा दिन सक्ने अख्तियारी दिइयो। अपरिपक्व कर्मचारी, क्षमताभन्दा धेरै अख्तियार र कर्मचारी लक्ष्यको चापले गर्दा नक्कली ऋणी बनाउनतिर लागे।

**अपारदर्शी लेखा अभिलेख** : परम्परागत रूपमा रहेको लेखाअभिलेखलाई कम्प्युटरीकृत गरियो। ग्राहकले लघुवित्त संस्थासँगको कारोबार मोबाइल मेसेज गर्ने, डिजिटल पासबुक दिने भनेर भौतिक पासबुक दिन छोडे। तर, सबै लघुवित्त ग्राहक सदस्यहरू प्रविधिमैत्री नभएकाले लघुवित्त कारोबार अपारदर्शी भयो। सदस्यहरूको हिसाबकिताव फरक पर्न थाल्यो। यही अवस्थामा फिल्ड कर्मचारीले असुली र भक्तानीमा कसुर गर्न शुरू गरे जसले गर्दा ठूलाठूला वित्तीय अपराधलाई प्रश्रय मिल्न गयो।

**वित्तीय तथा कानूनी साक्षरताको अभाव** : लघुवित्त ग्राहकमा आवश्यकताअनुरूप वित्तीय साक्षरताको स्तर वृद्धि भएन। लघुवित्त संस्थाले समूह प्रवेशपूर्व ग्राहकलाई दिने साक्षरता तालीम प्रदान गर्न छोडे। ग्राहक र फिल्ड कर्मचारीमा वित्तीय तथा कानूनी साक्षरताको अभावमा सचेत नभएकाले पनि वित्तीय अपराध हुन पुगे।

**कमजोर आन्तरिक नियन्त्रण प्रणाली र नियमन** : स्वनियमन र स्वअनुशासनमा सञ्चालनमा रहेकोमा मुनाफा कमाउने व्यवसायका रूपमा लघुवित्तलाई सञ्चालनमा ल्याएपछि उक्त कुरा हराउँदै गयो। संस्थाहरूले नाफालाई पहिलो प्राथमिकता दिएर आन्तरिक नियन्त्रण र नियमन गर्न थाले। नियामक निकायले समयापेक्ष नीति नियमको व्यवस्था गरेर गर्नुपर्ने नियमन निरीक्षण नियन्त्रण गर्ने कार्यमा लचकता र लघुवित्त संस्था स्वनियमन स्वअनुशासनमा सञ्चालन नहुँदा यस क्षेत्रमा वित्तीय अपराध तथा कसुरहरूले आश्रय पायो।

**संस्थागत सुशासनको अभाव** : लघुवित्त संस्थाले संस्थागत सुशासन कायम गर्न सकेनन्। विभिन्न उद्देश्य लिएका सञ्चालकहरू लघुवित्तमा देखिए। कोही छिटै धेरैभन्दा धेरै मुनाफा कमाउनुपर्छ भन्ने, कोही राजनीतिक रूपमा लोकप्रिय हुने प्रयास गरे, कोही सामाजिक रूपमा विपन्नको सेवा गर्नुपर्छ भनेर लागे। सबै जना एउटै फिल्डमा प्रतिस्पर्धा गर्दाको राम्रोको नराम्रो भनी छुट्ट्याउन विपन्नलाई गारो भयो। कर्मचारी आचरणले पनि संस्थागत सुशासनमा धेरै अप्ठ्याराहरू सृजना गर्न पुग्यो।

**दण्डहीनताको अवस्था** : नियामक निकायलले स्पष्ट नीतिको तर्जुमा गर्न नसक्नु, गल्ती गर्नेलाई राजनीतिक प्रभावमा कारबाही गर्न नसक्नु, जसले जे सक्यो त्यही गर्दा हुन्छ भन्ने मान्यताले व्यापकता पायो। लघुवित्त संस्थामा ताला लगाउने, कर्मचारी पिट्ने थर्काउने, लिएको कर्जा नतिर्ने, अरूलाई पनि ऋण नतिर्न आह्वान गर्ने, तिर्नेलाई कारबाही गर्नेजस्ता गलत क्रियाकलापमा सरकारी निकायले बेवास्ता गरेकाले दण्डहीनताको अवस्था सृजना भयो। निष्कर्षमा महामारीपछि समाजमा गरीबी, वेरोजगारीको वृद्धिले धेरै व्यापारव्यवसाय, उद्योगधन्दा बन्द भए। सामाजिक परिवेशमा आएको उथलपुथलले समाजका गहना अनुशासन, एकता, विश्वास, आपसी सहयोग हराएर गयो। फलस्वरूप समाजमा अन्य अपराधका साथसाथै वित्तीय अपराधमा समेत व्यापकता आयो। समाजसँगै समाजमा रहेका संस्थाहरू पनि नीतिनियम र उद्देश्य बमोजिम सञ्चालन हुन छोडे।

वित्तीय अपराध समस्या समाधान गर्न समाजमा रहेका नागरिक, संस्था, राजनीतिक दल र सरकार सबैले विद्यमान संविधान, कानून, नीतिनियमको पूर्णरूपमा पालना गर्नुपर्छ। आफ्नो अधिकार माग्दा अरूको अधिकारलाई बेवास्ता गर्नु हुँदैन। सबैले आआफ्नो अधिकारको उपभोग गर्न आफ्नो कर्तव्यको पालना पनि अनिवार्य रूपमा गरिनुपर्छ। समाज, संस्था, दल, र सरकार सबै आआफ्नो उद्देश्यमा विचलन नभई कामकारोबार सञ्चालन गर्नुपर्छ। देशमा विद्यमान नीतिनियम ऐनकानूनविपरीत कार्य गर्ने जोकोहीलाई कानूनी कठघरामा ल्याएर दण्डसजाय गरिनुपर्छ। समाजमा दण्डहीनताको अन्त्य गरेर वित्तीय अनुशासन कायम गर्न सकेमा मात्रै गरीबी घटाउन सकिन्छ, गरीबी घटाउन सकेमा मात्रै आर्थिक सम्मृद्धि प्राप्त गर्न सकिन्छ।

*लेखक लघुवित्त र लघुबीमा क्षेत्रमा अनुभवप्राप्त अधिवक्ता एवं मेलमिलापकर्ता हुन्।*

पाठक पत्र

# एनपीएलमा कति पैसा विदेशिएला ?

नेपाल क्रिकेट संघ (क्यान) ले आयोजना गर्न लागेको फ्रेन्चाइज क्रिकेट प्रतियोगिता नेपाल प्रिमियर लिग (एनपिएल) खेल्न १६ देशका खेलाडी नेपाल आउने भएका छन्। आगामी मङ्सिर १५ देखि शुरू हुने लिगमा सहभागी आठ टोलीले ती खेलाडीलाई राम्रो पैसा तिरेर भित्र्याएका हुन्। अहिलेसम्म ८ टोलीमा ३७ जना विदेशी खेलाडी भित्रिएको बताइन्छ। टोलीहरूले विदेशी खेलाडी भित्र्याए पनि अधिकांश खेलाडीको सम्झौता रकम भने खुलाएका छैनन्। भारतका शिखर धवनले एकै खेलको ३० हजार अमेरिकी डलर (४० लाख रुपैयाँ बढी) लिएको बताइएको छ। यस्तै अन्य खेलाडीले पनि राम्रै पैसा लिएका छन्।

खेलको प्रचारका लागि स्टार स्पोर्टस् च्यानलसँग समय किनिएको छ। त्यसका लागि क्यानले कति पैसा खर्च गरेको हो सार्वजनिक भएको छैन। तर, त्यस च्यानलमा यो खेलको विज्ञापन बज्न थालिसकेको छ। एनपीएल पहिलोपटक आयोजना गर्न लागिएको होइन तर यसपटक भने यसको चर्चा विशेष छ। विदेशबाट आउने खेलाडी र स्टार स्पोर्टमा प्रसारण हुने भएर मात्रै होइन, यसले नेपालको क्रिकेटलाई निकै उचाइमा लैजान सक्ने भएकाले चर्चा बढेको देखिन्छ। नेपालले स्टार स्पोर्टमा क्रिकेटको प्रत्यक्ष प्रसारण गर्न लागेको छ। यसको पक्ष र विपक्षमा आआफ्नै तर्क पाइन्छ। नेपालसँग राम्रो खेल मैदान भइदिएको भए यो प्रसारणले नेपालको राम्रो विज्ञापन हुने थियो। अन्य खेलहरू नेपालमा खेलाउन सम्भव हुन्थ्यो। भारतको खेलमा पाकिस्तान नजाने र पाकिस्तानको खेलमा भारत नजाने अवस्थामा दुवै देशलाई नेपालमा क्रिकेट खेलाउन सकिन्थ्यो। त्यसका लागि अहिलेको खेल प्रचारको एउटा राम्रो माध्यम बन्न सक्छ। क्रिकेटको प्रत्यक्ष प्रसारण स्टार स्पोर्टमा हुने भए पनि उसैले खिचेर भने देखाउने होइन भनिएको छ। खाली प्रसारणका लागि मात्रै त्यो च्यानल उपयोग हुने बताइएको छ। उसले नै खिचेर देखाउने भइदिएको भए नेपालको अझ राम्रो प्रचार हुन्थ्यो।

नेपाली खेलाडीहरूका लागि यो खेल राम्रो अवसर हुन सक्छ। अहिले जसरी विदेशी खेलाडी भित्रिएका छन् त्यसैगरी नेपाली खेलाडीलाई पनि अन्य देशका क्लबले किन्न सक्छन्। त्यसो हुँदा नेपाली खेलाडीले राम्रो अवसर पाउन सक्छन्।

*सौरभ कार्की*
*महाराजगञ्ज, काठमाडौं*



तस्वीर : रासस

अछाम जिल्लाको विनायकस्थित पञ्चदेवल मन्दिर ।

# हवाई भाडादर बुझाउन अन्तरराष्ट्रिय एयरलाइन्स कम्पनीलाई निर्देशन

**अभियान संवाददाता**

काठमाडौं

अन्तरराष्ट्रिय वायुसेवा सञ्चालकहरूले हवाई भाडादर नियन्त्रण गर्ने प्रतिबद्धता पूरा नगरेको भन्दै सरकारले २४ घण्टाभित्र हवाई भाडादर बुझाउन सम्बद्ध वायुसेवा कम्पनीलाई निर्देशन दिएको छ ।

कात्तिक १४ बसेको सर्वपक्षीय बैठकमा भएको सहमतिबमोजिम वायुसेवा कम्पनीहरूले द्विपक्षीय हवाई सेवा सम्झौताको प्राइसिङ शीर्षकमा उल्लेख भएअनुसार उपभोक्तालाई मर्का पर्ने गरी अनुचित हवाई भाडा असुल गर्न नहुने प्रावधानको पूर्णतः पालन गर्नुपर्छ ।

त्यसैगरी, सबै वायुसेवा सञ्चालकले उडान वृत्तबमोजिमको हवाई भाडा सूची तोक्ने तथा सार्वजनिक गर्नुपर्ने, ट्राभल एजेन्सीसँग टिकट विक्रीको सम्झौता गर्दा निश्चित संख्यामात्र विक्री गर्न सकिने र ट्राभल एजेन्सीहरूले तोकिएको परिधिमा रहेर मात्र सेवा शुल्क लिने सहमति पनि उक्त बैठकमा भएको थियो ।

उक्त सहमति पालना नभएको भन्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले २४ घण्टाभित्र हवाई भाडादर बुझाउन सम्बद्ध वायुसेवा कम्पनीलाई निर्देशन दिएको मन्त्रीको सचिवालयले बताएको छ ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल स्तरोन्नतिका लागि हाल रात्रिकालीन उडान १० घण्टा बन्द भएसँगै वायुसेवा कम्पनीहरूले हवाई भाडा चर्को असुल गरेको यात्रुहरूले गुनासो गरिरहेको सन्दर्भमा मन्त्री पाण्डेले टिकटको मूल्यसहितको भाडादर बिहीवार दिउँसो ४ बजेभित्र बुझाउन निर्देशन दिएका हुन् ।

यसअघि विमानस्थल दिनमा २१ घण्टा सञ्चालनमा रहेकोमा अहिले १४ घण्टा मात्र सञ्चालनमा छ । त्यसैले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट हुने अन्तरराष्ट्रिय उडान ३० प्रतिशतले घटेको छ । यसको असर हवाई भाडामा देखिएको हो र हवाई भाडा चार गुणासम्म महँगो भएको यात्रुको गुनासो छ ।

बुधवारको बैठकमा वायुसेवा कम्पनीका प्रतिनिधिलाई डाकेर मन्त्री पाण्डेले रोष प्रकट गरे । 'हामीले नागरिककै सेवा भनेर हवाई कम्पनीहरूलाई सहुलियत दिएका थियौं । तर, त्यसको उपहास भएको छ। राज्य र नागरिकप्रतिको दायित्वलाई बेवास्ता गरेर गैरजिम्मेवारीपन देखाइएको छ,' मन्त्री पाण्डेले भने ।

मन्त्री पाण्डेले राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र हिमालय एयरलाइन्सले समेत अचाक्ली हवाई भाडा लिएकोप्रति सचेत गराए । पर्यटनमन्त्री पाण्डेले वायुसेवा प्रदायकले हवाई भाडा वृद्धिमा पुनर्विचार नगरे सरकारले कडा कदम चाल्ने पनि स्पष्ट पारे ।

मन्त्रालयका सचिव डा. गणेश पाण्डेयले सहमतिअनुसार वायुसेवा प्रदायकले किन अटेर गरेको भन्दै प्रश्न गरे । उनले भने, 'आफूले गरेको निर्णय आफै लागू गर्ने कि नियमन गर्न कठोर बन्नुपर्ने हो, सहमति किन लागू नगरेको ? तपाईंहरूले निर्णय कार्यान्वयनमा अटेर गर्नुभयो भने सेवा दिन आउने नयाँ हवाई कम्पनीका लागि सूचना आह्वान गर्न सकिन्छ ।'

नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले वायुसेवा कम्पनीहरूले हवाई भाडा नियन्त्रणसम्बन्धी पाँचबुँदे सहमति कार्यान्वयन नगरेको बताए । 'हवाई टिकटको कृत्रिम अभाव देखाउँदै कालोबजारी गरिरहेकाले त्यसलाई नियन्त्रण गरेरै छोड्नेछौं,' उनले भने । छलफलमा नेपालमा सेवा दिँदै आएका अन्तरराष्ट्रिय वायुसेवा कम्पनीका प्रतिनिधिहरूको उपस्थिति रहको मन्त्रीको सचिवालयले बताएको छ ।

## गत महीना के भएको थियो ?

१. सम्पूर्ण वायुसेवा सञ्चालकले ट्राभल एजेन्सीलाई पछि विक्री गर्ने गरी एकमुष्ट रूपमा टिकट विक्रीको अधिकार हस्तान्तरण गर्ने व्यवस्था (टीबीए) खारेज गर्ने र सम्पूर्ण वायुसेवा कम्पनीले यसको अनिवार्य पालना गर्ने,

२. सबै वायुसेवा सञ्चालकले द्विपक्षीय हवाई सेवा सम्झौताको प्राइसिङ शीर्षकमा उल्लेख भएअनुसार उपभोक्तालाई मर्का पर्ने गरी अनुचित हवाई भाडा असुल गर्न नहुने प्रावधानको पूर्णतः पालन गर्ने,

३. सबै वायुसेवा सञ्चालकले उडान वृत्तबमोजिमको हवाई भाडा सूची तोक्ने तथा सार्वजनिक गर्नुपर्ने, ट्राभल एजेन्सीसँग टिकट विक्रीको सम्झौता गर्दा निश्चित संख्यामात्र विक्री गर्न सकिने र तोकिएको परिधिमा रही मात्र सेवा शुल्क लिने गरी व्यवस्था मिलाउने जिम्मेवारी वायुसेवा सञ्चालकको हुने,

४. तोकिएबमोजिमको हवाई भाडा मात्र कायम राख्ने जिम्मेवारी वायुसेवा सञ्चालकको हुने। वायुसेवा सञ्चालकहरूले उपभोक्ता अधिकार सुनिश्चित हुने गरी कार्य गर्नुपर्ने ।

# आन्तरिक स्रोतको प्रभावकारी परिचालन अपरिहार्य : ढकाल

काठमाडौं (अस) । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले कुनै पनि मुलुकको दिगो विकासको लागि आन्तरिक स्रोतको प्रभावकारी परिचालन अपरिहार्य रहेको बताएका छन् ।

अध्यक्ष ढकालले राष्ट्रिय कर दिवस २०८१ को अवसरमा बुधवार महासंघको सचिवालयमा आयोजित 'लगानीमैत्री वातावरण प्रवर्द्धनको लागि अन्तरनिकाय समन्वय' विषयक अन्तरक्रिया कार्यक्रममा ढकालले त्यस्तो टिप्पणी गरेका हुन् ।

अध्यक्ष ढकालले मुलुक सञ्चालन र विकासको मेरुदण्ड नै त्यो देशले परिचालन गर्ने राजस्वको आयतनमा निर्भर हुने भएकोले कुनै पनि मुलुकको सबल अर्थव्यवस्था र उन्नत समाज निर्माणको लागि आन्तरिक स्रोतको प्रभावकारी परिचालन अपरिहार्य हुने बताए ।

ढकालले विगत केही वर्षदेखि निजीक्षेत्र र सरकारको समेत अत्यन्त चासोको रूपमा रहेको लगानी प्रवर्द्धनसम्बन्धी विषयले समग्र कर प्रशासनलाई झकझकाई यसपटकको कर दिवसमा दिशानिर्देश गरेको हुँदा यो मुद्धाले गति लिन थालेको आभास निजीक्षेत्रलाई भएको जानकारी दिए ।

उनले कर प्रशासनले राजस्व लक्ष्य निर्धारण र संकलन मात्र नभएर करदाताको मनोबल बढाई व्यावसायिक गतिविधि बढाउने क्रियाकलाप र वातावरण सृजना गर्नेतर्फ ध्यान दिए राजस्व संकलन स्वाभाविक रूपमा वृद्धि भई आर्थिक गतिविधि बढ्ने बताए ।

अध्यक्ष ढकालले आन्तरिक स्रोत परिचालन भन्नेबित्तिकै त्यसको प्रत्यक्ष सम्बन्ध त्यो मुलुकको कर प्रणाली र राजस्व प्रशासनसँग जोडिएको हुनाले लक्षित राजस्व संकलनको लागि उद्योगधन्दा र व्यवसायजन्य क्रियाकलाप सुव्यवस्थित ढंगले सञ्चालन भएको हुनुपर्नेमा जोड दिए । यसको लागि व्यवसायमैत्री वातावरण निर्माणको साथै विदेशी लगानीको हकमा लगानी र प्रतिफल फिर्ताको सुनिश्चिततासहित सम्बद्ध सबै सरकारी निकायको एकीकृत र समन्वयकारी प्रयासको आवश्यकता उनले औंल्याए ।





**करदाताको मनोबल बढाई व्यावसायिक गतिविधि बढाउने क्रियाकलाप र वातावरण सृजना गर्नेतर्फ ध्यान दिए र ाजस्व संकलन स्वाभाविक रूपमा वृद्धि भई आर्थिक गतिविधि बढ्ने**

आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, उद्योग विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशकहरू उपस्थित उक्त कार्यक्रममा महासंघ कार्यसमितिका पदाधिकारी, वस्तुगत संघका प्रतिनिधि र उद्योगी व्यवसायी सहभागी थिए ।

कार्यक्रममा उठेका जिज्ञासालाई सम्बोधन गर्दै आन्तरिक राजस्व विभागका महानिर्देशक रामप्रसाद आचार्यले औद्योगिक र लगानीमैत्री वातावरण तयार गर्न सामूहिक प्रयासको आवश्यकता औंल्याए । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक सुमन दाहालले अपेक्षित लगानीको वातावरण बन्न नसकेको अवस्थाको विश्लेषण गर्दै आफ्ना काम कारबाहीलाई पारदर्शी बनाई समीक्षा गर्नुपर्ने बताए ।

उद्योग विभागका महानिर्देशक राजेश्वर ज्ञवालीले अन्तरनिकाय समन्वयको सार नै औद्योगिक वातावरण प्रवर्द्धनको लागि हो भन्दै विभागबाट प्रदान गरिने सेवा प्रवाहलाई अझ उन्नत र परिष्कृत बनाउने प्रतिबद्धता व्यक्त गरे । राजस्व अनुसन्धान विभागका महानिर्देशक चण्डीप्रसाद घिमिरेले पछिल्लो समय कर प्रणालीसम्बन्धी नीतिहरू लगानीमैत्री बन्दै आएको बताए । कार्यक्रमको समापन महासंघका उपाध्यक्ष सुरकृष्ण वैद्यले गरेका थिए ।

# एकै जना किसानले फलाए ४०० मुरी धान

| १. | प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम मिति २०७७०९।०९ मा उद्योग, वाणिज्य आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग कार्यालय/विभागमा प्रा.फ.नं. ३-३५-३८२-१५७१९२/२०७७/७८ अन्तर्गत दर्ता कायम भएको **सुबिसा कलेक्सन** ।<br>**ठेगानाः** का.जि.का.म.न.पा वडा नं ३०, मैतिदेवी ।<br>**प्रोप्राईटरः** पदम बहादुर शाहकी बुहारी, केशव शाहीकी छोरी, देवेन्द्र बहादुर शाहकी पत्नी दाङ जिल्ला, लालमटिया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल का.जि.का.म.न.पा वडा नं. ९ बस्ने बर्ष ३५ की (ना.प्र.नं ५२२००७/२२८, जारी मिति २०६५/२/२०, जिल्ला दाङ) **श्रीमती बिनु शाही** । | १) पदम बहादुर शाहकी बुहारी, केशव शाहीकी छोरी, देवेन्द्र बहादुर शाहकी पत्नी दाङ जिल्ला, लालमटिया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल का.जि.का.म.न.पा वडा नं. ९ बस्ने बर्ष ३५ की (ना.प्र.नं ५२२००७/२२८, जारी मिति २०६५/२/२०, जिल्ला दाङ) **श्रीमती बिनु शाही** ।<br>२) पृथ्वी बहादुर शाहको नाति, पदम बहादुर शाहको छोरा अछाम जिल्ला, रामारोशन गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल का.जि.का.म.न.पा. वडा नं. ९ बस्ने बर्ष ४७ को (ना.प्र.नं ७५९९, जारी मिति २०५२/१/११, जिल्ला अछाम) श्री देबेन्द्र बहादुर शाह । | १) पदम बहादुर शाहकी बुहारी, केशव शाहीकी छोरी, देवेन्द्र बहादुर शाहकी पत्नी दाङ जिल्ला, लालमटिया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल का.जि.का.म.न.पा वडा नं. ९ बस्ने बर्ष ३५ की (ना.प्र.नं ५२२००७/२२८, जारी मिति २०६५/२/२०, जिल्ला दाङ) **श्रीमती बिनु शाही**का नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ९ झ स्थित **कित्ता नं. २५४१** को क्षेत्रफल **६७७.२६ वर्ग.मी** मा रहेको जग्गा तथा सम्पूर्ण लिगलगापातहरु । |
| २. | पदम बहादुर शाहकी बुहारी, केशव शाहीकी छोरी, देवेन्द्र बहादुर शाहकी पत्नी दाङ जिल्ला, लालमटिया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल का.जि.का.म.न.पा वडा नं. ९ बस्ने बर्ष ३५ की (ना.प्र.नं ५२२००७/२२८, जारी मिति २०६५/२/२०, जिल्ला दाङ) **श्रीमती बिनु शाही** । | | |

**शर्त बन्देजहरु**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितीले **१५ (पन्ध्रौं) दिन अर्थात मिति २०८१ साल मंसिर महिना २० गते** भित्र यस बैंकको **सम्बन्धित शाखा कार्यालयहरु** स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।

२) बोलपत्र निवेदनको ढाँचामा लेखी बोलपत्र वालाको हस्ताक्षर सहित खामबन्दी (लाह छाप) गरी बाहिर **(मिति २०८१ साल मंसिर महिना ६ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा)** उल्लेख भए बमोजिमको घरजग्गाको लागि इच्छुक बोलपत्र दाताले धितोमा रहेको सम्पत्तिहरु मध्ये जुन सम्पत्ति लिन चाहेको हो सो खुलाई अलग अलग बोलपत्र पेश गर्न सक्नुहुनेछ साथै बोलपत्रदाताले धितोमा रहेको सबै घरजग्गा लगायत अचल सम्पत्तिहरुको लागि एकमुष्ट बोलपत्र समेत पेश गर्न सक्नुहुनेछ ।

३) बोलपत्रमा आफुले कुन चाहिँ धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत बैंक ड्राफ्ट/गुडफर पेमेन्ट चेक/मेनेजर्स चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्नेछ । बैंक ड्राफ्ट/गुडफर पेमेन्ट चेक/मेनेजर्स चेक वाहेक अन्य कुनै किसिमका धरौट स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन ।

४) यो सूचना प्रकाशित भएको मितिले **१६ (सोह्रौं) दिन अर्थात मिति २०८१ साल मंसिर महिना २१ गते शुक्रबार अपरान्ह २:०० बजे** देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा **सम्बन्धित शाखा कार्यालयहरु**मा बोलपत्र खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।

५) बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

६) म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७) बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

८) बोलपत्र स्विकृत भएमा सम्बन्धित बोलपत्र दाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्रमा प्रस्ताव गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नु पर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।

९) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।

१०) लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको **सम्बन्धित शाखा कार्यालयहरु**को कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

११) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंकले उक्त सम्पत्तिको स्वामित्व आफ्नो नाममा सकार गरिलिन सक्नेछ ।

१२) गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।

१३) प्राप्त भएको गोप्य शिलबन्दी मार्फत सबैभन्दा बढी बोल अंक राखि गोप्य शिलबन्दी पेश गर्ने बोलपत्रदाताको प्रस्ताव आंशिक वा पूर्ण रुपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकसँग नै सुरक्षित रहनेछ ।

१४) बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ ।

१५) धितोबन्धक लेखिदिएको घरजग्गा लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित कानून तथा बैंकको ऋण असुली नीति बमोजिम असुल उपर गरिलिन थप कारवाही अघि बढाइनेछ ।

१६) धितोदिने तथा व्यक्तिगत जमानीदिने माथि उल्लेखित महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**पुनश्चः (धितो लेखिदिने तथा व्यक्तिगत धनजमानी दिनेहरुलाई सूचना) :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादै भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्तदिन स्वयम् उपस्थित भै लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा वा हाल बैंकबाट भएको मुल्याकंन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै तपाईहरुबाट बैंकको कर्जा भुक्तानी नगरी धितो सम्पत्ति अन्य कोही कसैले सकार गरिलिएमा वा बैंक आफैले सकार गरेमा वा नगरेमा समेत यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र उक्तजग्गा तथा घर खाली गरी बैंकलाई हस्तान्तरण गर्नु हुन समेत सूचित गरिएको छ । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मूल्यांकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभई बाँकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य सम्पत्तिबाट असुलउपर गरिने व्यहोरा समेत यसै सूचनाबाट थप जानकारी गराइएको छ ।

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)

प्रधान कार्यालय
लाजिम्पाट, काठमाण्डौं
फोन नं.: ०१-४५४३३७७

दिगो, दरिलो र विश्वासिलो



तस्वीर : रासस

**पृथ्वी राजमार्गको पोखरा–मुग्लिन खण्ड अन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका–२ एक्लेफाँटमा सडक कालोपत्र गरिँदै । उक्त सडक चार लेनमा विस्तार तथा स्तरोन्नति कार्य भइरहेको छ ।**

# क्यान्सर अस्पताल भरतपुरमा पुनः 'मेमोग्राफी' सेवा शुरू

चितवन । बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा पुनः 'मेमोग्राफी' सेवा शुरुआत गरिएको छ। स्तन क्यान्सर पहिचानका लागि निकै उपयोगी मेसिन बिग्रिएपछि विगत तीन वर्षदेखि सेवा बन्द रहेको थियो । नयाँ मेसिन जडान गरी पुनः सेवा शुरू गरिएको हो ।

अस्पतालका उपनिर्देशक डा. उमेश नेपालका अनुसार इटालीमा बनेको 'डिजिटल मेमोग्राफी' स्वास्थ्य सेवा विभागले खरीद गरी अस्पताललाई उपलब्ध गराएको छ । विगतमा अस्पतालमा यो मेसिन भए पनि बिग्रिएपछि विगत तीन वर्षदेखि सेवा बन्द रहेको उनको भनाइ छ। बिग्रिएको मेसिन मर्मत हुन नसक्ने भए पनि नयाँ खरीदका लागि स्वास्थ्य मन्त्रालयमा आग्रह गरिएको थियो ।

मेसिन एक महीनाअघि नै अस्पतालमा आएको भए पनि जडानका लागि प्राविधिक आइपुग्न ढिलो हुँदा अहिले सञ्चालनमा ल्याइएको उनले जानकारी दिए । स्तन क्यान्सरको परीक्षणमा अति प्रभावकारी यो मेसिन जडान र सेवा शुरू भएसँगै स्तन क्यान्सर समयमै पत्ता लगाई प्रभावकारी उपचार शुरू गर्न अझ बढी सहयोग मिल्ने उनको भनाइ छ ।



**स्तन क्यान्सर पहिचानका लागि निकै उपयोगी मेसिन बिग्रिएपछि विगत तीन वर्षदेखि सेवा बन्द रहेको थियो । नयाँ मेसिन जडान गरी पुनः सेवा शुरू गरिएको हो ।**

अस्पतालका कार्यकारी निर्देशक डा. शिवजी पौडेलले रू. तीन करोड हाराहारी पर्ने उक्त मेसिन आएसँगै सेवालाई चुस्त बनाउन सहयोग मिलेको बताए । उनका अनुसार पछिल्लो समय अस्पतालमा भएका पुराना मेसिन उपकरणको मर्मत र नयाँ खरीद गरी सेवालाई थप प्रभावकारी बनाइएको छ ।

क्यान्सरको उपचार र परीक्षण प्रक्रिया आफैंमा लामो हुने भन्दै कार्यकारी निर्देशक डा. पौडेलले भने, 'बिरामी लामो पालो कुर्नुपर्ने अवस्थालाई घटाउँदै लगेका छौं । अब रेडियोलोजी, शल्यक्रिया, प्रयोगशाला जस्ता सेवामा धेरै लामो पालो कुर्नुपर्ने अवस्था छैन ।'

विगतमा कतिपय प्रयोगशाला परीक्षण बाहिर पठाउनुपर्ने बाध्यताको अन्त्य गरिएको भन्दै उनले दुईओटा सिटी स्क्यान मेसिन सञ्चालन गरेर नियमित सेवा दिएको बताए । कार्यकारी निर्देशक डा. पौडेलले भने, 'अब कुनै पनि परीक्षण र शल्यक्रियाका लागि अस्पताल बाहिर जानु पर्ने बाध्यता छैन ।'

अस्पतालमा 'बोनम्यारो' प्रत्यारोपणका लागि समेत चिनियाँ सरकारको सहयोगमा काम भइरहेको छ । *रासस*

# 'गरिमा समृद्धि योजना' निष्कासनका लागि बोर्डको स्वीकृति

काठमाडौं (अस) । गरिमा विकास बैंक लिमिटेड कोष प्रवर्द्धक तथा गरिमा क्यापिटल लिमिटेड योजना व्यवस्थापक रहेको सामूहिक लगानी कोष गरिमा म्युचूअल फण्डअन्तर्गत पहिलो बन्दमुखी योजनाको रूपमा रू. १ अर्ब बराबरको 'गरिमा समृद्धि योजना' सार्वजनिक रूपमा निष्कासनका लागि बुधवार नेपाल धितोपत्र बोर्डबाट स्वीकृति पाएको छ ।

कम्पनीले प्रतिइकाइ रू. १० का १० करोड इकाइ निष्कासन गर्ने बताइएको छ । योजना अवधि १० वर्षको रहेको बताइएको छ । योजनाको निष्कासन तथा बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड रहेको बताइएको छ ।

गरिमा विकास बैंकको सहायक कम्पनी गरिमा क्यापिटल लिमिटेड नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकर हो । गरिमा क्यापिटल लिमिटेडले सामूहिक लगानी कोषको योजना व्यवस्थापनका साथै प्रत्याभूति सेवा, लगानी व्यवस्थापन सेवा तथा निक्षेप सदस्य सेवा डिम्याट तथा मेरोशेयर खाता सम्बन्धी सेवा प्रवाह गर्दै आएको छ ।

# हिमालय सेक्युरिटिजको साधारणसभा सम्पन्न

काठमाडौं (अस) । हिमालय सेक्युरिटिज बैंकर लिमिटेडको प्रथम वार्षिक साधारणसभा बुधवार काठमाडौंमा सम्पन्न भएको छ । सभाले सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०८०/८१ को वित्तीय लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको नियुक्ति तथा प्रबन्धपत्र र नियमावलीमा संशोधन निर्णय लगायत पारित भएका छन् ।

सभाले कम्पनीको अध्यक्षमा दीपककुमार श्रेष्ठ, सञ्चालक सीताराम वाग्ले र आकांक्षा गुप्ताको पुनर्नियुक्ति भएको छ भने थप स्वतन्त्र सञ्चालकतर्फ बद्री सिग्देल तथा दिनेशकुमार लालको पनि नियुक्ति भएको बताइएको छ ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुभाषबहादुर श्रेष्ठले धितोपत्र प्रत्याभूति, लगानी व्यवस्थापन र संस्थागत परामर्श सेवा प्रवाह गर्दै आएकोमा आगामी वर्ष कम्पनीले धितोपत्र व्यवसायसँग सम्बन्धित सम्पूर्ण सेवा प्रदान गर्दै अग्रणी संस्था बन्ने लक्ष्य तथा योजना राखेको बताए ।

# 'डुबान र कटानको समस्या समाधान गर्न योजना बनाएर कार्यान्वयन गरिने'

राँझा (बाँके) । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बाँकेमा राप्ती नदीको बाढीका कारण हुँदै आएको डुबान र कटानको समस्या समाधान गर्न प्रदेश सरकारले योजना बनाएर कार्यान्वयन गर्ने बताएका छन् ।

बुधवार राप्ती सोनारी र नरैनापुर गाउँपालिकामा राप्ती नदीले कटान गरेको स्थलको अवलोकन गर्दै मुख्यमन्त्री आचार्यले नागरिकले भोग्दै आएका डुबान र कटानको समस्या समाधान गर्नेगरी अल्पकालीन र दीर्घकालीन समाधानका योजना अघि सारिने जानकारी दिए ।

राप्ती सोनारी गाउँपालिका-७ खल्लाझगडियामा डुबान र कटानको समस्या बढ्दा मानवबस्ती उच्च जोखिममा परेको छ। स्थलगत अवलोकन गर्दै मुख्यमन्त्री आचार्यले डुबान र कटानको उच्च जोखिम रहेका स्थलको पहिचान गरेर तटबन्धको योजना सञ्चालन गर्ने प्रतिबद्धता जनाए ।

'राप्ती नदीमा आउने बाढी र त्यसले पुऱ्याउने जोखिम न्यूनीकरण गर्न अल्पकालीन र दीर्घकालीन योजना अघि बढाउनुपर्छ । यसमा प्रदेश सरकारले पहल लिन्छ,' मुख्यमन्त्री आचार्यले भने, 'जहाँ जोखिम छ, त्यहाँ तटबन्धको आयोजनाको काम अघि बढाउन अग्रसरता दिइनेछ ।'



राप्ती नदीमा आउने बाढीका कारण बाँकेको तटीय क्षेत्र सधैँ डुबानमा पर्ने गरेका छन् । स्थानीय विस्थापित हुने र खेतीयोग्य जमीन बगरमा परिणत हुँदा समस्या बढ्दै गएको छ । नरैनापुर गाउँपालिका डुबान र कटानका कारण पूर्ण प्रभावित हुँदै आएको छ भने राप्ती सोनारी-७ को ७५ प्रतिशत भूभाग प्रभावित हुँदै आएको स्थानीय पूर्णबहादुर चौधरीले बताए ।

'राप्ती नदीले कटान तीव्र पार्दा हाम्रो उठिवास हुने अवस्था आयो । सरकारले समयमा तटबन्ध नगरे हामी विस्थापित हुने जोखिम छ,' उनले भने, 'समस्या समाधान गर्नेगरी कार्यक्रम सञ्चालन गर्नुपर्छ ।'

राप्ती नदी तटबन्धका लागि संघीय सरकारले जनताको तटबन्ध कार्यक्रम गर्दै आएको छ । यो कार्यक्रमबाट तटबन्ध सञ्चालन गर्न बजेट अभाव हुँदा स्थानीय नदी कटान र डुबानको जोखिममा बस्नुपर्ने बाध्यता छ । जोखिम क्षेत्रको अवलोकन गर्न मुख्यमन्त्री आचार्यसहित प्रतिनिधिसभा सदस्य सूर्य ढकाल, प्रदेशसभा सदस्य, स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधिले स्थानीय बासिन्दासँग छलफलसमेत गरेका थिए । *रासस*

# यसपटक चाँडै बँसी झरे हिमाली भेगका भेडापालक किसान



अछाम । उच्च हिमाली भेगमा बसोबास गर्ने भेडापालक किसान चिसो बढ्न शुरू भएसँगै बेँसी झर्न थालेका छन् । हिउँदयामको शुरुआती चरणमै चिसो धेरै बढ्न थालेपछि बाजुराको उच्च हिमाली भेगमा बसोबास गर्ने भेडापालक किसान चिसो छल्न बेँसी झर्न थालेका हुन् । हिमाली भेगमा अत्यधिक चिसो बढेकाले बालबालिका तथा भेडासहित बेंसी झर्नेक्रम शुरू भएको बाजुराको बूढीनन्दा नगरपालिका-७ पाण्डुसैनका सुरत थापाले बताए ।

हरेक वर्ष चिसो मौसम शुरू भएसँगै हिमाली क्षेत्रका स्थानीय हिउँदेखेती लगाएर मङ्सिरको अन्तिमतिर बेँसी झर्ने गरिए पनि यसवर्ष चाँडै चिसो बढेकाले कात्तिक दोस्रो साताबाटै बेँसी झर्न शुरू भएको उनको भनाइ छ। 'विगतका वर्षमा मङ्सिरको अन्तिमतिर बेँसी झर्थ्यौं तर यसपटक चाँडै चिसो बढ्यो । त्यसैले कात्तिक दोस्रो सातादेखि नै चिसो छल्न हिँड्यौ । मसहित तीन जना किसान तीन सय भेडा लिएर अछाम आइसकेका छौं । अरु पनि आउने क्रम जारी नै छ', थापाले भने ।

चिसो मौसममा अछामको साँफेबगर, मेल्लेख, दर्नालगायत विभिन्न ठाउँमा करीब ६ महीना बसोबास गरी वैशाखदेखि पुनः आफ्नै गाउँको लेकतिर बसाइँ सर्ने प्रचलन रहेको छ । बसाइँ सर्ने क्रममा उनीहरू गन्तव्य नपुगुन्जेल नदी खोला किनार र भेडा च्यांग्राको चरन भएको ठाउँमा बास बस्दै अगाडि बढ्ने गर्छन् । *रासस*

# क्रेस्ट माइक्रो लाइफको 'समृद्धि अग्रिम भुक्तानी लघु जीवन बीमा योजना'

काठमाडौं (अस) । क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडले बुधवार 'समृद्धि अग्रिम भुक्तानी लघु जीवन बीमा योजना' सार्वजनिक गरेको छ । योजनामा बीमा गरेपश्चात् नियमित ५/५ वर्षको अन्तरालमा बीमांक रकमको निश्चित प्रतिशत रकम अग्रिम रूपमा फिर्ता हुँदै जाने र बीमा अवधि समाप्तिमा बाँकी बीमांक रकम तथा सुनिश्चित थप रकम समेत प्रदान हुने बताइएको छ ।

यस योजनामा योजना सहभागी हुन बीमांक रकम न्यूनतम ५० हजारदेखि अधिकतम ५ लाख रुपैयाँसम्म हुनुपर्ने कम्पनीले जानकारी दिएको छ । त्यस्तै बीमितको उमेर न्यूनतम १८ वर्षदेखि अधिकतम ५० वर्षसम्म र अधिकतम बीमा समाप्ति उमेर ७० वर्ष रहने बताइएको छ । बीमाको अवधि १५/२०/२५ वर्ष रहने कम्पनीको भनाइ छ ।

अग्रिम रकम फिर्ता, न्यून बीमाशुल्क, सर्वोत्तम बचत, भरपर्दो लगानी, आयकरमा छूट, आश्रितका लागि भलाई, वृद्धावस्थाको सहारा, बालबच्चाको सुनिश्चित भविष्य जस्ता विशेषतायुक्त यस योजनाले दूरदराजसम्म बीमा साक्षरता अभिवृद्धि गर्ने कम्पनीको अपेक्षा छ ।

बीमांकको निश्चित रकम फिर्ता हुँदै गएपनि पूर्ण बीमांक बराबरको जीवनको सुरक्षण कायम नै रहने यस योजनाले अधिकतम परिपक्व भुक्तानी, मृत्यु सुविधा, दुर्घटनाको कारण मृत्यु भएमा थप १०० प्रतिशत बीमांक रकम, दुर्घटनाका कारण अंगभंग भएमा बीमांकको १०० प्रतिशतसम्म अंगभंग सुविधा, दुर्घटनाको कारण अशक्तता भएमा बीमाशुल्क छूट सुविधाको सुनिश्चितता हुने बताइएको छ ।

# विश्व बाल दिवसका सन्दर्भमा अन्तरक्रिया

काठमाडौं । विश्व बाल दिवस नेपालमा पनि विविध कार्यक्रम आयोजना गरेर मनाइयो । यस क्रममा वन तथा वातावरण मन्त्रालय र संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ)ले यहाँ बुधवार आयोजना गरेको अन्तरक्रियामा वनमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायु संकटका कारण प्रभावित क्षेत्रमा बालबालिकाको सुरक्षित र स्वस्थ जीवनको प्रत्याभूति गर्न सरकारले प्रभावकारी नीति र कार्यक्रमको कार्यान्वयनलाई प्राथमिकता दिने बताएका छन् ।

उनले सरकारका तर्फबाट बालबालिकाको अधिकार सुनिश्चित गर्न, बालबालिकाको आवश्यकतालाई नीति तथा कार्यक्रममा प्राथमिकता दिन र जलवायु परिवर्तनबाट हुने प्रभावलाई कम गर्न कटिबद्ध रहेको प्रतिबद्धतासमेत व्यक्त गरे ।

मन्त्री ठकुरीले भने, 'जलवायु संकट केवल विश्वव्यापी आपत्काल मात्र होइन, यो बाल अधिकारको संकट पनि हो, यसले शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षाको अधिकार, स्वस्छ पानी र हिंसाबाट जोगाउने अधिकारलाई खतरामा पार्छ, नेपालको झण्डै ८० प्रतिशत जनसंख्या जलवायु प्रेरित जोखिमको सामना गरिरहेको अवस्थामा बालबालिका र युवा यस संकटबाट प्रभावित भएका छन् ।'

कार्यक्रममा युनिसेफकी नेपाल प्रतिनिधि एलिस अंकुगाले जलवायु परिवर्तनले नेपालका बालबालिका र युवा पुस्तामा पर्ने असर र रोकथामबारे विस्तृत रूपमा छलफल गर्नुपर्ने आवश्यकता औंल्याए । *रासस*

**यूनिटेक हाइड्रोपावर कम्पनी लि.**
**केन्द्रिय कार्यालयः का.म.न.पा.-३१, काठमाडौं**
**फोन नं. ०१-४४१०६१२३**
**Email: unitechhydropower@gmail.com**

**विशेष साधारण सभा सम्वन्धी सूचना**

**दोश्रो पटक प्रकाशित मितिः २०८१/०८/०६**

**आदरणीय शेयरधनी महानुभावहरु,**

**यूनिटेक हाइड्रोपावर कम्पनी लिमिटेड**को मितिः २०८१/०८/०२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको **विशेष साधारण सभा** निम्न मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन २०६३ अनुसार शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा हुने स्थान र मितिः**
**मितिः** २०८१ मंसीर १९ गते ।
**समयः** दिनको ११:०० बजे
**स्थानः** कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. वडा नं.-३१ काठमाडौं ।

**छलफलका बिषयहरु (एजेण्डा):**
१. कम्पनीको दफा ६ को ख, घ र ङ संशोधन गर्ने सम्बन्धमा ।
२. जारी पूजींवाट (जगेडा) शेयर खरिद विक्री गर्ने अख्तियारी दिने सम्बन्धमा ।
३. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**(प्रवन्ध सञ्चालक)**

**श्रीकृष्ण सेक्यूरिटिज लिमिटेडको**
**२९औ वार्षिक साधारण सभाको सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८१।०८।०६ गते**

यस श्रीकृष्ण सेक्यूरिटिज लिमिटेड को मिति २०८१।०८।०५ गते बुधबार बिहानको १० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस लिमिटेडको २९ औं वार्षिक साधारण सभामा देहाय बमोजिम विषयहरुमा छलफल र निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुदाँ शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :-**
**मिति :** २०८१/०८/२८ गते शुक्रबार (१३, डिसेम्बर २०२४)
**समय :** बिहानको १० बजे ।
**स्थान :** कम्पनीको केन्द्रिय कार्यालय, डिल्लीबजार काठमाण्डौ

**प्रस्तावहरु :-**
**क) सामान्य प्रस्तावहरु :-**
१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२) आ.व. २०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब पारित गर्ने ।
३) आ.व.२०८१/०८२ को लागि लेखा परिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४) सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप वोनश शेयर वितरण गर्दा लाग्ने कर प्रयोजन समेतका लागि नगद लाभाँस वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु :-**
१. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार बोनस शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने र उक्त बोनस शेयर जारी गर्दा हुन आउने शेयरलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने बारे ।
२. प्रस्तावित वोनस शेयर जारी भए पश्चात कम्पनीको जारी पुँजी बृद्धि हुने भएकोले प्रबन्धपत्रको दफा ५ र नियमावलीको नियम ७ (ख) संशोधन गर्न स्वीकृत प्रदान गर्न ।
३) नियमन निकायहरुबाट कुनै थपघट वा संसोधन गर्न निर्देशन भएमा आवश्यक संसोधन तथा परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्न सभाबाट स्वीकृत प्रदान गर्न ।

**ग) विविध :-**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेडको नाममा रहेको उद्योग बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति : २०८१/०८/०६**

यस कम्पनीको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित विवरण सहितको उद्योग र जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोहि अवस्था र परिमाणमा बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित उद्योग सहितको जग्गा खरीद गर्न चाहनेले आफुले खरिद गर्न चाहेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी, सम्पर्क विवरण र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्रको प्रतिलिपी, संस्थागत प्रतिनिधित्वका लागि संचालक समितिको निर्णय जस्ता आवश्यक अख्तियारी देखिने अद्यावधिक कागजात सहित यस कम्पनीको रजिष्टर्ड कार्यालयमा गोप्य शिलबन्दी प्रस्ताव पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीसँग रहनेछ । अन्य सर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। बोलपत्र फारम यस कम्पनीको रजिष्टर्ड कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**तपसिल**

**बिक्रीको लागि प्रस्ताव गरिएको सम्पत्ति विवरणः-**
**जग्गा धनीको नाम र ठेगाना :** प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेड वीरगंज म.न.पा.-३२, चोर्नी, पर्सा ।
**जग्गाको क्षेत्रफल** : जग्गाको कित्ता नं. २८१ क्षेत्रफल २३८० वर्ग मिटर ।
**जग्गामा रहेको भवनहरु :** उक्त जग्गामा उद्योग संचालनको लागी आवश्यक सम्पूर्ण मेशिनरी पार्टपूर्जा जडान गरी निमार्ण सम्पन्न उद्योग र उद्योगको लागि निर्मित भवन, दुई तल्ले आरसिसि (कर्मचारी तथा अफिस) भवन, सामान्य लेवर क्वाटर गरी जम्मा (२२२५०.१० SQ.FT.) को भवन सहित चारै तर्फ आरसिसि बाउण्ड्रीवाल रहेको ।
**जग्गा रहेको स्थान** : पथलैया बीरगंज करिडोर छाता पिपरा चोकबाट पश्चिम १.५ कि.मि. को दुरीमा रहेको ।
**उद्योगको अवस्था** : चालु अवस्थामा रहेको ।
**उद्योगको क्षमता** : दैनिक एक सिफ्टमा २० (बीस) टन भन्दा बढी उत्पादन क्षमता भएको ।
**उद्योगबाट उत्पादन भई रहेको सामग्रीहरु** : एङ्गल, पत्ति, स्क्वायर, टोरकारी लगायत Section Item का सामग्रीहरु उत्पादन गर्दै आई रहेको ।

**नोट :**
(१) जग्गा क्रेताले प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेडको कुमारी बैंकको खाता नं. २३५०२६८६९९१०००01 मा रु २५००।- (अक्षरुपी पच्चीस सय मात्र) फिर्ता नहुने गरि जम्मा गरेको भौचर सहित कम्पनीले तय गरेको आवेदन फारममा खरिद सम्बन्धी विवरण भरेको हुनुपर्नेछ ।
(२) प्रस्ताव "प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेड" को रजिष्टर्ड कार्यालय वीरगंज म.न.पा.वडा नं.३२ वा शाखा कार्यालय का.जि.का.म.न.पा.वडा नं.३२ तिनकुनेमा पठाउनु पर्नेछ ।

**प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेड**
**प्रधान कार्यालय : वीरगंज म.न.पा. वडा नं.३२, पर्सा, नेपाल**
**शाखा कार्यालय : का.म.न.पा. वडा नं.३२, तिनकुने, काठमाडौं**
फोन नं. ०१-५९१३७२८/५९१३७२९
Website : www.prabhusteel.com
E-mail : prabhusteel01@gmail.com

# देशभरका धर्मकाँटालाई डिजिटल बनाइँदै



काठमाडौं । देशभरका सडक पूर्वाधारमा तोकिएको भन्दा बढी भार बोकेको वा नबोकेको भन्ने पत्ता लगाउने प्रणालीका रूपमा रहेको धर्मकाँटालाई अब क्रमशः डिजिटल बनाइँदै लगिने भएको छ । धादिङको धार्केमा रहेको धर्मकाँटालाई बुधवार भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, धुनिबेशी नगरपालिकाका प्रमुख बालकृष्ण आचार्य र नेपाल ट्रक यातायात व्यवसायी महासंघका अध्यक्ष हीरालाल श्रेष्ठले संयुक्त रूपमा डिजिटलाइज गरेसँगै देशभरका धर्मकाँटा डिजिटलाइजेशनको काम शुरू गरिएको छ ।

महासंघको व्यवस्थापनमा रहेको धर्मकाँटाको डिजिटल रूपान्तरणले 'ओभरलोड' नियन्त्रणमा मद्दत पुग्ने विश्वास महासंघले व्यक्त गरेको छ। धर्मकाँटालाई डिजिटल बनाउने उद्देश्यसँगै ओभरलोडका कारण सडकमा हुने क्षति रोक्न र यातायात व्यवसाय थप व्यवस्थित बनाउन यो कदम चालिएको महासंघका महासचिव राजेन्द्रविक्रम बानियाँले जानकारी दिए ।

**धादिङको धार्केमा रहेको धर्मकाँटालाई बुधवार भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, धुनिबेशी नगरपालिकाका प्रमुख बालकृष्ण आचार्य र नेपाल ट्रक यातायात व्यवसायी महासंघका अध्यक्ष हीरालाल श्रेष्ठले संयुक्त रूपमा डिजिटलाइज गरेसँगै देशभरका धर्मकाँटा डिजिटलाइजेशनको काम शुरू गरिएको छ ।**

महासंघले देशभरका धर्मकाँटालाई डिजिटल बनाउने तयारी भइरहेको जनाएको छ । हाल देशभर २१ ओटा धर्मकाँटा सञ्चालनमा छन् । महासंघका अनुसार ती सबै धर्मकाँटालाई क्रमशः डिजिटल बनाउने प्रक्रिया अघि बढाइनेछ । डिजिटलाइजेशनपछि ओभरलोडको तथ्यांक र ट्रकको जानकारी सुरक्षित रूपमा व्यवस्थापन गर्न सकिनेछ ।

सेवा आरम्भ कार्यक्रममा मन्त्री दाहालले डिजिटल धर्मकाँटाले सरकारको यातायात नीति कार्यान्वयनमा सहयोग पुर्‍याउने विश्वास व्यक्त गरे । सो कार्यले व्यवसायीलाई जिम्मेवार बनाउने र यात्रु तथा मालसामानको सुरक्षित ढुवानी सुनिश्चित गर्ने उनको भनाइ थियो ।

महासंघले डिजिटल धर्मकाँटाबाट तत्कालै लाभ प्राप्त हुने र अन्य क्षेत्रमा पनि डिजिटल रूपान्तरणलाई प्राथमिकता दिने योजना बनाएको छ । दुर्घटना न्यूनीकरणदेखि नियमनकारी निकायहरू ट्राफिक प्रहरी, यातायात व्यवस्था विभाग र व्यवसायीलाई आफ्नो सवारीसाधनले के कति भार वहन गरेको छ भन्ने जानकारी प्राप्त हुनेछ । *रासस*

# चिया निर्यात ६९ प्रतिशतले बढ्यो



झापा । मेची भन्सार कार्यालयबाट चालू आर्थिक वर्ष (आव)को पहिलो चौमासिकमा चिया निर्यात ६९ दशमलव २२ प्रतिशतले बढेको छ । कार्यालयको तथ्यांकअनुसार चार महीना (साउन-कात्तिक)मा आठ हजार ६२ दशमलव एक सय ६४ मेट्रिकटन चिया निर्यात भएको हो ।

चिया निर्यातको परिमाणसँगै यसको मूल्य ६७ दशमलव ८७ प्रतिशतले बढेको मेची भन्सार कार्यालयका सूचना अधिकारी गणपति कँडेलले जानकारी दिएका छन् । चालू आवको पहिलो चार महीनामा दुई अर्ब २० करोड ४८ लाख ४० हजार रुपैयाँ बराबरको चिया निर्यात भएको छ । गत आवको सोही अवधिमा एक अर्ब ३१ करोड ३४ लाख ३६ हजार रुपैयाँ बराबरको चिया निर्यात भएको थियो ।

कार्यालयको तथ्यांकअनुसार चालू आवको पहिलो चौमासिक अवधिमा अलैंची, अम्रिसो, छुर्पी, अदुवा, काउली, बन्दागोपी र ब्रोकाउलीको निर्यात घटेको छ । गत आवको सोही अवधीको तुलनामा अलैंची ११ दशमलव ८७ प्रतिशत, अम्रिसो ११ दशमलव ६६ प्रतिशत, छुर्पी ४१ दशमलव ४५ प्रतिशत, काउली, बन्दागोभी र ब्रोकाउली २७ दशमलव ९८ प्रतिशतले निर्यात घटेको सूचना अधिकारी कँडेलले जानकारी दिए । उनका अनुसार भेनियर सिटको निर्यात दुई सय ४१ दशमलव ९४ र प्लाइउडको निर्यात २९ दशमलव ६३ प्रतिशतले बढेको छ ।

मेची भन्सार कार्यालयले चालू आवको कात्तिकसम्ममा चार अर्ब ७२ करोड सात लाख २३ हजार रुपैयाँ राजस्व संकलन भएको जनाएको छ । *रासस*

# 'द्वन्द्वको प्रकृति परिवर्तन भए पनि पीडितको समस्या उस्तै छ'

मनहरी । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री सुरजचन्द्र लामिछानेले द्वन्द्वको प्रकृति परिवर्तन भए पनि द्वन्द्वपीडितका समस्या उस्तै रहेको बताएका छन् ।

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेशले बुधवार हेटौंडामा आयोजना गरेको 'महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सन्दर्भमा प्रदेशस्तरीय अन्तरक्रिया'मा उनले द्वन्द्वपीडित महिला, बालबालिका लामो समयदेखि पीडामाथि पीडा खेप्दै आएकाले यो समस्या समाधानमा प्रदेश सरकारले चासो राखेको बताए ।

मन्त्री लामिछानेले द्वन्द्वपीडितको समस्या समाधानमा अन्तरतहको सरकारबीच समन्वयको कमी भएको बताए । उनले भने, 'दुई दशकदेखिको यो समस्या ज्युँका त्युँ छ, यसलाई समाधान गर्न प्रदेश सरकार द्वन्द्वपीडितको लागि सशक्तीकरण र सबलीकरणमा काम गर्न तयार छ । सम्बन्धित मन्त्रालयसँग समन्वय गरी अब बन्ने कार्यक्रममा

**मन्त्री लामिछानेले द्वन्द्वपीडित महिला, बालबालिका लामो समयदेखि पीडामाथि पीडा खेप्दै आएकाले यो समस्या समाधानमा प्रदेश सरकारले चासो राखेको बताए ।**

महिला, शान्ति र सुरक्षासम्बन्धी विषयलाई प्राथमिकता दिन हाम्रो मन्त्रालय प्रतिबद्ध छ ।'

कार्यक्रममा बागमती प्रदेश सरकारका प्रमुख सचिव डा. हरिप्रसाद लम्सालले दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सन्दर्भमा प्रदेश सरकारले नीतिगत निर्णय गरेर पीडितको पक्षमा काम गर्ने बताए ।

कार्यक्रममा द्वन्द्वपीडित महिलाले आफूहरूलाई द्वन्द्वपीडितको परिचयपत्रको व्यवस्था गरिदिन आग्रह गरेका छन् । द्वन्द्वपीडितहरूको समस्यामा सरकार संवेदनशील नहुँदा जीविकोपार्जनदेखि शिक्षा, स्वास्थ्यजस्ता पक्ष जटिल बनेको उनीहरूको गुनासो थियो ।

द्वन्द्वपीडित महिलाले पीडितहरूको समस्या तत्काल सम्बोधन गरी मासिक भत्ता, परिचयपत्र, आरक्षण कोटा, बीमा, शीपमूलक तालीमको माग गरेका छन् । आदर्श नारी विकास केन्द्र, द स्टोरी किचेनको सहकार्यमा आयोजित कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोग प्रमुख पवन भट्टले दोस्रो राष्ट्रियकार्य योजनाको उद्देश्य, औचित्यबारे जिम्मेवार निकाय र सरोकारवालालाई ध्यानाकर्षण गराएका थिए । *रासस*

# द्वन्द्वपीडित भन्छन्, 'घर गुजारा चलाउन पनि कठिनाइ भयो'

नेपालगञ्ज । सशस्त्र द्वन्द्वका क्रममा पीडित भएकाले दैनिक रूपमा घर गुजारा चलाउन र नियमित औषधि सेवनमा समेत कठिनाइ भएको गुनासो गरेका छन् । विस्तृत शान्ति सम्झौता, सङ्क्रमणकालीन न्याय र द्वन्द्वपीडितको न्यायका सवालमा बुधवार यहाँ आयोजना गरिएको अन्तरक्रियामा उनीहरूले शान्ति प्रक्रिया टुंगोमा नलाग्दा वास्तविक पीडितले राहत, पुनःस्थापनालगायत सेवा पाउनबाट वञ्चित भएको बताएका छन् ।

नेपालगञ्जकी द्वन्द्वपीडित चन्द्रकला उप्रेतीले भएको औँल्याउँदै औषधि खान र खानाका लागिसमेत धौधौ हुन लागेको गुनासो गरे । कोहलपुर- ११ की चन्द्रकला अधिकारीले पीडितका बालबालिकालाई शिक्षामा पहुँच आवश्यक भएकामा जोड दिए । उनले भनिन्, 'सबैलाई पीडा छ तर सुन्ने कोही छैनन् । हामीलाई निःशुल्क औषधि, बालबच्चालाई पठनपाठन र रोजगारीको ग्यारेन्टी भए हुन्थ्यो नि ।'

बैजानाथकी पार्वती बुढाले द्वन्द्वपीडित सबैलाई समान व्यवहार नभएको गुनासो गर्दै पीडितका माग सम्बोधन गर्न शान्ति प्रक्रियालाई टुंगोमा पुर्‍याउनुपर्ने

**अन्तरक्रियामा उनीहरूले शान्ति प्रक्रिया टुंगोमा नलाग्दा वास्तविक पीडितले राहत, पुनःस्थापनालगायत सेवा पाउनबाट वञ्चित भएको बताएका छन् ।**

द्वन्द्वपीडितलाई औषधि उपचार निःशुल्क भए सहज हुने उल्लेख गर्दै विगतका प्रतिबद्धतालाई कार्यान्वयनमा ल्याउन आग्रह गरिन् । राप्तीसोनारीका द्वन्द्वपीडित रामरतन चौधरीले शान्ति सम्झौतापछि द्वन्द्वपीडितलाई न्याय हुन नसेकेको र पीडितहरूको जीवन बीमा र स्वास्थ्य बीमा आवश्यक रहेको धारणा राखे ।

उनले द्वन्द्वपीडितलाई परिचयपत्रसमेत जरूरी बताए । मानवअधिकार आयोग, बाँकेकी प्रमुख द्वारिका अधिकारीले द्वन्द्वपीडितका उजुरी र गुनासाको न्यायोचित सम्बोधन हुनुपर्ने बताए । एड्भोकेसी फोरम नेपाल, बाँकेका संयोजक तथा अधिवक्ता वसन्त गौतमले शान्ति प्रक्रिया टुंगोमा नपुग्नु दुःखद भएको औँल्याउँदै द्वन्द्वपीडितको अवस्थामा सुधार आउन नसकेको बताए । *रासस*

## धितोमा रहेको चलअचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८१/०८/०६)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक-पटक मौखिक तथा लिखित रुपमा तरताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनु हुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चलअचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसीलः**

**धितो लिलाम बिक्री हुने मितिः** २०८१ साल पुष महिना ११ गते

**सम्बन्धित कार्यालयः** कृषि विकास बैंक लि., शाखा कार्यालय भोटेओडार **लिलाम हुने कार्यालय/स्थानः** शाखा कार्यालय बेशीशहर

**ग्राहकको विवरण**

**१.ग्राहकको नामः सिम्रन एण्ड सन्ध्या बंगुर फर्म**, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय लमजुङ दर्ता नं.१७४८/०७०/७१
दर्ता मितिः २०७१/०१/२५ पान नं.: ६०२०९२४७०

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| संचालन पुंजी | गोपाल बहादुर कुमाल (कमल) | लमजुङ | सुन्दरबजार | ०४ | १८१, १८२, १८३२२८० | १–१२–०–२, ०–१५–०–२ ०–१५–३–२, २–५–१–३ |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| बिक्रम कुमाल | सुन्दरबजार न.पा. -०४ | ३७७२२ | लमजुङ ,२०५८/०५/२७, जिल्ला प्रशासन कार्यालय लमजुङ | गोपाल बहादुर कुमाल (कमल) | संसेर बहादुर भन्ने सेर बहादुर कुमाल |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| गोपाल बहादुर कुमाल (कमल) | सुन्दरबजार न.पा.-०४ | ७/३०७७ | लमजुङ/२०४४/१२/२९/ जिल्ला प्रशासन कार्यालय लमजुङ | संसेर बहादुर भन्ने सेर बहादुर कुमाल | गंगे कुमाल |

**२. ग्राहकको नामः राम बहादुर गुरुङ**, ना.प्र.नं.: ३२६३९, जारी मितिः २०५७/०३/२६, जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय,लमजुङ
बाबुको नामः रन बहादुर गुरुङ, बाजेको नामः नरजङ गुरुङ

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| कुखुरा पालन | रन बहादुर गुरुङ | लमजुङ | तार्कु | ०७ | ४५३, ४५२ | २–१०–०–२, ३–१२–१–२ |

**३. ग्राहकको नामः संजोग ग्यास चुल्हो पसल,** दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति, लमजुङ फर्मको दर्ता नं. २१२३/०७२/७३
दर्ता मितिः २०७२/०४/११ पान नं.: ६०२८५६०६९

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| संचालन पूँजी | बुद्धि बहादुर सापकोटा | लमजुङ | सुन्दरबजार | ०४ | १२२६ | ०-५-३-२ | हाल सुन्दरबजार-७ |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| बुद्धि बहादुर सापकोटा | सुन्दरबजार-०७ | ११३७९ | लमजुङ/ २०४९/०३/२९ / जिल्ला प्रशासन कार्यालय | गणेश बहादुर सापकोटा | विर बहादुर सापकोटा |

**४. ग्राहकको नामः शंसेर बहादुर परियार**, ना.प्र.नं.:६०६९, जारी मितिः २०४१/११/०४ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, लमजुङ

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| सरल कृषि कर्जा | शंसेर बहादुर परियार | लमजुङ | परेवाडाँडा | ०७ | १२९, १३६ | ०-१४-२-२, ०-८-३-३ |
| | | | | ०५ | ५२८, ५३० | १-४-०-२, २-६-२-३ |
| | | | | ०६ | ५१ | ०-९-२-१ |

**५. ग्राहकको नामः कालु गुरुङ**, ना.प्र.नं.१६८१४, जारी मितिः २०५१/०८/२९, जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, लमजुङ
बाबुको नामः सुक बहादुर गुरुङ बाजेको नामः बिष्णु बहादुर गुरुङ

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| आलु खेती | कालु गुरुङ | लमजुङ | तार्कँ | ०२ | ३९३ | १-१४-०-० |
| | | | | ०१ | ३५४, ३७०, ३५५ | ०-१४-०-०, १-४-०-०, ०-४-०-० |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना व्यक्ति/संस्थाहरुले भागलिएको हुनु पर्नेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशतहुने रकम धरौटी बापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मिति मा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतःजफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याजदाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चलअचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै ब्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वानदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाडौं**



तस्वीर : रासस

**विश्व रामसार सूचीमा सूचीकृत कैलालीको घोडाघोडी नगरपालिकास्थित घोडाघोडी ताल ।**

## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

**(सूचना प्रकाशित मितिः-२०८१।०८।०६ गते)**

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित ३५(पैंतीस) दिनभित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चलअचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसील**

**सम्बन्धित कार्यालय तथा लिलाम हुने कार्यालय र स्थानः- कृषि बिकास बैंक लि. शाखा कार्यालय विरगंज, पर्सा ।**

**धितो लिलाम बिक्री हुने मिति :- २०८१ साल पुष २१ गते आईतवार :- ग्राहक नं १ देखी ५ सम्म**
**२०८१ साल पुष २२ गते सोमवार :- ग्राहक नं ६ देखी १२ सम्म**

**ग्राहकको विवरण**

**१- फर्मको नामः- रोहित ट्रेड सप्लायर्स** दर्ता भएको कार्यालयः वाणीज्य आपुर्ती तथा उपभोक्ता संरक्षण कार्यालय, पर्सा । दर्ता नं.:- ३९९३४।०७६।७७ दर्ता मिति :-२०७६।१२।०५ पान नं.:- ६१३२७०९८८

**प्रोपाईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु | पती |
|---|---|---|---|---|---|
| शोभा देवी यादव | प्रसौनीविर्ता १ पर्सा । | ७०१२२०८७ | जि.प्र.का.पर्सा/२०६२।११।०१ | पुनीलाल | श्री निवास प्रसाद यादव |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (व.मी) |
|---|---|---|---|---|---|
| धेनुक राउत अहीर | पर्सा | विरगंज | १६ | २२ | १६३.२ |
| | | रामगढवा | ८ | ५८ | १२३.७५ |
| | | विरगंज | १४ | १०० | ८४.६५ |
| मानमती देवी अहीरनी | पर्सा | प्रसौनीविर्ता | २ | ८१, ३५७ | ११३५, ६७.७२ |
| | | विरगंज | १६ | १२५, १३६, १५७ | ३३.८६, २०.८, २०.४४ |

**२- फर्मको नामः- राधिका सः तथा फर्निचर उद्योग** दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय पर्सा । दर्ता नं.:- ९१७५।०७४।०७५ दर्ता मिति :- २०७४।१०।२३ पान नं.:- ६०४९८८९१५

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| प्रभु प्रसाद यादब | चोर्नि २ | २१८११५२९ | जि.प्र.का.पर्सा / २०५३।०५।५ | कैलास राउत अहिर | बिर्छा राउत अहिर |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| प्रभु प्रसाद यादब | पर्सा | बेलवा प्रसौनि | ६ | १९२, २२५ | ०-४-०, ०-४-१० |

**३- फर्मको नामः- अविनास पोल्ट्री फर्म** दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय पर्सा । दर्ता नं.:- ८३२८।०७३।०७४ दर्ता मिति :- २०७३।०६।०६ पान नं.:- ६०५१३२३५५

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकताजारी भएको कार्यालय र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| नवलकिशोर साहकानु | झौवागुठी १ | ६६।४०८२२४७८ | जि.प्र.का.पर्सा / २०५८।०३।१० | चनरदेव साहकानु | राजा साहकानु |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (व.मी) |
|---|---|---|---|---|---|
| नवलकिशोर साहकानु | पर्सा | झौवागुठी | १ | ९६५, ९६७ | ०-०-८-०, ०-०-१९-१० |
| परमशिला देबि | पर्सा | झौवागुठी | १ | ३८६, ३८८, ९६६, ९६८ | ०-२-०-०, ०-१-१४-०, ०-०-८-०, ०-०-१९-१० |

**४- फर्मको नामः- कृष्ण पशु पालन उद्योग** दर्ता भएको कार्यालयः- घरेलु तथा साना उद्योग कार्यालय पर्सा । दर्ता नं.:- ७५४७०७१।०७२ दर्ता मिति :-२०७२।०२।०२ पान नं.:- ६०३२१०९४५

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| अक्षलाल प्रसाद यादव | बैरिया बिर्ता दापु ४ | ०५६४२५३७ | जि.प्र.का.पर्सा, २०५१।०१।२५ | भिखारी राउत अहिर | हर्षित राउत |

**लिलामहुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (व.मी) |
|---|---|---|---|---|---|
| अक्षलाल प्रसाद यादब | पर्सा | बागेश्वरी तित्रौना | ९ | ३७७, ४१०, ८ | १२३६, १४७४.५, ७४४८ |

**५- ग्राहकको नामः- सत्य नारायण प्रसाद साह** ना.प्र.नं.:- ०४४६०३२४ जारी मितिः- २०२८।०३।०१ जारी भएको कार्यालयः- जि.प्र.का. पर्सा । वावुको नामः- माधो साह वाजेः- महन्थ साह

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| सत्य नारायण प्रसाद साह | पर्सा | बगहि | १ | ३५५, २६१, ३६८ | ०-१-२, ०-६-१-८, ०-७-३-० |
| | | | २ | ८७, ८६, ८३ | ०-१-२-०, ०-०-७-०, ०-०-८-० |

**६- ग्राहकको नामः- जोगिन्द्र प्रसाद कुर्मी** ना.प्र.नं.:- ९८६१२१५२ जारी मितिः२०६२।०९।२० जारी भएको कार्यालयः जि.प्र.का.पर्सा । वावुः- शंकर कुर्मी वाजेः-रामा राउत कुर्मी

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| देवमति कुर्मीन | पर्सा | उदयपुरघुर्मी | ४ | १०२५ | ०-१-० |

**७- ग्राहकको नामः- राजेश्वर महतो कोईरी** ना.प्र.नं.:- ६३९७१६०३१६७ जारी मितिः २०४१।०३।३२ जारी भएको कार्यालयः जि.प्रका.पर्सा वावुको नामः- दरोगा महतो कोईरी वाजेः- राम लखन महतो

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल ( व.मी) |
|---|---|---|---|---|---|
| राजेश्वर महतो कोइरी | पर्सा | बिरगंज | १५ | ७१९, ७१५, २१ | ६३.५, १६.९३, १७.२ |

**८- ग्राहकको नामः- शिबशंकर प्रसाद** ना.प्र.नं.:- ५६७७०१२१४५९ जारी मितिः- २०४४।११।१६ जारी भएको कार्यालयः जि.प्र.का. पर्सा वावुः- रामकृत साह तेलि वाजेः- गया प्रसाद तेलि

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| शिवशंकर प्रसाद | पर्सा | प्रसौनिबिर्ता | ५ | ३५१, ४५६ | ०-०-९, ०-५-२ |

**९- ग्राहकको नामः- पचिया देबि थरुनि** ना.प्र.नं.:- १५८८०५३३ जारी मितिः- २०३५।०१।०१ जारी भएको कार्यालयः- जि.प्र.का. पर्सा पतिः- जंग बहादुर दास थारु वाजे :- सुखल राउत

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| पचिया देबि थरुनि | पर्सा | बिरुवागुठी | ४ | ७२, ७३ | ०-५-१०, ०-२-१० |

**१०- फर्मको नामः- बृन्दावन मिठाई पसल** दर्ता भएको कार्यालयः- बिरगंज उ.म.न.पा. कार्यालय पर्सा । दर्ता नं.:- ११०७१।२०७१।२०७२ दर्ता मिति :- २०७२।०२।०५ पान नं.:- ६०३८६९२०२

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| ताराचन साहगोढ | बिरगंज १६ | ६४१२१४०९ | जि.प्र.का.पर्सा / २०४५।०२।१५ | गोपाल साहगोढ | महादेव साहगोढ |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाहा) |
|---|---|---|---|---|---|
| ताराचन साहगोढ | पर्सा | नगवाबी | १ | १५४, १५६, १५७,६५ | ०-०-१-०, ०-०-१-०,०-०-३-१२, ०-०-१-८ |

**११- ग्राहकको नामः- लक्ष्मण प्रसाद गुप्ता** ना.प्र.नं.:- १६०३०६८५१ जारी मितिः- २०३३।१०।१९ जारी भएको कार्यालयः- जि.प्र.का. पर्सा वावुः- मिठु साह गुप्ता वाजेः- सुखारी साहकानु

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (व.मी) |
|---|---|---|---|---|---|
| लक्ष्मण प्रसाद गुप्ता | पर्सा | बिरगंज | १० | १८३ | ८४.६५ |

**१२- ग्राहकको नामः- सुनैना देबि बरै** ना.प्र.नं.:- ६०४८०४०१ जारी मितिः-२०३५।०९।१२ जारी भएको कार्यालयः- जि.प्र.का. पर्सा पतिः- छठु राउत ससुराः- जगदेव राउत

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| सुनैना देबि बरै | पर्सा | मनियारी | ४ | ३६९ | ०-३-६ |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना ब्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित शाखामा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चलअचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारवाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय रामशाहपथ, काठमाण्डौं ।**

कोप-२९

# तापक्रम वृद्धि १.५ डिग्रीमा सीमित गर्नुपर्नेमा जोड




अजरबैजान (बाकु) । विश्वमा बढ्दै गएको तापमान वृद्धि रोक्न नसके जलवायुजन्य विपद्को भयावह अवस्था सृजना हुने भन्दै कार्बन उत्सर्जन कटौती गरेर तापक्रम वृद्धिलाई १ दशमलव ५ डिग्री सेल्सियसमा सीमित गर्नुपर्नेमा जोड दिइएको छ । अजरबैजानको बाकुमा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (यूएनएफसीसीसी)का पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप-२९)मा उपस्थित अतिकम विकसित मुलुक (एलडीसी)का प्रतिनिधिहरूले कार्बन उत्सर्जन बढी गराउने मुलुकले उत्सर्जन कटौती गर्नुपर्नेमा जोड दिएका हुन् ।

कार्बन उत्सर्जन गराउन प्रमुख भूमिका निर्वाह गर्ने औद्योगिक मुलुकले उत्सर्जन कटौती गर्न नवीकरणीय ऊर्जाको प्रयोगमा जोड दिनुपर्ने, खनिज इन्धनको प्रयोग नगर्ने वा कम गर्नुपर्नेलगायत मागसहित एलडिसीको समूहले कोप-२९ मा पैरवी गरिरहेको छ । खनिज इन्धन प्रयोग नगर्ने हो भने आफ्नो मुलुकको अर्थतन्त्र संकटमा पर्न सक्ने भन्दै इन्धन उत्पादक मुलुकहरू भने सहमतिमा आउन चाहेका छैनन् ।

कोप-२१ को फ्रान्समा भएको पेरिस सम्झौताले पनि विश्वको तापमान वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा कायम राख्नेगरी सबैले आफ्नो राष्ट्रिय निर्धारित योगदान (एनडीसी) बनाएर कार्यन्वयन गर्नुपर्नेमा जोड दिएको थियो । पेरिस सम्झौता कार्यान्वयन गर्नैपर्ने र जलवायुको संकटबाट पृथ्वीलाई जोगाउनुपर्नेमा कोप-२९ मा जोड दिइएको छ ।

सम्मेलनमा सहभागी अतिकम विकसित मुलुकका प्रतिनिधिहरू कार्बन उत्सर्जन घटाएर पृथ्वीको तापक्रम वृद्धि १ दशमलव ५ डिग्री कायम राख्न विकसित तथा औद्योगिक मुलुकहरू अग्रसर नहुने हुन् कि भन्ने आशंकासहित चिन्तित देखिन्छन् ।

नेपालको वन तथा वातावरण मन्त्रालयका सचिव डा. दीपककुमार खरालले विश्वको तापमान वृद्धि १ दशमलव ५ डिग्री सेल्सियस कायम नराखे नेपालजस्ता अतिकम विकसित मुलुकहरू जलवायुजन्य संकटको मारमा पर्ने भन्दै तापमान वृद्धि सीमित राख्नुपर्नेमा नेपालसहितका मुलुकका प्रतिनिधिले निरन्तर पैरवी गर्दै आएको बताए । 'विश्वमा तापमान गराउने मुख्य तत्त्व कार्बन उत्सर्जन हो । यसको कटौतीको लक्ष्य कार्यान्वयन गर्नुपर्छ भनेर हामीले विगतका कोपमा पनि भन्दै आएका थियौं,' उनले भने, 'यस वर्षको कोपमा पनि यही मुद्दालाई निरन्तरता दिँदै तापमान वृद्धि सीमित गर्ने स्थितिपत्र तयार पारेर ल्याएका थियौं ।'

नेपालले सन् २०२० को डिसेम्बरमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिको सचिवालयमा दोस्रो राष्ट्रिय

**कार्बन उत्सर्जन गराउन प्रमुख भूमिका निर्वाह गर्ने औद्योगिक मुलुकले उत्सर्जन कटौती गर्न नवीकरणीय ऊर्जाको प्रयोगमा जोड दिनुपर्ने, खनिज इन्धनको प्रयोग नगर्ने वा कम गर्नुपर्नेलगायत मागसहित अतिकम विकसित मुलुक (एलडिसी)हरूले कोप-२९ मा पैरवी गरिरहेका छन् ।**

निर्धारित योगदान (एनडीसी) पेस गरेको थियो । एनडीसीमा परिमाणात्मक र नीतिगत न्यूनीकरणका लक्ष्यका साथै अनुकूलनका प्राथमिकता समेत निर्धारण गरेको थियो । नेपालले सन् २०२१ अक्टोबरमा स्वीकृत गरेको खुद शून्य उत्सर्जन दीर्घकालीन रणनीतिअनुसार सन् २०४५ सम्ममा उत्सर्जन न्यूनीकरण गर्दै दिगो रूपमा खुद शून्य उत्सर्जन हासिल गर्ने लक्ष्य राखेको छ ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन माहाशाखा प्रमुख डा. सिन्धुप्रसाद ढुंगानाले एनडीसी कार्यान्वयनका लागि नेपालजस्ता अतिकम विकसित मुलुकलाई जलवायु वित्त आवश्यक पर्ने भन्दै बाकुमा जारी कोपमा विकसित मुलुकहरूले जलवायु वित्तको आकार बढाउन प्रतिबद्ध हुनुपर्नेमा जोड दिए ।

लामो समयदेखि नेपालको हितका लागि नेगोसेसनमा भाग लिएर पैरवी गर्दै आइरहेका जलवायुविद् मञ्जित ढकालले पनि कोपमा यतिबेला कार्बन उत्सर्जन कटौती गरेर तापमान वृद्धिलाई एक दशमलव तीनदेखि १ दशमलव ५ डिग्री सेल्सियसमा कायम राख्नुपर्ने बताए । साथै जलवायु वित्तको आकार बढाउनुपर्ने एजेन्डामा निरन्तर छलफल भइरहेको जानकारी उनले दिए ।

### 'तापमान वृद्धि सीमित नराखे हिमाल संकटमा'

वन तथा वातावरण मन्त्रालयका सहसचिव डा. महेश्वर ढकालले तापमान वृद्धिलाई सीमित नराख्ने हो हिमाल पग्लिएर कालापत्थरमा परिणत हुने बताए । तापमान वृद्धि रोकेर हिमाल जोगाउन पहल र पैरवी भइरहेको उनको भनाइ छ । 'हिमाल कमजोर भौगर्भिक अवस्था र जलवायुको उच्च जोखिमा रहेको क्षेत्र भएकाले पनि यसलाई जोगाउन विश्वको तापमान वृद्धिलाई सीमित राख्नुपर्छ,' उनले भने, 'जलवायु परिवर्तनको असरले हिमाली क्षेत्रका बासिन्दा बसाइँ सर्न थालेका छन्, यसले हिमाली भेगको संस्कृति समेत लोप हुँदै गएको छ । यस्तो अवस्थामा विकसित र उच्च कार्बन उत्सर्जन गर्ने मुलुकको सहयोगमा एकीकृत र बृहत् आयोजना सञ्चालन गर्नुपर्छ ।'

एसियाली विकास बैंक (एडीबी)को नयाँ अनुसन्धानले जलवायु परिवर्तनको प्रभावले विकासशील एसिया र प्रशान्त क्षेत्रमा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) सन् २०७० सम्ममा १७ प्रतिशतले घटाउन सक्ने देखाएको छ ।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को अध्ययनअनुसार हिन्दूकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनको असर विश्वको औसतको तुलनामा तीन गुणा बढी छ । इसिमोडका अनुसार उक्त क्षेत्रमा सन् २०११ देखि सन् २०२० को एक दशकमा त्यसअघिको तुलनामा हिमनदी पग्लने क्रम ६५ प्रतिशतले बढी छ । *रासस*

## उपनिर्वाचनमा बालबालिकाको प्रयोग नगर्न आग्रह

काठमाडौं । बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (जिसप)ले उपनिर्वाचनको कुनै पनि कार्यक्रममा बालबालिकाको प्रयोग नगर्न अनुरोध गरेको छ । जिसपले विद्यालयलाई शान्ति क्षेत्रको रूपमा कायम राख्न र उक्त क्षेत्रमा कुनै पनि राजनीतिक कार्यक्रम नगर्न सम्पूर्ण राजनीतिक दल र सम्बन्धित सबैमा अपिलसमेत गरेको छ ।

'सम्पूर्ण राजनीतिक दलमा निर्वाचन आचारसंहिता २०७८ को पालना गर्न र बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ७ तथा दफा ६६ र विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ समेतको विरुद्ध हुने गरी कुनै पनि क्रियाकलाप नगर्न अनुरोध गर्दछौं,' जिसपद्वारा बुधवार जारी विज्ञप्तिमा भनिएको छ ।

विसं २०७९ मा सम्पन्न भएको स्थानीय तहको निर्वाचनपछि देशभरबाट विभिन्न कारण स्थानीय तहमा रिक्त जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाअध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदमा यही मङ्सिर १६ गते आइतबार उपनिर्वाचन हुँदै छ । *रासस*

## अधिकतम खुद्रा बिक्री मूल्य प्रकाशनको सूचना

यस **Milano Trade Pvt. Ltd.** कम्पनीले पैठारि गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य **(MRP)** निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकांशन गरिएको छ ।

| क्र.स. | मालबस्तुको विवरण | ब्राण्ड | मोडेल | उत्पत्तिको मुलुक राष्ट्र | ईकाई | प्रति ईकाई मुल्य | अधिकतम खुद्रा बिक्री मूल्य |
|---|---|---|---|---|---|---|---|
| 1. | Freezer | FRICON | SMR 25000 SLB VCC+UN AVS | PORTUGAL | PCS | NPR | 486273 |
| 2. | Freezer | FRICON | SMR 194SLB VCC AVS | PORTUGAL | PCS | NPR | 445196 |

विक्रेताको नाम : **Milano Trade Pvt. Ltd.** स्थाई लेखा नं.**606551083**
ठेगाना : सातदोबाटो, ललितपुर फोन नं. ०१-५५५२३२१

# चितवनका दुई पालिकामा दूध 'जोन'

चितवन । पशु सेवा कार्यालयले पूर्वी चितवनका दुई पालिकालाई दूध 'जोन'का रूपमा घोषणा गरेर कार्यक्रमलाई अघि बढाइएको छ । पूर्वी चितवनको खैरहनी नगरपालिका र राप्ती नगरपालिकामा जोन कार्यक्रम सञ्चालन गरिएको हो ।

पशु सेवा कार्यालयका सूचना अधिकारी सविना मिश्रका अनुसार खैरहनीका १० वडा र राप्तीका आठ वडालाई समावेश गरेर दूध जोन कार्यक्रम लागू गरिएको हो । दैनिक १० लिटर वा सोभन्दा माथि दूध उत्पादन गर्ने निजी फार्म तथा साझेदार संस्थाले अनिवार्य रूपमा पशु बीमा गरेको हुनुपर्ने गरी कार्यक्रम लागू गरिएको हो । जोन कार्याक्रम लागू हुन दैनिक ३० हजार लिटर दूध उत्पादन हुने क्षेत्र हुनुपर्ने हुन्छ ।

**पशु सेवा कार्यालयका सूचना अधिकारी सविना मिश्रका अनुसार खैरहनीका १० वडा र राप्तीका आठ वडालाई समावेश गरेर दूध जोन कार्यक्रम लागू गरिएको हो ।**

कार्यक्रम लागू भएका वडाबाट हाल ४६ हजार एक सय तीन लिटर दूध उत्पादन हुँदै आएको छ । जोन कार्यक्रमअन्तर्गत एक किसानले अधिकतम रु ७५ हजार अनुदान पाउनेछन् । जोन कार्यक्रममा ३० जना किसान सहभागी रहेका छन् । गत वर्षसमेत यो कार्यक्रम खैरहनी र राप्ती नगरपालिकामा लागू भएको थियो ।

जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेका अनुसार त्यसअघि भरतपुर महानगरपालिका र रत्ननगर नगरपालिकामा दूध जोन कार्यक्रम लागू गरिएको थियो । यस कार्यक्रममा सहभागी हुने कृषकले व्यवसाय दर्ता, दूध उत्पादनको सहकारीमार्फत प्रमाणित गर्नेलगायत प्रक्रिया पूरा गरेपछि गाई खरीदका लागि रू. ७५ हजार अनुदान दिइने गरेको उनले बताए । उनले भने, 'दूध जोन कार्यक्रमले पशुपालन गर्ने कृषकलाई उत्साह थपेको छ ।' *रासस*

# सडक जोडिए पनि पर्यटकीय स्थल टोड्के पुग्न सकस

म्याग्दी । म्याग्दीको रघुगंगा, मंगला गाउँपालिका र बेनी नगरपालिकाको सिमानामा रहेको पर्यटकीय स्थल टोड्के जोड्ने पाँचओटा सडक छन् । पाँचओटा सडकले जोडिए पनि यातायातका साधनमार्फत टोड्के पुग्न भने मुस्किल हुने गरेको छ । पर्यटकीय सम्भावना बोकेको टोड्के जोड्ने सडक धेरै भए यात्रा भने सकसपूर्ण हुने गरेको हालै त्यहाँको भ्रमण गरेर फर्किएका बेनीका देवी जिसीले बताइन् । 'टोड्के पुग्नै समस्या छ, पुगेपछि भने रमाइलो छ,' उनले भनिन् ।

बेनी नगरपालिका-१० वाखेत, रघुगंगा गाउँपालिका-५ झिँ, बेनी नगरपालिका-५ डडुवा, मंगला गाउँपालिका-१ पूर्णगाउँ र कुहुँ-भिरकटेरा हुँदै टोड्के जोड्ने सडक छन् । घुम्ती तथा ग्रेड नमिलेको कच्ची सडकमा बर्खा र हिउँ पर्ने समयमा यातायातका साधन चल्दैनन् । अन्य समयमा पनि यात्रा जोखिमपूर्ण छ । निर्माण भएका सडक स्तरोन्नति गर्नेभन्दा नयाँ सडक निर्माण गर्ने होडबाजीले कुनै सडक स्तरीय बन्न नसकेको मंगला-१ पूर्णगाउँका खगेन्द्र खत्रीले बताए ।



टोड्के हिल रिसोर्ट एण्ड होमस्टे प्रालिका सञ्चालक भीम शेरचनले सडकको समस्याका कारण अपेक्षाकृत रूपमा टोड्केमा पर्यटक आउन नसकेको बताए ।

'हिउँ नपर्दा र वर्षा नहुँदा मोटरसाइकल, जीप र ट्र्याक्टर मात्र चल्छन्,' उनले भने, 'ढुवानी र गाडी रिजर्भ गर्दा महँगो शुल्क तिर्नुपर्छ ।' पर्यटकले सडकको अवस्थाबारे गुनासो गर्ने गरेको शेरचनले बताए ।

खाना पकाउने ग्यासको एउटा सिलिण्डर बेनीदेखि टोड्के पुर्‍याउँदा २५० भाडा तिर्नुपर्छ । नियमित गाडी नचल्ने भएकाले पर्यटक त्यहाँ पुग्न गाडी रिजर्भ गर्नुपर्छ । बेनी-अर्थुंगे-झिँ हुँदै टोड्के (१९ किलोमिटर), बेनी-अर्थुंगे-पात्लेखेत-वाखेत गाउँ हुँदै टोड्के (१५ किलोमिटर), १९ किलोमिटर दुरीको बेनी-गलेश्वर-पात्लेखेत-वाखेत-टोड्के र बेनी-अर्थुंगे-पुलाचौर-डडुवा-पूर्णगाउँ हुँदै टोड्के (१४ किलोमिटर) दूरीको सडक प्रयोग गर्न सकिन्छ ।

बेनी-सिम-कुहँ-पूर्णगाउँ हुँदै टोड्के जोड्ने २९ किलोमिटर दूरीको सडकको विकल्पमा गत आर्थिक वर्षमा मंगला गाउँपालिकाले रू. २२ लाख खर्चेर कुहुँ-भिरकटेरा-टोड्के सडक निर्माण गरेको थियो । बस्ती, बस्तीको अनुकूलताका लागि खनिएका सबै सडकमा गाडीलाई घुम्ती नपुग्ने र ग्रेड नमिल्ने समस्या छ ।

### पालिकाको प्राथमिकता सडकमै

बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बेनीदेखि सात किलोमिटरमाथि जम्रेनीसम्म सडक कालोपत्र र ढलान भएको जानकारी दिँदै तोरीपानीसम्मको थप चार किलोमिटर सडक प्रदेश सरकारमार्फत स्तरोन्नति भइरहेको बताए ।

मुख्य बेनी-पाखापानीबाहेक बस्तीदेखि टोड्के जोड्ने कुन सडकलाई प्राथमिकता दिने भन्ने यकिन नहुँदा समस्या भएको उनको भनाइ छ । प्रदेश सरकारको २० करोड बजेटबाट स्तरोन्नति भइरहेको बेनी-पाखापानी सडकमा यस वर्ष बेनी नगरपालिका र संघीय सरकारको साझेदारीमा कार्यान्वनय हुनेगरी रू. तीन करोड बजेट विनियोजन भएको छ । बेनीदेखि पुलाचौरतर्फको सडकअन्तर्गत पुरुण्डेसम्मको सडक ढलान र कालोपत्र भएको छ ।

रघुगंगा गाउँपालिका-५ का वडाध्यक्ष मनबहादुर शेरमञ्जाले झिँदेखि टोड्के जोड्ने सडक क्रमागत योजनाका रूपमा स्तरोन्नति भइरहेको र चालू आवमा संघीय सरकारले रू. ५० लाख विनियोजन गरेको बताए । *रासस*

भेरी कोरिडोर

# नलगाड-तल्लु खण्डमा धमाधम काम हुँदै

सुर्खेत । भेरी कोरिडोर सुर्खेतबाट शुरू भई चीनको स्वशासित क्षेत्र तिब्बतको सिमानामा टुंगिन्छ । एक सय १८ किलोमिटर लामो सडकअन्तर्गत जाजरकोटको नलगाड नगरपालिकाको तल्लुसम्म कालोपत्र गर्ने योजनाअनुसार हाल ५६ किलोमिटर खण्डमा धमाधम काम भइरहेको छ ।

सुर्खेत, सल्ल्यान, जाजरकोट, रुकुमपश्चिम र डोल्पालाई जोड्ने यो सडक बाँकेको जमुनाहबाट शुरू भएर तिब्बत सीमासम्म पुग्छ । हाल तीन सय १० किलोमिटरमध्ये सुर्खेतबाट जाजरकोटको तल्लुसम्मको ठेक्का लागेर काम भइरहेको छ । डोल्पाको दुनैसम्म ६२ किलोमिटर सडक ठेक्का लाग्न बाँकी छ ।



**एक सय १८ किलोमिटर लामो सडकअन्तर्गत जाजरकोटको नलगाड नगरपालिकाको तल्लुसम्म कालोपत्र गर्ने योजनाअनुसार हाल ५६ किलोमिटर खण्डमा धमाधम काम भइरहेको छ । सुर्खेत, सल्ल्यान, जाजरकोट, रूकुमपश्चिम र डोल्पालाई जोड्ने यो सडक बाँकेको जमुनाहबाट शुरू भएर तिब्बत सीमासम्म पुग्छ ।**

कोरिडोरमा पुल निर्माण अलपत्र छ । नलगाड खोला, झिर्मेखोला क्याराभान हिराचन जेभीले कामको जिम्मेवारी २०७७ माघ २ गते लिएको थियो । उक्त पुल निर्माण गर्ने अन्तिम मिति सकिएर धैरै पटक म्याद थप्ने काम भइसकेको छ । त्यस्तै त्रातखोला, मैदेखोला, तासुखोलामा २०७७ माघ २ गते रायमाझी, क्याराभानले लिएको ठेक्काका पुल अलपत्र छन् ।

पुलको जग पनि खनिएको छैन । पुल निर्माणको जिम्मेवारी लिने तर काम नगरी लामो समयदेखि अलपत्र पार्ने तरीकाले समस्या हुँदै आएको छ । निर्माण अलपत्र पार्नेलाई दण्ड दिन राज्यले ढिला गर्न नहुने यस क्षेत्रका स्थानीयवासीको माग छ ।

निर्माण कम्पनी क्याराभानले नै जाजरकोट, रुकुमपश्चिम र डोल्पाको सिमानामा रहेको त्रिवेणीमा जगदुल्ला जलविद्युत् आयोजनाले निर्माण गर्न लागेको रू. १५ करोडको पुल अलपत्र पारेको छ । डोल्पा जाँदा वर्षायाममा पाँच ठाउँमा यातायात फेर्नुपर्ने अवस्था छ ।

भेरी कोरिडोरका अलपत्र पुलका बारेमा कार्यालयले निर्माण व्यवसायीसँग ताकेता गर्दा सुनुवाइ नभएको आयोजना प्रमुख सुनिल रन्जितकारले गुनासो गरे । *रासस*

# सिञ्जा सभ्यता खस संग्रहालय अझै सञ्चालनमा आएन

जुम्ला । जुम्लाको सिञ्जा गाउँपालिका-२ मा निर्माणाधीन सिञ्जा सभ्यता खस संग्रहालय अझै सञ्चालनमा आएको छैन । विसं २०७६ असार ६ गते शिलान्यास गरी निर्माण शुरू भएको ६ वर्ष बितिसक्दा समेत काम अझै अधुरै छ । चार हजार वर्गमिटर क्षेत्रफलमा निर्माण भइरहेको सो संग्रहालयका अधुरा संरचना पनि जीर्ण बन्दै गएका छन् । संग्रहालय निर्माण उपभोक्ता समितिका सचिव महेन्द्रराज तिवारीले सिञ्जा सभ्यताको ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक सम्पदा झल्किने तथा पर्यटकका लागि अवलोकन केन्द्रको रूपमा विकास गर्ने उद्देश्यले निर्माण शुरू भएको पनि पूर्णता पाउन नसकेको बताए ।

'संग्रहालयका लागि बनिरहेका संरचनाप्रति म व्यक्तिगत रूपमा सन्तुष्ट छैन । शुरूदेखि नै संग्रहालयका लागि कङ्क्रिट संरचना नबनाऊ भनेको, तर सुनुवाइ भएन । काम शुरू भयो, केही भवनमात्रै बनाउने काम भएको छ, कहिले कामले पूर्णता पाएर सञ्चालनमा आउने हो, टुंगो छैन,' सचिव तिवारीले भने ।

यहाँका विभिन्न स्थानमा १३औं शताब्दीमा निर्माण भएका चारओटा ऐतिहासिक देवल रहेका छन् । तीमध्ये तीनओटा संग्रहालयस्थल भन्दा बाहिर छन् । ती तीनओटै देवललाई काँडेतारले सुरक्षा गरिएका छन् । सोही गाउँमा तीबाहेक विभिन्न स्थानमा आठओटा सम्पदा रहेका सिञ्जा गाउँपालिका-२ का वडाध्यक्ष तीर्थ वडले जानकारी दिए । उनका अनुसार हाल संग्रहालयका लागि निर्माण गरिएका भवन सिमेन्ट, सरिया र जस्ता पाताको प्रयोग गरेर बनाइएका छन् । त्यहाँ साना ठूला गरी तीनओटा कङ्क्रिट भवन छन् ।



सोही स्थानमा रहेको परम्परागत माटोको घर भने जीर्ण बनेर भत्किँदै गएको छ । स्थानीयवासी उमेश बुढाले सिञ्जाको ऐतिहासिक पक्ष र यहाँको मौलिकता संरक्षणका लागि बनाइएको संग्रहालयको बाँकी काम सम्पन्न गरी तत्काल सञ्चालनमा ल्याउनुपर्ने बताए ।

### एक करोड ३४ लाख लगानी

नेपाली खस भाषाको उद्गमस्थल रहेको सिञ्जामा कर्णाली प्रदेश सरकार र भू-तथा जलाधार व्यवस्थापन कार्यालय जुम्लाको सहजीकरणमा संग्रहालय निर्माण हुन थालेको ६ वर्ष भयो । विसं २०७६ मै रू. ५० लाखको लागतमा संग्रहालय निर्माण शुरू गरिएको थियो ।

हालसम्म संघ, प्रदेश र स्थानीय सरकारको रू. एक करोड ३४ लाखभन्दा बढी खर्च भइसकेको छ । यहाँ सिञ्जा गाउँपालिकाले समेत लगानी गरिरहेको छ । शुरूमा संघीय सरकारबाट विनियोजन ५० लाखमध्ये २० लाख विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)मा खर्च भयो । बाँकी रू. ३० लाख पर्खाल निर्माणमा खर्च भएको खस संग्रहालय निर्माण उपभोक्ता समितिका सचिव तिवारीले जानकारी दिए ।

गाउँपालिकाको रू. २५ लाख लगानीमा पुस्तकालय भवन र रू. आठ लाखमा परम्परागत भवन निर्माण शुरू भएको थियो । उक्त भवन दिनप्रतिदिन जीर्ण बन्दै गएको छ । रू. ५१ लाखको लागतमा संग्रहालय भवन निर्माण गरिएको छ । यसमा कर्णाली प्रदेश सरकारको रू. १० लाख र गाउँपालिकाको रू. ४१ लाख खर्च भएको छ ।

### सिञ्जा सभ्यताको संरक्षण र प्रवर्द्धनमा टेपा पुग्ने

विसं १४५५ मा राजा जालन्धरले सिञ्जा राज्य स्थापना गरेको इतिहास छ । राजा जालन्धर शिवभक्त भएकाले शिवको अघिल्लो अक्षर 'शि' र आफ्नो नामको अघिल्लो अक्षर 'जा' जोडेर सिञ्जा नाम रहन गएको इतिहासकारहरूले भन्ने गरेका छन् । यहाँ शिलालेख, ऐतिहासिकस्थल, पाण्डव गुफा, विराटदरबार, कनकासुन्दरी मन्दिरलगायत ढुंगाले कुँदिएका विभिन्न आकृति छन् । तर तिनको संरक्षण हुन सकेको छैन । हाल तिनका भग्नावशेष मात्रै भेटिन्छन् ।

संग्रहालय क्षेत्रमा १२ देखि १५औं शताब्दीको बीचमा निर्माण गरिएका देवल तथा शिलालेख अहिलेसम्म सुरक्षित रहेको सिञ्जा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले जानकारी दिए । उनले आगामी वैशाखसम्म बाँकी काम सम्पन्न गरी संग्रहालय सञ्चालनमा ल्याउने योजना रहेको बताए । *रासस*


## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारे दोस्रो पटकको सार्वजनिक सूचना

**(सूचना प्रकाशित मितिः-२०८१/०८/०६)**

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता, कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५(पैंतीस) दिने सार्वजनिक सूचना आर्थिक अभियान राष्ट्रिय दैनीकमा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित १५(पन्ध्र) दिन भित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**सम्बन्धित कार्यालय : शाखा गरुडा, शाखा पोखरीया, शाखा अमृतगंज र शाखा कलैया**

**धितो लिलाम बिक्री मिति र स्थानः**

| ग्राहक | लिलामी हुने स्थान | लिलाम हुने मिति |
|---|---|---|
| ग्राहक नं १ | शाखा गौर, रौतहट । | २०८१/०८/२५ |
| ग्राहक नं २ र ३ | शाखा विरगंज, पर्सा । | २०८१/०८/२६ |
| ग्राहक नं ४, ५ र ६ | शाखा कलैया, वारा । | २०८१/०८/२७ |

**ग्राहकको विवरण**

**१- फर्मको नामः संसारीमाई स.मिल तथा फर्निचर उधोग** प्रोप्राईटरः बिबेक यादव दर्ता भएको कार्यालयः घरेलु तथा साना उधोग कार्यालय, रौतहट । फर्मको दर्ता नं.: ८८७२/११७०/२२९/६७ दर्ता मिति : २०७७/११/१६ पान नं.: ६१५३४४६०७

**प्रोप्राईटरको विवरणः**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय/मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| बिबेक यादव | गम्हरीया विर्ता ७ रौतहट । | २०७७/३०५६ | जि.प्र.का.,रौतहट/२०७०।१२।२३ | सुरेन्द्र यादव | जितन राय |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय/जिल्ला/मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| बिबेक यादव | गम्हरीया विर्ता ७ रौतहट । | ३२२०७७/३०५६ | जिल्ला प्रशासन कार्यालय, रौतहट/२०७०/१२/२३ | सुरेन्द्र यादव | जितन राय |
| राम राय | गम्हरीया विर्ता ७ रौतहट । | ३२/९३३६ | जिल्ला प्रशासन कार्यालय, रौतहट/२०४५/०२/२८ | जितन राय | मठु राय राय |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| राम राय | रौतहट | गम्हरीयाविर्ता | ८ | १०६३, ६९५, ४२० | ०-३-०-०, ०-७-०-०, ०-२-०-० |

**२- ग्राहकको नामः रजरिस महतो** ना.प्र.नं:- १३८/८८७०१२२ जारी मितिः-२०४४।११।३० जारी भएको कार्यालयः- जिल्ला प्रशासन कार्यालय, पर्सा । बाबुको नाम : लेखु महतो चाई बाजेको नाम : राम ननन महतो चाई

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| श्री रजरिस महतो | पर्सा | श्रीसिया | २ | ५३७ र ५४२ | ०-८-१५, ०-५-१५ |
| | | | ३ | २६९ | ०-१४-० |
| | | | ४ | ३२५ | ०-१२-० |

**३- फर्मको नामः विकास बंगुर पालन** प्रोप्राईटरको नामः जिवन ज्योती पासवान दर्ता भएको कार्यालयः घरेलु तथा साना उधोग कार्यालय, पर्सा । फर्मको दर्ता नं.: ८०३९/०७२/७३ दर्ता मिति : २०७३।०२।०६ पान नं.:६०४१५४९८१

**प्रोप्राईटरको विवरणः**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| जिवन ज्योती पासवान | श्रीसिया ४ पर्सा । | ८८७०१४२२ | जिल्ला प्रशासन कार्यालय, पर्सा । २०५३/०१/११ | रामनाथ हजरा | जगरुप हपरा दुसाध |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय/जिल्ला/मिति | बाबु/ससुरा | पति/बाजे |
|---|---|---|---|---|---|
| जिवन ज्योती पासवान | श्रीसिया ४ पर्सा । | ८८७०१४२२ | जिल्ला प्रशासन कार्यालय, पर्सा । २०५३/०१/११ | रामनाथ हजरा | जगरुप हजरा दुसाध |
| संगीता देवी पासवान | श्रीसिया ४ पर्सा । | ९३१२ | जिल्ला प्रशासन कार्यालय, पर्सा । २०६८/०२/१६ | विश्वनाथ पासवान | जिवन ज्योती पासवान |
| सुगीया देवी दुसाधीन | श्रीसिया ४ पर्सा । | ८८७००४७७ | जिल्ला प्रशासन कार्यालय, पर्सा । २०४४/११/२९ | जगरुप हजरा दुसाध | रामनाथ दुसाध |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| संगीता देवी पासवान | पर्सा | श्रीसिया नौतज | १ | ३३१ | ०-५-१२ |
| सुगीया देवी दुसाधीन | पर्सा | देउरवाना | १ | ६१४ | ०-१८-० |

**४-फर्मको नामः- मकवुल इन्टरप्राइजेज** दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, बारा । फर्मको दर्ता नं.: ४३७४।०७२।७३ दर्ता मितिः २०७३/०२/३० पान नं.: ६०४२०८२५१

**प्रोपाईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको मिति र कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| शेष मकवुल | उचिडिह १ बारा । | ३३१३३५।१५३०४८२८ | २०५८।०१।०४, बारा | शेष जलिल | शेष भोवाली |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| शेष मकवुल | बारा | उचिडिह | १ | ६२२ | ०-७-१५ |

**५- ग्राहकको नामः शशिभुषण प्रियदर्शि** ना.प्र.नं.: ३३८८/२८०० जारी मितिः २०५८।०६।०३ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा । बाबुको नामः प्रेम लाल राय यादव बाजेको नाम : रामपृत राय यादव

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति | ससुरा |
|---|---|---|---|---|---|
| रेनु देवी यादव | इनर्वामाल-१, बारा । | ३३१००३/२००३ | २०६६/११/१२, जिल्ला प्रशासन कार्यालय, बारा । | शशिभुषण प्रियदर्शि | प्रेम लाल राय यादव |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाहा) |
|---|---|---|---|---|---|
| शशिभुषण प्रियदर्शि | बारा | लक्ष्मीपुर कोतवाली | ३ | ५१२ | ०-१४-१० |

**६. फर्मको नामः न्यू यादव गल्ला भण्डार** प्रोप्राईटरः सोनालाल प्रसाद यादव दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, बारा । फर्म/कम्पनिको दर्ता नं.४०४१।०७२।७३ दर्ता मितिः २०७२।११।११ पान नं.६०३९२७४९०

**प्रोप्राईटर/साझेदार/संचालकहरुको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरीकता जारी भएको मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| सोनालाल प्रसाद यादव | महेशपुर २, बारा । | ३३३०७०/२८६ | २०६३।१०।२२/जिल्ला प्रशासन कार्यालय बारा । | जगरनाथ राउत अहिर | पासपत राउत अहिर |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|---|
| ब्यापार कर्जा | सोना देवी | बारा | महेशपुर | १ | ६३९ | ०-१४-१०-० |
| | सोनालाल प्रसाद यादव | बारा | महेशपुर | १ | १९० | ०-४-०-० |

**शर्तहरु**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकीएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा ३ (तीन) जना भन्दा कम ब्यक्ति/संस्थाहरुले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १० (दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तिमा ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिस्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै ब्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय रामशाहपथ, काठमाण्डौं ।**

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
बिहीवार, ६ मङ्सिर २०८१ | Thursday, 21 November 2024
आर्थिक अभियान

# जीडीपीको ४४ प्रतिशत नाघ्यो सार्वजनिक ऋण

**चालू आर्थिक वर्षको कात्तिक मसान्तसम्मको सार्वजनिक ऋणको अवस्था (रू. करोड)**

| ऋण विवरण | शुरू मौज्दात (२०८१ साउन) | कात्तिक मसान्तसम्मको प्राप्ति | कात्तिक मसान्त सम्मको भुक्तानी | विनिमय दर नाफा/नोक्सान | जम्मा तिर्न बाँकी ऋण | जीडीपीको आधारमा सार्वजनिक ऋण प्रतिशत |
|---|---|---|---|---|---|---|
| जम्मा ऋण दायित्व | २४३,४०९.९८ | १६,५७१.८३ | ८,६३१.९१ | -४५६.०० | २५१,८०५.९० | ४४.१४ |
| आन्तरिक ऋण दायित्व | ११८,०९०.१८ | १४,४००.०० | ७,२७४.०० | ०.०० | १२५,२१६.१८ | २१.९५ |
| बाह्य ऋण दायित्व | १२५,३१९.७९ | २,१७१.८३ | १,३५७.९१ | -४५६.०० | १२६,५८९.७२ | २२.१९ |

*स्रोत : सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

**अभियान संवाददाता**

काठमाडौं




नेपालको सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ४४ प्रतिशत नाघेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको तथ्यांकअनुसार चालू आर्थिक वर्ष (आव) २०८१/८२ को पहिलो चौमासिक अवधिमा सरकारको ऋण करीब रू. ८४ अर्ब थपिएको छ । यससँगै कुल सार्वजनिक ऋण रू. २५ खर्ब १८ अर्ब पाँच करोड पुगेको छ । यो जीडीपीको ४४ दशमलव १४ प्रतिशत हो ।

गत आर्थिक वर्षको अन्त्यमा कुल सार्वजनिक ऋण रू. २४ खर्ब ३४ अर्ब नौ करोड रहेकोमा कात्तिक मसान्तसम्ममा रू. ८३ अर्ब ९५ करोडले बढेको छ ।

विदेशी मुद्राको विनिमय दरमा भएको परिवर्तनका कारण गत असोज मसान्तसम्मको तुलनामा कात्तिक मसान्तसम्ममा रू. चार अर्ब ९८ करोड बराबर सार्वजनिक ऋण घटेको प्रतिवेदनमा उल्लेख छ । कार्यालयका अनुसार कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण दायित्व रू. १२ खर्ब ५२ अर्ब १६ करोड १८ लाख र बाह्य ऋण दायित्व रू. १२ खर्ब ६५ अर्ब ८९ करोड ७२ लाख बराबर छ । जीडीपीका आधारमा ऋणको अनुपात आन्तरिक ऋण २१ दशमलव ९५ प्रतिशत र बाह्य ऋण २२ दशमलव १९ प्रतिशत रहेको छ । सरकारले चालू आवका लागि रू. पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ । पहिलो चौमासिक अवधिसम्ममा रू. एक खर्ब ६५ अर्ब ७२ करोड ऋण प्राप्त भइसकेको छ । वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति ३० दशमलव ३० प्रतिशत हो ।

चालू आवका लागि सरकारले रू. तीन खर्ब ३० अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेकोमा वार्षिक लक्ष्यको ४३ दशमलव ६४ प्रतिशत अर्थात् रू. एक खर्ब ४४ अर्ब पहिलो चौमासिक अवधिमा उठाएको छ । त्यस्तै, रू. दुई खर्ब १७ अर्ब बाहृय ऋण उठाउने वार्षिक लक्ष्य रहेकोमा कात्तिक मसान्तसम्ममा १० दशमलव एक प्रतिशत अर्थात् रू. २१ अर्ब ७२ करोड ऋण लिइएको छ ।

चालू आवमा सरकारी ऋणको साँवाब्याज भुक्तानी गर्न सरकारले रू. चार खर्ब दुई अर्ब बराबर बजेट विनियोजन गरेको थियो । कात्तिक मसान्तसम्ममा रू. एक खर्ब आठ अर्ब १४ करोड साँवाब्याज भुक्तानी भइसकेको कार्यालयको प्रतिवेदनमा उल्लेख छ । कुल जीडीपीको आधारमा कात्तिक मसान्तसम्ममा ऋणको साँवाब्याज तिर्न भएको खर्च एक दशमलव ९० प्रतिशत बराबर हो ।



*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**काठमाडौंको हनुमानढोकामा मंगलवार बिहान बजार सकेर क्रेटहरू बोकेर गन्तव्यतर्फ जाँदै मजदूर । युनेस्कोको विश्वसम्पदामा सूचीकृत भएकाले वसन्तपुर दरबार क्षेत्रमा सवारीसाधन निषेधित छ ।**

# अन्तरदेशीय उडानको पर्खाइमा पोखरा विमानस्थल




पोखरा । उद्घाटन भएको दुई वर्षमा केही 'चार्टर' उडान भए पनि पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुन सकेको छैन । २०७९ पुस १७ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले उद्घाटन गरेको यस विमानस्थल अन्तरराष्ट्रिय उडानको पर्खाइमा छ । झण्डै २२ अर्ब रुपैयाँ ऋणमा बनेको यस विमानस्थलबाट अन्तरराष्ट्रिय उडान हुन नसक्दा राज्यले अपेक्षित लाभ लिन सकिएको छैन ।

पोखरामा अन्तरराष्ट्रिय विमानस्थल बनाउने ५० वर्षअघिको योजनाले सार्थकता पाए पनि विमानस्थल पूर्ण रूपमा सञ्चालनमा आउन नसक्दा स्थानीयवासीको गुनासो बढ्दो छ । पर्यटकीय राजधानी समेत रहेको पोखरा अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोडिएर ठूलो संख्यामा विदेशी पर्यटक भित्रने आशामा रहेका पर्यटन व्यवसायी पनि विमानस्थलबाट अन्तरदेशीय उडान नहुँदा निराश बनेका छन् ।

यस विमानस्थल बनेपछि पोखराको पर्यटनमा झण्डै एक खर्ब रुपैयाँ लगानी थपिएको बताइन्छ । नियमित अन्तरराष्ट्रिय उडानका लागि पहल गर्न प्रदेश सरकार, पोखरा महानगरपालिका, पर्यटन व्यवसायीलगायतले संघीय सरकारसमक्ष पटक पटक आग्रह गरे पनि हालसम्म कुनै परिणाम निस्कन सकेको छैन ।

मंगलवार मात्र प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेट गरी गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालसहितको टोलीले सोही आग्रह गरेको थियो । भेटमा प्रधानमन्त्री ओलीले पोखराबाट नियमित अन्तरराष्ट्रिय उडान सञ्चालन गर्न आवश्यक रहेको र सोका लागि पहल गर्ने बताएको मन्त्री बस्यालले जानकारी दिए ।

'प्रदेश सरकारका तर्फबाट प्रधानमन्त्रीज्यू र नागरिक उड्डयन प्राधिकरणका पदाधिकारीसमक्ष अन्तरराष्ट्रिय उडान सञ्चालनका सम्बन्धमा ज्ञापनपत्र बुझाएका छौं,' उनले भने, 'दुवै पक्षबाट पोखरा विमानस्थललाई पूर्ण रूपमा सञ्चालन गर्न आवश्यक पहल र तयारी गर्ने प्रतिबद्धता आएको छ, छिट्टै पोखराबाट नियमित अन्तरराष्ट्रिय उडान हुनेमा हामी आशावादी छौं ।' मन्त्री बस्यालले संघ सरकारले कूटनीतिक पहलमार्फत विभिन्न देशमा अन्तरराष्ट्रिय उडान हुने वातावरण निर्माण गर्नुपर्ने बताए । 'विमानस्थल उद्घाटन भएको पनि दुई वर्ष बित्न लाग्यो, नियमित अन्तरराष्ट्रिय उडान शुरू नहुँदा विभिन्न प्रश्न उब्जेका छन्, नागरिकमा पनि गुनासो बढ्दो छ,' उनले भने, 'ऋणमा बनेको विमानस्थल भएकाले पूर्ण रूपमा सञ्चालनमा नआउँदा राज्यले उल्टो घाटा बेहोरिरहनुपरेको छ, केही प्राविधिक समस्या छन् भने तिनलाई तत्काल समाधान गरेर अन्तरराष्ट्रिय उडानको वातावरण बनाउनुपर्छ ।'

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले विमानस्थल बनाउने ५० वर्षदेखिको पोखरेलीको सपना पूरा भए पनि अन्तरराष्ट्रिय उडान हुन नसक्नु दुःखद भएको बताए । सरकारले शीघ्र कूटनीतिक पहल शुरू गरेर अन्तरदेशीय उडान शुरू गर्नुपर्ने उनको भनाइ छ । अन्तरराष्ट्रिय उडान नहुँदा विमानस्थलबारे अनेक टीकाटिप्पणी हुन थालेको भन्दै उनले विमानस्थल पूर्ण सञ्चालनमा ढिलाइ गर्न नहुने बताए ।

सरकारको नीति अनुसार उचित सहुलियत (प्याकेज) घोषणा गरी पोखराबाट नियमित अन्तरराष्ट्रिय उडान शुरू गर्नुपर्ने पर्यटन व्यवसायीको माग छ । विमानस्थल लक्षित गरेर लगानी गरेका पर्यटन व्यवसायी अन्तरराष्ट्रिय उडान नहुँदा मारमा परेको पर्यटन व्यवसायी एवं पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले बताए ।

'पोखराको पर्यटन क्षेत्रमा करीब ६ खर्बको लगानी रहेको अनुमान छ, अहिले पनि तारे होटल धमाधम बनिरहेका छन्, विमानस्थललाई हेरेर लगानी गरेका होटल व्यवसायी अहिले समस्यामा छन्,' उनले भने, 'सरकारले जतिसक्दो चाँडो पोखराबाट नियमित अन्तरराष्ट्रिय उडान सञ्चालन गरोस् भन्ने हाम्रो माग छ ।'

पोखरा र सिंगो गण्डकी प्रदेशको समृद्धिको आधार मानिएको पोखरा अन्तरराष्ट्रिय विमानस्थललाई पूर्ण रूपमा सञ्चालनमा ल्याउन सके पर्यटकीय राजधानी पोखराले पर्यटनमा ठूलो फड्को मार्ने उनले बताए । विमानस्थल बनेको लामो समयसम्म अन्तरराष्ट्रिय उडानका लागि सरकारले पहल गर्न नसकेको गुनासो उनले गरे । 'विमानस्थल बन्दा उत्साहित बनेका पोखरेलीहरू अहिले निराश छन्,' उनले भने ।

छिमेकी देश चीन र भारतसम्म नियमित उडान सेवा शुरू गर्न सके पनि पोखरामा बर्सेनि ठूलो संख्यामा पर्यटक भित्र्याउन सकिने पर्यटन व्यवसायीको भनाइ छ । व्यवसायीहरूले पोखराबाट अन्तरराष्ट्रिय उडान गर्न आवश्यक नीति, नियममा सहजीकरण गर्नुपर्ने, भारत र चीनका मुख्य शहरमा उडान गर्न राष्ट्रियस्तरका हवाई कम्पनीलाई अनुमति दिनुपर्नेलगायत माग राख्दै आएका छन् । *रासस*

# सहकारी पीडित पुनः आन्दोलित

काठमाडौं (अस) । सरकारले पटक पटक गरेको सम्झौता कार्यान्वयन नगर्दा रकम फिर्ता नपाएको भन्दै सहकारी पीडित बचतकर्ताले पुनः आन्दोलन थालेका छन् । सहकारी बचतकर्ता संरक्षण महासंघको आयोजनामा उनीहरूले काठमाडौंको माइतीघरमा प्रदर्शन गरेका छन् । सहकारी पीडितसँग सरकारले पटक पटक गरेको सम्झौता कार्यान्वयन नगरेपछि आन्दोलनमा शुरू गरिएको महासंघका अध्यक्ष कुशलभ केसीले बताए । 'पटक पटक सम्झौता गरेर हामीलाई झुक्याउने काम मात्र भयो,' उनले भने, 'अब हाम्रा माग पूरा नभएसम्म आन्दोलन रोकिँदैन ।'

सहकारीबाट बचत फिर्ता नपाएको भन्दै तीन सयभन्दा बढी संस्थाका बचतकर्ता महासंघमा संगठित भई गतवर्षदेखि आन्दोलन शुरू गरेका थिए । सडक आन्दोलनमा रहेको बचतकर्तासँग शुरूमा तत्कालीन भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारणमन्त्री रञ्जिता श्रेष्ठले २०८० साउन १८ गते सहकारी पीडितसँग सातबुँदे सहमति गरेकी थिइन् ।

त्यसपछि सहकारीमन्त्री बलराम अधिकारीले २०८० चैतमा ७ बुँदे र २०८१ भदौमा ८ सहकारी पीडितसँग आठबुँदे सम्झौता गरेका थिए । पछिल्लो सम्झौता भएको तीन महीनासम्म पनि कार्यान्वयन नभएपछि पीडितहरू आन्दोलित भएका हुन् ।

आन्दोलनरत बचतकर्ताको माग सम्बोधन गर्न सरकारले चालू आर्थिक वर्ष (२०८१/८२) को बजेटमा समस्याग्रस्त सहकारीका सञ्चालक र एकाघरका परिवारको नाममा रहेको सम्पत्ति धितो सुरक्षणमा ५ लाखसम्म बचतकर्ता सदस्यको बचत फिर्ता गर्ने व्यवस्था मिलाइने घोषणा गरेको थियो । तर, हालसम्म उक्त घोषणा कार्यान्वयनका लागि कुनै प्रक्रिया अघि बढाउन सकेको छैन ।

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिले पनि आफ्नो प्रतिवेदनमा पनि बचत फिर्ता हुने अवस्था नरहेको औंल्याएको छ । समितिले समस्याग्रस्त घोषित २२ ओटा सहकारी र सार्वजनिक रूपमा प्रश्न उठेका गरी ४० ओटा सहकारीको वित्तीय विश्लेषण गरेको थियो । ती संस्थामा ८७ अर्ब ८२ करोड रुपैयाँ दायित्व रहे पनि ऋण लगानीसहित सम्पत्ति ८२ अर्ब ३२ करोड मात्र भेटिएको छ । संस्थाहरूको ऋण, ब्याज, अन्यत्र गरिएको लगानी र गैर बैंकिङ सम्पत्तिको उठ्ने आधार कमजोर रहेको समितिले प्रतिवेदनमा उल्लेख गरेको छ ।

संघीय सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीमा सर्वसाधारणले दाबी गरेको रकम ५० अर्ब रुपैयाँ हाराहारीमा छ । औपचारिक-अनौपचारिक तथ्यांक संकलन गर्दा देशभर ५ सयभन्दा बढी सहकारी संस्था बचत फिर्ता गर्न नसक्ने गरी समस्यामा परेका छन् । ती सहकारीले सर्वसाधारणको २ खर्ब रुपैयाँभन्दा बढी बचत फिर्ता गर्नुपर्छ । सरकारले भने सहकारीको समस्या समाधान गर्न कानूनी कारबाही र सुधारका अन्य काम सँगै अघि बढिरहेको दाबी गर्दै आएको छ ।

### खाद्य स्वच्छतामा वीरगञ्जका तीन होटल 'अति उत्तम'

# १० होटलको स्तर निर्धारण

वीरगञ्ज (अस) । खाद्य स्वच्छताका आधारमा वीरगञ्जका सरोवर, लर्ड्स दियालो र भिसुवा होटलले 'अति उत्तम' स्तर पाएका छन् । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जनकपुरले बुधवार वीरगञ्जका १० ओटा होटलको स्थलगत अनुगमन गरी स्तर निर्धारण गरेको हो ।

कार्यालयले अनुगमन गरेका होटलहरूको भान्साको सरसफाइ, खाद्य पदार्थको भण्डारण गर्ने विधि, कोल्डचेन प्रविधि लगायतको अनुगमन गरी स्तर निर्धारण गरेको होटल तथा पर्यटन व्यवसायी संघ, वीरगञ्जका अध्यक्ष हरि पन्तले जानकारी दिए ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुर र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वीरगञ्जले स्थानीय पालिका, होटल व्यवसायी, प्रहरी प्रशासन समेतको सहभागितामा अनुगमन गरेको हो ।

अनुगमनको क्रममा होटलहरूको भान्सा, भण्डारण गरिएको खाद्यवस्तुको गुणस्तर परीक्षण गरिएको वीरगञ्जका खाद्य अनुसन्धान अधिकृत सुरेशकुमार सिंहले जानकारी दिएका छन् । अति उत्तम पाइएका होटललाई खाद्य स्वच्छतामा 'थ्री स्टार' संकेतसहितको लोगो प्रदान गरिएको छ ।

**अनुगमन गरिएका होटलहरूको भान्साको सरसफाइ, खाद्य पदार्थको भण्डारण गर्ने विधि, कोल्डचेन प्रविधि लगायतको अनुगमन गरी स्तर निर्धारण गरिएको होटल तथा पर्यटन व्यवसायी संघ, वीरगञ्जका अध्यक्ष हरि पन्तले जानकारी दिए ।**

होटल पूजन, मकालु र अनमोल स्वीटले 'उत्तम' सूचीमा परी 'टु स्टार'को लोगो पाएका छन् । त्यस्तै 'वन स्टार' पाउनेमा होटल कन्ट्री इन, कैलाश र मेजवानी रहेका छन् ।

डिलाइट गो रेस्टुरेन्टलाई खाद्य स्वच्छतामा सुधारको निर्देशन दिइएको पन्तले बताए । अनुगमनका क्रममा होटल सञ्चालकहरूलाई खाद्य स्वच्छता प्रतिबद्धतामा हस्ताक्षरसमेत गराइएको थियो ।

## काठमाडौंमा कला प्रदर्शनी

काठमाडौं । काठमाडौंको नक्सालमा सात देशका कलाकारले सृजना गरेका कलाको प्रदर्शनी शुरू भएको छ । नेपाल ललितकला प्रज्ञाप्रतिष्ठान र सोसाइटी फर प्रवल प्रमानिक्स एकेडेमी अफ आर्ट्स, भारतको संयुक्त आयोजनामाँ 'अन्तरराष्ट्रिय कला प्रदर्शनी तथा कार्यशाला' शुरू भएको हो । कार्यक्रमको बुधवार प्रतिनिधिसभा सदस्य रघुजी पन्त र प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीलगायत अन्तरराष्ट्रिय कलाकारले संयुक्त रूपमा उद्घाटन गरे । प्रतिनिधिसभा सदस्य पन्तले यस्ता कार्यक्रममार्फत कला, संस्कृतिको आदानप्रदान हुने विचार व्यक्त गरे । उद्घाटन समारोहमा नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका कुलपति हार्तम्छालीले कार्यक्रमले सातओटा देशका कलाकारसँग साक्षात्कार गर्ने अवसर दिने बताए । *रासस*

## सुरक्षित अन्न भण्डारण गरौं !

- भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,
- अन्नलाई सफा, सुख्खा, कम आद्रता भएको ठाउँमा राखौं,
- भकारी वा अन्न राखेको भाडोलाई भुईमा नराखौं, काठ वा फ्ल्याकमाथि राखौं,
- स्टिल वा टिनका भाडाँमा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौं,
- भण्डारण गर्ने कोठामा हावाको राम्रो बन्दोबस्त मिलाऔं,
- अन्न भण्डारको समय-समयमा निगरानी गरौं,
- अन् भण्डारमा लाग्ने घुन, किराहरुको ब्यवस्थापनका लागि रासायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## तथ्यांकोवाच

### राष्ट्रिय उपभोक्ता मूल्य सूचकांक (चार आर्थिक वर्षको मासिक)

| महीना | आर्थिक वर्ष २०७८/७९ | | आर्थिक वर्ष २०७९/८० | | आर्थिक वर्ष २०८०/८१ | | आर्थिक वर्ष २०८१/८२ | |
|---|---|---|---|---|---|---|---|---|
| | सूचकांक | फरक प्रतिशत | सूचकांक | फरक प्रतिशत | सूचकांक | फरक प्रतिशत | सूचकांक | फरक प्रतिशत |
| साउन | ८५.१८ | ४.३५ | ९२.२२ | ८.२६ | ९९.१६ | ७.५२ | १०३.२२ | ४.०९ |
| भदौ | ८५.०३ | ३.४९ | ९२.३८ | ८.६४ | ९९.९४ | ८.१९ | १०३.८० | ३.८६ |
| असोज | ८५.६७ | ४.२४ | ९२.९५ | ८.५० | ९९.९१ | ७.५० | १०४.७३ | ४.८२ |
| कात्तिक | ८७.४७ | ६.०४ | ९४.५४ | ८.०८ | ९९.६३ | ५.३८ | | |
| मङ्सिर | ८७.६८ | ७.११ | ९४.१५ | ७.३८ | ९८.८१ | ४.९५ | | |
| पुस | ८७.२० | ५.६५ | ९३.५४ | ७.२६ | ९८.४५ | ५.२६ | | |
| माघ | ८७.४२ | ६.२४ | ९४.३१ | ७.८८ | ९९.०४ | ५.०१ | | |
| फागुन | ८८.३५ | ७.१४ | ९४.९२ | ७.४४ | ९९.५० | ४.८२ | | |
| चैत | ८८.८७ | ७.२८ | ९५.७७ | ७.७६ | १००.१९ | ४.६१ | | |
| वैशाख | ९०.४० | ७.८७ | ९७.१० | ७.४१ | १०१.३७ | ४.४० | | |
| जेठ | ९१.३९ | ८.५६ | ९७.६३ | ६.८३ | १०१.७० | ४.१७ | | |
| असार | ९१.९४ | ८.०८ | ९८.७७ | ७.४४ | १०२.३० | ३.५७ | | |
| औसत | ८८.०५ | ६.३२ | ९४.८६ | ७.७४ | १००.०० | ५.४४ | १०३.९२ | ४.२६ |

*स्रोत : नेपाल राष्ट्र बैंक*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित    प्रधान सम्पादक : मदन लम्साल    सम्पादकीय निर्देशक : केशव गौतम    कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ    पाञ्चायनमार्ग, थापाथली, काठमाडौं    पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७    इमेल : editorial@abhiyan.com.np    मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर